# हिंसाको तापमा तराई

एसिया रिपोर्ट नं. १३६ — ९ जुलाई २००७

International Crisis Group

WORKING TO PREVENT
CONFLICT WORLDWIDE

# सम्पादकीय टिप्पणी

यो इन्टरन्यासनल क्राइसिस ग्रुपद्वारा प्रकाशित रिपोर्टको नेपाली अनुवाद हो। यसको आधिकारिक संस्करण अङ्ग्रेजीमा प्रकाशित छ। क्राइसिस ग्रुपका नेपालसम्बन्धी सबै रिपोर्टहरू वेबसाइट (www.crisisgroup.org) बाट डाउनलोड गर्न सकिन्छ। नयाँ रिपोर्टका प्रकाशित प्रति प्राप्त गर्न निम्न ठेगानामा सम्पर्क राख्नुहोला :

इन्टरन्यासनल क्राइसिस ग्रुप
प्रशान्ति कोलोनी, सानेपा, ललितपुर
फोन: ५५४८३२८, फ्याक्सः ५५४८९५८
nepal@crisisgroup.org

# विषयसूची


सारसङ्क्षेप र सुझाउ .......... i

१. परिचय .......... १

२. मधेस तथा मधेसी : मुख्य सवालहरू .......... २

३. राजनीति र राजनीतिकर्मीहरू .......... ६
- क) तराईको राजनीति .......... ६
- ख) पार्टीहरू .......... ७
- ग) सशस्त्र साना समूहहरू .......... १०

४. मधेसी आन्दोलन .......... १३
- क) मधेसमा हिंसा .......... १३
- ख) प्रतिक्रिया .......... १५

५. वर्तमान परिदृश्य .......... १७
- क) यथार्थ चित्र .......... १७
- ख) संस्थापन: हल्लियो तर डगमगाएन .......... १८
  - १. नेका तथा एमाले .......... १८
  - २. नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) .......... १९
  - ३. माओवादी .......... २०
- ग) लक्ष्यहीन विद्रोह .......... २१
  - १. मधेसी जनअधिकार फोरम र अन्य मधेसी नेतृत्व .......... २१
  - २. जनतान्त्रिक तराई मुक्ति मोर्चा .......... २३

६. अन्तर्राष्ट्रिय आयाम .......... २४
- क) सीमावारिपारिको सम्बन्ध .......... २४
- ख) भारतीय स्वार्थ .......... २७
  - १. केन्द्रीय सरकार .......... २७
  - २. प्रान्तीय सरकारहरू .......... २८
  - ३. पार्टी दृष्टिकोण .......... २९
  - ४. हिन्दू आयाम .......... ३०
- ग) अन्य अन्तर्राष्ट्रिय पक्ष .......... ३१

७. सम्भावना .......... ३३
- क) साम्प्रदायिक खतरा ... तर वार्ताका लागि प्रेरणा .......... ३३
- ख) एजेन्डा .......... ३४
- ग) काठमाडौंको सोचाइ परिवर्तन .......... ३६

८. निष्कर्ष .......... ३७

अनुसूचीहरू
- क) नेपालको नक्सा .......... ३८
- ख) सङ्क्षेपीकृत नामहरू .......... ३९
- ग) मधेसका मुख्य घटनाहरू .......... ४०
- घ) इन्टरन्यासनल क्राइसिस ग्रुपको परिचय .......... ४३
- ङ) इन्टरन्यासनल क्राइसिस ग्रुपले सन् २००४ देखि तयार पारेका एसियासम्बन्धी प्रतिवेदन र जानकारीहरू .......... ४४
- च) इन्टरन्यासनल क्राइसिस ग्रुपका कार्यकारी बोर्डका सदस्यहरू .......... ४६

International Crisis Group
WORKING TO PREVENT CONFLICT WORLDWIDE

एसिया रिपोर्ट नं. १३६ ९ जुलाई २००७

# हिंसाको तापमा तराई

## सारसङ्क्षेप र सुझाउ

तराईको मैदानमा भएको अशान्तिले नेपालको शान्ति प्रक्रियाका कमजोरीहरूलाई उदाङ्गो पारेको छ। यसले आगामी मङ्सिरमा हुने भनिएको संविधानसभाको निर्वाचनलाई रोक्न सक्तछ र तराई समस्याको समाधान राम्रोसँग नगरिएमा यसले नयाँ खाले द्वन्द्व पनि सुरु गराउन सक्छ। मधेसी भनिने तराईका बासिन्दाले देशको जनसङ्ख्याको करिब एकतिहाइ हिस्सा ओगट्दछन्। सार्वजनिक जीवनबाट भेदभाव गरी आफूलाई अलग पारेकोमा उनीहरूले हिंसात्मक किसिमले विरोध जनाएका छन्। हसौंसम्मको विरोध प्रदर्शन र हालसालै भएका राजनीतिक विरोधीहरूबीचको झगडाले तीसौं जना मारिएका छन्। सरकारले चुनावमा प्रतिनिधित्व बढाउने, सीमान्तीकृत समूहहरूलाई अघि बढाउने आरक्षण जस्ता कार्यक्रम ल्याउने र सङ्घीयतालाई सकार्ने प्रतिबद्धता जनाएको छ। तर वार्ताका निष्कर्षहरूलाई लागू गर्नेबारे सरकारको चाल कछुवा गतिको छ। धेरै पहिल्यैदेखि तनाव चर्किरहेको थियो तर राजनीतिक उच्चवर्ग र अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले त्यसको उपेक्षा गरिरहेका थिए। विरोधमा जुन मात्राको प्रबलता देखियो त्यसबाट आन्दोलनका नेताहरूसमेत स्तम्भित भए। राष्ट्रिय राजनीतिक प्रक्रियालाई बलियो, समावेशी तथा उत्तरदायीपूर्ण बनाएर मात्र समस्याको समाधान गर्न सकिन्छ। त्यस्तो प्रक्रियाको सुरुआत यसै वर्षको अन्त्यतिर स्वतन्त्र र निष्पक्ष संविधानसभाको चुनाव गरेर हुन सक्छ।

तराईको मैदान नेपालको पूरै दक्षिणी सिमानासँगसँगै तन्किएको छ र यहाँ गैरमधेसी (आदिवासी जनजाति समूहहरू र पहाडबाट हालसालै बसाइँ सरेकाहरू) सहित देशको कुल जनसङ्ख्याको आधा भागको बसोबास रहेको छ। तुलनात्मक रूपमा राम्रो पूर्वाधार, कृषि, औद्योगिक विकास तथा खुला सिमानापारि भारतसम्मको पहुँचले गर्दा मुलुकको अर्थतन्त्रमा तराईको महत्त्वपूर्ण स्थान रहेको छ। यो इलाका राजनीतिक दृष्टिले पनि उत्तिकै महत्त्वपूर्ण छ। तराईको इलाका मूलधारका पार्टीहरूको परम्परागत आधार रहँदै आएको छ र कठिन, दुर्गम पहाडी र पर्वतीय जिल्लाहरूबीचको एकमात्र सम्पर्क मार्ग तराई नै हो।

मधेसी आन्दोलनका नेताहरूका सामुन्ने कठिन चुनौती छन्। तिनले जनसमर्थनलाई परिचालन गरेका छन् तर यसो गरेर उनीहरूले शक्तिशाली कित्ताहरूलाई चिढ्याउन पुगेका छन्। उनीहरूले अब सम्झौता वा सामना के गर्ने हो त्यसको निर्णय गर्नुपर्ने भएको छ। मधेसी जनअधिकार फोरम एउटा शक्तिशाली छाता सङ्गठनका रूपमा देखा परेको छ। तर यससित सङ्गठनात्मक आधार र स्पष्ट उद्देश्यको कमी छ। फोरम निर्वाचनमा भिड्नेवाला छ। स्थापित पार्टीहरूलाई चुनौती दिने हो भने यसले सबैभन्दा पहिला उही भोट पाउन प्रयास गर्ने प्रतिद्वन्द्वी मधेसी राजनीतिज्ञहरूसँगै भिड्नुपर्ने हुन्छ। यता आएर मधेसी सशस्त्र समूहहरू पनि बढेका छन् र उनीहरूको सङ्ख्यात्मक शक्तिमा पनि वृद्धि भएको छ। त्यस्ता समूहहरूको रणनीति र व्यवहारले पनि राजनीतिक प्रक्रियामा प्रभाव पार्न सक्नेछ।

तराईबासीहरू झन्झन् भिडन्तको मनस्थितिमा देखिंदैछन्। सरकारप्रति धेरैजसो मधेसीहरूको विश्वास टुटेको छ। धेरैले अझै अरू हिंसा बढ्नेछ भनी ठानेका छन्। समाधान हुन नसकेका समस्या र माओवादी विद्रोहको धङ्धडी (विशेषगरी मेलमिलापको कमी तथा हिंसा झेल्न सक्ने सहिष्णुता) दुवैको एउटा विस्फोटक मिश्रण त्यहाँ बनेको छ। यस अशान्तिबाट कट्टर राजावादीहरू तथा हिन्दू अतिवादीहरू (सिमापारिका केही अतिवादीहरूसमेत) लाई आशाको सानो किरण मिलेको छ। उनीहरूले यसलाई शान्ति प्रक्रिया बिथोल्ने मौकाको रूपमा लिएका छन्।

मूलधारका पार्टीहरूले आफ्नो बोलीमा परिवर्तन ल्याएका छन्। तैपनि बढी समावेशी व्यवस्था बनाउनेतर्फ तिनको द्विविधा कायमै छ। तराईमा भएका हडतालहरूका कारण काठमाडौं असजिलोमा अवश्य परेको छ, तर काठमाडौंलाई तुरुन्तै आफ्नो माग पूरा गराउन बाध्य पार्ने गरी होइन। मूलधारका पार्टीहरू, खासगरी नेपाली काङ्ग्रेस, तराईको आफ्नो निर्वाचन आधारप्रति आश्रित छ, तर अहिलेको स्थितिसँग कसरी जुध्ने त्यसबारे पक्का छैन। उनीहरूले मधेसी समूहहरूको उग्रवादसँग प्रतिस्पर्धा गर्न नसकेको

मात्र होइन नागरिकतासम्बन्धी कानुनमा ल्याइएका सुधार जस्ता आफ्ना सकारात्मक कदमहरूलाई पनि राम्ररी सञ्चारित गर्न सकिरहेका छैनन्। गठबन्धन सरकारभित्रको तानातानीबाट आँटिला कदम चाल्नमा बाधा पुगिरहेको छ। माओवादीहरूका निम्ति तराईमा भड्किएको हिंसा उनीहरूलाई बिउँझाउने घन्टी हो। त्यस हिंसाको तारो मुख्य रूपमा उनीहरूका कार्यकर्ता बनेका थिए र त्यसबाट माओवादीको जुन प्रभुत्व त्यहाँ छ भन्ने ठानिएको थियो त्यो झूटो साबित भयो। तथापि उनीहरू पूर्ण सङ्गठित, राजनीतिक रूपमा सुस्पष्ट र आफूलाई बलियो बनाउन दृढ सङ्कल्पित छन्।

गम्भीर वार्तामा संलग्न रहनु एउटा संवेदनशील प्रक्रिया हो। किनभने कुनै पनि पार्टी आफ्नो इज्जत गुमाउन चाहँदैन। मुख्य मुद्दाहरू स्पष्ट छन् र व्यावहारिक सम्झौताको ठाउँ अझै बाँकी छ।

- समुचित प्रतिनिधित्व : मधेसीहरूलाई संविधानसभामा समुचित ठाउँ दिने खालको निर्वाचन प्रणालीलाई सुनिश्चित गर्नुपर्ने मुद्दा अतिशय महत्त्वको छ।
- सङ्घीयता र स्वायत्तता : सङ्घीयताप्रतिको सरकारी वचनबद्धता व्यवहारमा अनुवाद हुन अझै बाँकी छ। संविधानसभाको कामलाई अघिबाटै ओझेल नपारीकन गम्भीर मनसाय जनाउने कदमहरू चालिनुपर्दछ, जस्तै; एउटा प्राविधिक अनुसन्धान आयोगको गठन गर्न सकिन्छ जसले भविष्यमा हुने बहसहरूका निम्ति ज्ञानको आधार विकसित गर्न सक्छ।
- विश्वासको पुनर्निर्माण : असल शासन, स्थानीय समुदायको सहमतिमा आधारित जनसुरक्षा र सेवासुविधा बढाएमा मात्रै केन्द्रीय र स्थानीय सरकारप्रति विश्वास जाग्दछ।
- आन्दोलनलाई कठोरतापूर्वक दमन गरेबापतको क्षतिपूर्ति : क्षतिपूर्ति, मृत आन्दोलनकारीको सम्मान, जाँचबुझ आयोगले गरेको कामको अनुगमनको माग पूरा गरिनुपर्दछ।
- आरक्षण जस्ता अन्य उपायको सुरुआत : पार्टी तथा राजकीय निकायहरूमा मधेसी प्रतिनिधित्व बढाउने केही तात्कालिक कदमहरूले असमानतालाई हटाउने दीर्घकालीन उपायका निम्ति बाटो पहिल्याउन सक्छन्।

तराईलाई ठाउँमा ल्याउनुको अर्थ, काठमाडौंका समस्याहरूलाई पहिला ठेगानमा ल्याउनु हो र मधेसीहरू मात्र होइन अन्य उपेक्षित समूहहरूको समस्यालाई सुल्झाउनु हो। गुनासाहरू सुनी तिनको समाधान सबै पार्टी मिलेर वैधानिक तथा निर्वाचित संविधानसभा मार्फत खोज्नु नै एकमात्र दीर्घकालीन उपाय हो। यसका निम्ति दृष्टिकोणमा परिवर्तन ल्याउनु र राजनीतिक सन्तुलन कायम गर्नु आवश्यकता छ : सरकारले मधेसीहरूको विश्वास जित्नलाई केही कुराहरू तत्कालै गर्नुपर्छ, तर संविधानसभाको निर्वाचनअगाडि मुख्य मुद्दाहरू किनारा लगाउने काम भएमा त्यसबाट संवैधानिक प्रक्रियामा बाधा पर्न सक्छ। अस्थिरता अवश्य छ, तर पनि चुनाव हुन सक्छ र हुनैपर्छ। राजकीय पहिचान र निकायहरूको पुनर्निर्माण गरेर सबै नेपालीलाई राष्ट्रकै अङ्ग हौं भन्ने अनुभूति दिलाउने कार्य एउटा लामो समय लाग्ने जिम्मेवारी हो जसले संविधानसभा र त्यसपछिका लागि पनि चुनौती दिइरहन्छ।

## सुझाउहरू

### नेपाल सरकारलाई :

१. उपेक्षित सबै समूह (आन्दोलन गरेर ध्यानाकर्षण गर्नेहरू मात्र होइन) ले राखेको राजनीतिक सहभागिताको विवेकसम्मत मागलाई सम्बोधन गर्नु। यसका लागि :

(क) आन्दोलनकारी नेताहरूसँग मात्र नभई सम्बन्धित सांसदहरू, स्थानीय समुदाय र नागरिक समाजका प्रतिनिधिहरूसँग समेत छलफल गरी उचित गुनासाहरूलाई सुल्झाउने।

(ख) सशस्त्र समूहहरूलाई शान्तिपूर्ण वार्तामा ल्याउन वार्ताका लागि पहल भित्रभित्रै गर्ने र उनीहरूले राजनीतिक प्रक्रियामा आउनुपर्छ भन्ने कुरामा पनि जोड दिने।

(ग) मधेसी आन्दोलनको प्रतिक्रियास्वरूप खडा भएका सशस्त्र समूहहरू र अन्य सङ्गठनहरूलाई नियन्त्रण गर्न, उनीहरूलाई सम्झौतामा ल्याउन र तराईका मुद्दाहरूलाई साम्प्रदायीकरण हुनबाट रोक्न उपलब्ध सबै उपायहरू उपयोग गर्ने।

२. सबै नागरिकका निम्ति समान अधिकारका आधारमा छुटहरू दिने तत्परता देखाउनु। यसका लागि :

(क) मधेसी र अन्य पिछडिएका समूहहरूको प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचन प्रणालीको पुनरावलोकन गर्ने र मिश्रित चुनाव प्रणाली अवलम्बन गरेका खण्डमा निर्वाचन क्षेत्रको सिमाना पुनःनिर्धारण गर्ने।

(ख) सरकारको दृष्टिकोणलाई स्पष्ट रूपमा बताउने र नागरिकका विचार बुझ्ने तथा तिनका सरोकारप्रति सरकारले ध्यान दिनेछ भन्ने कुरा बुझाउन सञ्चार सम्बन्धमा सुधार ल्याउने।

(ग) प्रतिनिधित्वमा सुधार गर्न र संविधानसभालाई अर्थपूर्ण समावेशी प्रक्रिया बनाउन सरकारले के गऱ्यो र के गर्दैछ भनेर बताउन एक्लाएक्लै नभई आठ पार्टीका वरिष्ठ नेताहरूलाई एकसाथ तराईमा पठाउने।

(घ) सरकारी सेवामा मधेसी उपस्थितिलाई प्रोत्साहित गर्न तत्कालै केही सुधारात्मक कार्यहरू गर्ने।

(ङ) सङ्घीयताका विकल्पहरू, त्यसका प्रभावहरू र त्यसलाई लागू गर्ने उपायहरूबारे छलफल सुरु गर्ने।

(च) आन्दोलनमा मारिएका मधेसीहरूको सम्मान गर्ने, मारिएका र घाइतेहरूका परिवारलाई क्षतिपूर्ति दिने, आन्दोलनप्रति सरकारको व्यवहारको जाँचबुझ गर्न बनेको आयोगलाई सघाउने र आयोगले गरेका सिफारिसहरूको बेवास्ता हुँदैन भनेर ग्यारेन्टी गर्ने।

३. संविधानसभाको चुनावप्रति दह्रो प्रतिबद्धता प्रदर्शन गर्नु। यसका लागि :

(क) धाँधली होला भन्ने मधेसीहरूको आशङ्कालाई हटाउने गरी आफ्नो समय-सीमाभित्र निर्वाचन क्षेत्र निर्धारण आयोगले संशोधित प्रस्ताव पेस गर्ने कुरालाई सुनिश्चित गर्दै एक स्वीकार्य निर्वाचन प्रणालीप्रति तुरुन्तै सहमत हुने।

(ख) चुनावको व्यावहारिक समय-तालिका घोषणा गर्ने।

(ग) सबै राजनीतिक क्षेत्र र समुदायहरूको समर्थनसहित चुनावसित सम्बन्धित सुरक्षा योजनाको विकास गर्ने, र

(घ) अरू मुद्दाहरूलाई सम्बोधन गर्न अन्तरिम संविधानमा थप संशोधन गरिनेछैन र तिनको समाधान गर्ने वैधानिक मञ्च संविधानसभा नै हो भन्ने कुरामा जोड दिने।

४. शान्ति सुरक्षालाई कायम गर्नु र स्थानीय प्रशासन तथा सुरक्षा निकायप्रति विश्वास जगाउनु। यसका लागि :

(क) प्रमुख जिल्ला अधिकारीहरू र मधेसी राजनीतिक कार्यकर्ता एवं बुद्धिजीवीबीच बैठकहरू गरी सामुदायिक सम्बन्धहरूमा सुधार ल्याउने, जनगुनासोप्रति ध्यान दिन र तिनलाई सुल्झाउन बैठकहरू गर्ने तथा स्थानीय सरकारी कार्यालयहरूमा यथेष्ट कर्मचारीहरू राख्ने, उनीहरूलाई कर्तव्यनिष्ठ बनाउने र जनताको पहुँचभित्र राख्ने।

(ख) नागरिक र सामुदायिक प्रहरी सेवालाई बढी जोड दिने गरी सशस्त्र प्रहरीलाई सन्तुलित हिसाबले खटाउने।

(ग) सुरक्षा सेवामा भएका जातीय र क्षेत्रीय असन्तुलनलाई भर्ती, तालिम तथा पदोन्नतिमार्फत सकारात्मक पहलबाट हटाउन बहस सुरु गर्ने, र

(घ) दमनका निम्ति जिम्मेवार जिल्ला प्रशासक र प्रहरी प्रमुखहरूको स्थानान्तरण गर्ने तथा संवेदनशील जिल्लामा बढी मधेसी अधिकारीहरूलाई नियुक्त गर्ने।

**मधेसी राजनीतिक नेता र जनमत निर्माताहरूलाई :**

५. संविधानसभाको संरचनाभित्र पर्ने गरी निष्पक्ष चुनावी प्रतिनिधित्व तथा समावेशीकरणका निम्ति लगातार जोड दिइरहनु। यसका लागि :

(क) हिंसालाई इन्कार गर्ने, तराईका जनताको आर्थिक र सामाजिक जीवनमा प्रतिकूल असर नपर्ने खालका विरोध कार्यक्रमहरू बनाउने तथा सशस्त्र समूहहरूलाई राजनीतिक प्रक्रियामा ल्याउने।

(ख) संविधानसभाको चुनावमा भाग लिने।

(ग) सरकारले निष्पक्षता देखाउने प्रण गरेमा नयाँ निर्वाचन प्रणालीप्रति लचिलोपन देखाउने, र

(घ) जाँचबुझ आयोगलाई सहयोग गर्ने तथा कानुनी उपायद्वारा गुनासाहरूको सम्बोधन गर्न प्रयास गर्ने।

६. क्षेत्रीय स्तरमा असमावेशी मोडेल दोहोरिन नदिने र साम्प्रदायिक तनाव घटाउने काम गर्नु। यसका लागि :

(क) आन्दोलन गर्दा र वार्ताका लागि प्रतिनिधिमण्डल बनाउँदा महिलाहरूका आवाजलाई ठाउँ दिने।

(ख) मुसलमान, तराईका जनजाति समुदाय र दलितलगायत सबै हिन्दू जात समूहको प्रतिनिधित्व सुनिश्चित गर्ने।

(ग) केही समुदायहरूलाई स्वीकार्य नभएमा एकात्मक मधेसी पहिचानप्रति जोड नदिने।

**राष्ट्रिय राजनीतिक पार्टीहरूलाई :**

७. पार्टीभित्र र बाहिरका उपेक्षित समुदायहरूसँग सरसल्लाह गर्ने र सङ्घीयता तथा सकारात्मक कदम जस्ता विषयमा नीति-निर्माणबारे उनीहरूको विचार बुझ्ने।

८. सम्भव भएका ठाउँमा आठ पार्टीसँग सहमति बनाउने तथा संसदको प्रतिपक्षमा रहेका तर सरकारमा सामेल नभएका पार्टीहरूलाई पनि त्यसमा समावेश गर्ने।

९. पार्टीभित्र सीमान्तीकृत समुदायहरूको सहभागिता बारेको बृहत् शान्ति सम्झौता र प्रतिबद्धतालाई लागू गर्ने, पार्टी नेतृत्वलाई बढी प्रतिनिधित्वमूलक बनाउने उपायहरूको खोजी गर्ने एवम् मधेसी तथा पार्टीभित्रका अन्य कार्यकर्ताहरूका सरोकारबारे बढी ध्यान दिने।

**नेपालका निम्ति संयुक्त राष्ट्रसङ्घीय आयोग (अनमिन) :**

१०. सुधारिएको चुनाव प्रणालीको विकास सम्बन्धमा अन्तरपार्टी छलफलका लागि प्राविधिक सहयोग जुटाउने।

**अन्तर्राष्ट्रिय समुदायलाई :**

११. शान्ति प्रक्रियाप्रति समर्थन कायम राख्ने, शान्ति सम्झौताहरूमा अन्तर्निहित सिद्धान्तको परिपालनामा जोड दिने, बृहत् शान्ति सम्झौता र अन्तरिम संविधानलाई पूर्णरूपमा लागू गर्न आग्रह गर्ने।

१२. सकारात्मक राजनीतिक दबाब र व्यावहारिक सहयोग दुवैका माध्यमबाट चुनावका निम्ति गतिशीलता बनाइराख्ने, चुनावको व्यावहारिक समय-तालिकाको घोषणालाई स्वागत गर्ने र त्यस प्रक्रियाका निम्ति बलियो जनसमर्थन बनाइराख्ने।

१३. शान्ति सम्झौताको ढाँचाभित्र रहेर त्यसका सिद्धान्तहरूअनुरूप मधेसी र अन्य समुदायहरूको माग पूरा गर्ने कुरालाई समर्थन गर्ने।

१४. विकास तथा शान्ति प्रक्रिया निम्ति अनुदान दिने दाताहरूले मधेसी नागरिक समाजको क्षमता वृद्धि गर्न र सबै सीमान्तीकृत समुदायहरूलाई प्रभाव पार्ने विषयहरूमा गम्भीर तथा स्वतन्त्र प्राज्ञिक अनुसन्धानलाई सघाउन थप मद्दत उपलब्ध गराउने।

**काठमाडौं/ब्रसेल्स, ९ जुलाई २००७**

एसिया रिपोर्ट नं. १३६ ९ जुलाई २००७

# हिंसाको तापमा तराई

## १. परिचय

विगत लामो समयदेखि उपेक्षित रहँदै आएको दक्षिणी सीमाक्षेत्रको तराई अहिले नेपाली राजनीतिक मञ्चको केन्द्रभागमा देखिएको छ।[१] राजनीतिक प्रतिनिधित्वका लागि तराईका जनताले उठाएका मागहरूबाट शान्ति सम्झौता र संवैधानिक प्रक्रियालाई दरिलो प्रहार भएको छ भने तिनबाट सात पार्टी र माओवादी गठबन्धन सरकारलाई पनि प्रत्यक्ष चुनौती मिलेको छ।[२] हिंसात्मक मुठभेडहरूका कारण तराईका जिल्लाहरू नाजुक भएका छन्। जनता क्रुद्ध छन् र राज्यप्रति उनीहरूको विश्वास हराएको छ। नयाँनयाँ समूहहरूको उत्पत्तिसँगै राजनीति तरल अवस्थामा पुगेको छ। मागहरू झन्झन् चर्का भैरहेका छन्। सम्झौताका एजेन्डाहरूको रूपरेखा स्पष्ट भए तापनि रचनात्मक संवाद हुन बाँकी नै छ।

भित्री कारणहरूको जानकारीको अभावमा र पछिल्ला घटनाक्रमका द्रुततर विकासले गर्दा वर्तमान परिस्थितिको सही मूल्याङ्कन गर्न गाह्रो भएको छ। मैदानी मूलका मधेसीहरू र पहाडे मूलका बासिन्दाहरूबीचको भिडन्तले प्रमुखता पाए पनि नेपालमा पहिचानको राजनीति मधेसी-पहाडे विभाजनले देखाएको भन्दा धेरै जटिल छ। मधेसी सवाललाई नेपालमा केन्द्र र मोफसलका बीचको खाडल तथा भौगोलिक क्षेत्र, जात, जातीयता र राजनीतिको अन्तरक्रीडाको फराकिलो परिप्रेक्ष्यमा हेरिनुपर्दछ। भेदभाव देशव्यापी तवरमै व्याप्त छ।पहाडका थुप्रै समुदायहरूले पनि अवहेलना भोग्नुपरिरहेको छ। तर मधेसीहरूका गुनासाले आफ्नै विशिष्टता बोकेका छन् र मधेसी आन्दोलनले निश्चय नै गहन सवालहरू उठाएको छ। यी सवालहरूप्रति ध्यान जान्छ जाँदैन र कस्तो ध्यान जान्छ त्यस कुराले शान्ति प्रक्रिया तथा राष्ट्रिय राजनीतिलाई नयाँ स्वरूप दिने कुरामा गहिरो प्रभाव पार्दछ।

यस प्रतिवेदनमा तराईका जल्दाबल्दा मुद्दालाई अघि सारिएको छ, प्रमुख राजनीतिक खेलाडी र तिनका स्वार्थबारे उल्लेख गरिएको छ, मधेसी आन्दोलनले लिएको दिशाबारे मूल्याङ्कन गरिएको छ र सम्भावित परिदृश्यको रूपरेखा पनि कोरिएको छ। तराईको अवस्थाबारे आवश्यक जानकारी प्रदान गर्ने यो पहिलो प्रयास हो। यसबारे क्राइसिस ग्रुप लगायत अन्य बाहिरियाहरूले पहिले नै आवश्यक ध्यान दिनुपर्ने थियो।[३] काठमाडौं र भारतका प्रान्तीय राज्यहरूसित सिमाना जोडिएका पूर्व-मध्य र मध्य-पश्चिम तराईमा गरिएको स्थलगत शोधमा आधारित यस प्रतिवेदनमा घरेलु राजनीतिक पात्रहरूलाई मात्र नभई भारतीय स्वार्थलाई पनि विस्तारसँग हेरिएको छ र त्यसमा पनि विशेषगरी खुला सिमानाको महत्त्व र त्यससित गाँसिएको सामाजिक, आर्थिक तथा राजनीतिक सम्बन्धका गाँठाहरूलाई पनि फुकाउने प्रयास गरिएको छ। यस प्रतिवेदनले पूर्वी तराईका जिल्लाहरूमा विशेष रूपले केन्द्रित हालैका राजनीतिक गतिविधिलाई नियालेको छ। (मधेसी नेतृत्वको ठूलो हिस्साको निर्माण सप्तरी, सिरहा र सन्निकट जिल्लाहरूका मैथिलीभाषी समुदायका व्यक्तिहरूबाट भएको छ)।[४] क्राइसिस ग्रुपले

[१] तराईसम्बन्धी अध्ययनमा प्रयुक्त सन्दर्भ सामग्रीहरू यसप्रकार छन् – Frederick H.Gaige, *Regionalism and National Unity in Nepal* (Berkley and Los Angeles, 1975); हरिवंश झा, The Tarai Community and National Integration in Nepal (काठमाडौं, १९९३); वसन्त थापा तथा मोहन मैनाली (सं.), *मधेस : समस्या र सम्भावना* (काठमाडौं, २००६); महेन्द्र लावती, *Towards a Democratic Nepal* (नयाँ दिल्ली, २००५); Bhuwan Joshi and Leo Rose, *Democratic Innovations in Nepal: A Case Study of Political Acculturation* (Berkley and Los Angeles, 1966). सेमिनार पत्रहरूमा डिसेम्बर २००६ काठमाडौंमा जागृत नेपालद्वारा आयोजित सम्मेलनमा रामप्रकाश यादवद्वारा प्रस्तुत "मधेसी : एउटा पिछडिएको सामाजिक समूह" र फेब्रुअरी २००६ मा काठमाडौंमा "नेपालमा राष्ट्र निर्माणमा मधेसी समुदायको सामाजिक समावेशीकरण" विषयक सम्मेलनमा गोविन्द शाहको "राष्ट्र निर्माणमा मधेसी समुदायको सामाजिक समावेशीकरण" नामक पत्र पर्दछन्। madhesi.wordpress.com र परमेन्द्र भगतको demrepubnepal. blogspot.com जस्ता ब्लग साइटहरू मधेसी मुद्दाका उपयोगी स्रोत हुन सक्छन् र छलफलका लागि पनि काम लाग्न सक्छन्।

[२] सात दलीय गठबन्धनमा समाविष्ट संसदीय दलहरूमा नेपाली काङ्ग्रेस (नेका), नेपाल कम्युनिस्ट पार्टी एकीकृत मार्क्सवादी लेनिनवादी (एमाले); नेपाल सद्भावना पार्टी (आनन्दीदेवी); नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक); जनमोर्चा नेपाल; नेपाल मजदुर किसान पार्टी (नेमकिपा) र संयुक्त वाममोर्चा पर्दछन्।

[३] केही टिप्पणीकर्ताहरूले पहिले नै यस्तो सङ्कटका बारेमा चेतावनी दिएका थिए। उदाहरणका लागि, सी.के. लाल, "The Tarai cauldron", *Nepali Times*, २८ फेब्रुअरी २००३, र "We Nepalis. How to make Nepalipan more inclusive", *Nepali Times*, १४ मार्च २००३; र सुमन प्रधान, "Tarai tinderbox", *Nepali Times*, ११ अगस्त २००६। क्राइसिस ग्रुपका प्रतिवेदनहरूमा एसिया रिपोर्ट नं. ११५, *Nepal: From People Power to Peace?*, १० मे २००६; नं. १२६, *Nepal's Peace Agreement: Making it Work*, १५ डिसेम्बर २००६; नं. १२८, *नेपालको संवैधानिक प्रक्रिया*, २६ फेब्रुअरी २००७; र नं. १३२, *नेपालका माओवादी : विशुद्धतावादी कि व्यवहारवादी?*, १८ मे २००७।

[४] मैथिलीभाषी नेताहरूमा मधेसी जनअधिकार फोरमका नेता उपेन्द्र यादव, वरिष्ठ माओवादी नेता मातृका यादव, जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत

तराईका अल्पसङ्ख्यक थारू र मुस्लिम समुदायका कार्यकर्ताहरूसँग पनि अन्तर्वार्ता लिएको थियो। उनीहरूका सरोकारका विषय (जो मधेसी नेताहरूको भन्दा पृथक् छन्) बारे विस्तृत लेखाजोखा आगामी प्रतिवेदनहरूमा गरिनेछ।

र ज्वाला सिंह घटक) दुवै गुटका नेताहरू र प्रमुख दलका प्रभावशाली नेताहरूमा क्रमशः नेपाल सद्भावना पार्टीका राजेन्द्र महतो र अनिल झा, नेपाली काङ्ग्रेसका महन्त ठाकुर र रामवरण यादव तथा नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) का विमलनेन्द्र निधी पर्दछन्।

## २. मधेस तथा मधेसी : मुख्य सवालहरू

तराई भनेको नेपाल-भारत सिमानासित जोडिएको कम उचाइको समतल भूभाग हो।[५] तराईको भूभागले देशको कुल भूभागको करिब एकचौथाइ क्षेत्रफल ओगटेको छ। पश्चिममा महाकाली नदीदेखि पूर्वमा मेची नदीसम्म यसको लम्बाइ ८८५ कि.मि. छ भने चौडाइ ४ देखि ५२ कि.मि. छ। तराईअन्तर्गत केही होचा पहाडहरू (सिवालिक शृङ्खला) र उत्तरतर्फ केही दुन (भित्री मधेस) पर्दछन्। अठारौं शताब्दीको उत्तरार्धमा एकीकरण अभियान चलेको बेला र त्यसपछि सन् १८१४ मा ब्रिटिस इस्ट इन्डिया कम्पनीसँग युद्ध हुनुअघिका दशकहरूमा चलाइएको राज्य विस्तारको क्रममा तराई क्षेत्र नेपालको भूभागभित्र समाहित भएको थियो।[६]

औलो लाग्ने बाक्ला जङ्गलका कारण कुनै समय पातलो आबादी रहेको तराईमा आज देशको आधा जनसङ्ख्याको बसोबास रहेको छ।[७] तराईका बासिन्दालाई मोटामोटी ढङ्गले तीन कोटिमा बाँड्न सकिन्छ — आदिवासी समूह, सिमानापारि सांस्कृतिक, भाषिक तथा पारिवारिक सम्बन्ध भएको समूह, बीसौं शताब्दीको मध्यतिर विकासको ढोका खोलिएपछि पहाडबाट ठूलो सङ्ख्यामा झरेका समूह।[८] दक्षिणी मैदानबाट (हालको भारतबाट) अघिअघि पनि मानिसहरू बसाइँ सरेर आउने गरेका हुन् र बीसौं शताब्दीमा समेत थोरै सङ्ख्यामै भए पनि तराईमा पारिपट्टिबाट बसाइँसराइ भएको छ। सन् २००१ को जनगणनाअनुसार तराईमा बसोबास गर्नेहरूमा पहाडे मूलका मानिसहरूको सङ्ख्या लगभग एकतिहाइ छ।[९]

“मधेस” भन्नु र तराई भन्नु झन्डैझन्डै उस्तै हो तर मधेस र “मधेसी” शब्दले भने निश्चित राजनीतिक अर्थ बोकेका छन्[१०]।मधेस भन्नाले

[५] तराईअन्तर्गत पूर्वदेखि पश्चिमका बीस जिल्लाहरू — झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर पर्दछन्।

[६] नेपालका तराईलगायतका हालका सिमाना ब्रिटिस इस्ट इन्डिया कम्पनीसँगको युद्धमा नेपाल पराजित भएपछि सन् १८१६ मा भएको सुगौली सन्धिले निर्धारित गरेको हो। यस व्यवस्थामा आएको एउटै परिवर्तन भनेको सन् १८५७ मा भारतीय विद्रोह दबाउन नेपालले गरेको सहयोगको कदरस्वरूप संयुक्त अधिराज्यले नेपालका दक्षिण पश्चिमका केही क्षेत्र (नयाँ मुलुक) फिर्ता गर्नाले भएको थियो।

[७] सन् १९५४ मा नेपालको एकतिहाइ जनसङ्ख्या तराईमा बसोबास गर्दथ्यो। सन् २००१ सम्म आधा जनसङ्ख्याको बसोबास तराईमा थियो। Ram Prakash Yadav, “Madhesi: A Disadvantaged Social Group”, माथि उल्लेखित, मधेसी राजनीतिक कार्यकर्ताहरू जनगणनाको तथ्याङ्कप्रति शङ्कालु दृष्टिकोण राख्छन् र उनीहरूको विचारमा पहाडेहरूको गन्ती बढाइचढाइ गर्ने गरिन्छ। पहाडेहरूको गणना तराईमा बसाइँ सरेको ठाउँमा, पहाडको मूल थलोमा र काठमाडौंमा घर भए त्यहाँ पनि हुने गर्छ तर नागरिकताको प्रमाणपत्र र जग्गाधनी पुर्जा नहुने मधेसीहरूको भने गणना गरिँदैन।

[८] Gaige, *Regionalism*, माथि उल्लेखित, पृ. २।

[९] Yadav, “Madhesi”, माथि उल्लेखित।

[१०] संस्कृतको “मध्यदेश”बाट “मधेस” शब्द आएको हो। फराकिलो अर्थमा मधेसले हिमालयको फेदीदेखि मध्यभारतको विन्ध्या पहाडसम्मका भूभागलाई

सामन्यता पूर्वी र मध्यतराईका मैदानहरूलाई बुझाउँदछ। मधेसी भन्नाले ती गैरपहाडेहरूलाई जनाउँदछ जसको जन्म र बसोबास जहाँसुकै भए पनि उसले मैदानको भाषालाई आफ्नो मातृभाषाको रूपमा प्रयोग गर्दछ।[११] मधेसी शब्दले हिन्दू[१२] जाति र मुस्लिम जाति दुवैलाई र केही हदसम्म तराईका आदिवासी जनजाति समूहहरूलाई पनि समेट्छ।[१३] तथापि केही जनजाति समूहरू — जस्तै मध्यपश्चिम तराईका थारू र राजवंशीहरू आफ्नो छुट्टै पहिचान भएको दाबी गर्दै आफूहरूलाई तराईका मूल बासिन्दा बताउँछन्। उनीहरूका अनुसार मधेसीहरू धेरै पछि मात्र आप्रवासीका रूपमा आएका हुन्।[१४] तर पूर्वी तराई क्षेत्रका धेरैजसो बासिन्दाले आफूलाई मधेसी भनेर चिनाउन अप्ठेरो मान्दैनन्।

सीमित रूपमा बसाइँसराइ भएको कुरालाई स्वीकार गरे तापनि आफूहरूलाई बाहिरिया भन्ने गरिएकामा मधेसीहरू अपमानित भएको ठान्छन् र आफूहरूलाई सदैव यही क्षेत्रमा बसोबास गर्दै आएका मानिसका रूपमा उनीहरू हेर्दछन्।[१५] पहाडबाट तराईमा झरेकाहरूलाई पनि मधेसी नै भन्नुपर्छ भनी केही मानिस तर्क गर्छन्, तर मैदानबासीहरूको दृष्टिमा पहाडीहरूले जति नै लामो समय मधेसमा बिताएका भए तापनि उनीहरू मधेसी हुन सक्दैनन्। मधेसी शब्दलाई बिगारेर होच्याउने पाराले अक्सर मदिसे पनि भन्ने गरिन्छ र त्यस्तो शब्दले "सच्चा नेपाली" नठानिने मैदानबासीलाई जनाउँदछ।[१६] मधेसीहरूले हालसालै मात्र यस शब्दको उपयोगमा जोड दिएका छन्। मधेसी आन्दोलनको एउटा नारा (जो काठमाडौंका भित्ताहरूमा र अन्यत्र मैथिली भाषामा पनि देखा परेका थिए) यस्तो थियो — "गर्वका साथ भनौं, हामी मधेसी हौं।"

तराईले भाषिक तथा सामाजिक विविधता समेटेको छ। मधेसीहरू मैथिली, भोजपुरी, अवधी र हिन्दी बोल्छन् (जो सिमानापारि पनि बोलिन्छन्) भने थारूलगायतका जनजातिहरू आफ्नै भाषा बोल्छन्।[१७] हिन्दूहरूमा ब्राह्मण र क्षत्रीहरू (मूलतः ठाकुर र राजपूतहरू) जातक्रममा उपल्लो तहमा छन् भने अछूत वा दलितहरू अपवित्र ठानिन्छन्।[१८]

यादव जस्तो मध्यवर्ती जात समूहको पनि उल्लेखनीय उपस्थिति पाइन्छ जसको स्थान जातिगत संरचनामा निकै तल छ, तर दलितभन्दा धेरै माथि छ। सामाजिक सम्बन्धको निर्धारण जातिगत विभाजनबाट हुन्छ, राजनीतिक विकल्पहरूको छनोटमा महत्त्वपूर्ण भूमिका खेल्दछ र अक्सर आर्थिक स्तर पनि तय गर्दछ। सबै जातका मानिसहरूको पारिवारिक र सामाजिक संरचना भने पूर्णतया पितृसत्तात्मक छ। महिलाहरू कुनै निर्णय लिन सक्दैनन्, विकासका सूचकहरूमा उनीहरू धेरै पछाडि छन् र शोषणयुक्त वातावरणमा लामो समयसम्म काम गर्न बाध्य छन्।[१९] नेपालको कुल जनसङ्ख्याको करिब तीन प्रतिशत हिस्सा ओगट्ने मुसलमानहरू

---

जनाउँदछ। हाल प्रयोगमा रहेको "मधेस" शब्दको सङ्कुचित अर्थ सापेक्षिक हिसाबले नौलो हो।

[११] Gaige, Regionalism, op.cit., p.15.

[१२] मधेसी र पहाडे जाति प्रणाली उही सिद्धान्तमा आधारित भएपनि दुवै प्रणाली एकदमै फरक छन्। यस प्रणाली जसलाई सन् १८५४ को पहिलो मुलुकी ऐनले औपचारिक मान्यता दिएको थियो। दुवै प्रणालीले सिध्दान्ततः पाँच श्रेणीलाई समेट्दछन्: चार वर्ण (प्रमुख जातहरू) — ब्राह्मण, क्षत्री, वैश्य र शुद्र तथा अजात अर्थात् अछुत वा दलित। व्यवहारमा भने पहाडे जात प्रणालीअन्तर्गत वैश्य र शूद्र छैनन्। मधेसी जात प्रणाली भने काठमाडौंका नेवार समुदायमा झैं पूर्णरूपमा विकसित छ।

[१३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता , मधेसी क्रियाशील व्यक्तिहरू, जनकपुर तथा नेपालगन्ज, मे-जून २००७। अधिकांश मधेसी राजनीतिज्ञ र प्राज्ञहरू मधेसमा बसेका कारण तराईका जनजातिहरूलाई मधेसी मान्नुपर्दछ भन्ने तर्क गर्दछन्। यादव, "मधेसी", माथि उल्लेखित।

[१४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, थारू क्रियाशील व्यक्तिहरू, नेपालगन्ज, १२ जून, २००७। थारू क्रियाशील व्यक्तिहरू आफूलाई तराईका मूल बासिन्दाहरू भन्छन् र मधेसीहरू भन्दा निश्चित रूपमा फरक बताउँछन्। उनीहरूको भनाइमा उनीहरू बसोबास गर्ने क्षेत्रलाई थरुहट भनिनुपर्छ। भुलाई चौधरी, "The Social structure of Madhesi community resembles more to the Indian states like UP and Bihar than any Nepalese society", *The Telegraph*, मार्च २००६। थारूहरू तराईभरि छरिएका छन्। साझा पहिचानको विकास गर्ने भरमग्दुर प्रयास भए तापनि मध्यपश्चिमका समुदाय (जसले बोल्ने दङ्गौरा भाषालाई मानक थारू भाषा मानिन्छ) र पूर्वी नेपालका थारूहरूबीच उल्लेखनीय भाषिक र सांस्कृतिक भिन्नताहरू छन्। पूर्वी नेपालका थारूहरू वरपरका मधेसी समुदायका भाषा नै बोल्दछन्। हेर्नुहोस् Giselle Krauskopff, "An 'Indigenous Minority' in a Border Area: Tharu ethnic associations, NGOs and the Nepalese state", in Gellner (ed.), *Resistance and the State*, माथि उल्लेखित, पृ. १९९-२४३।

[१५] क्राइसिस ग्रुपले मधेसी क्रियाशील व्यक्ति र विश्लेषकहरूसित लिएको अन्तर्वार्ता काठमाडौं, वीरगन्ज र जनकपुर, मे-जून २००७।

[१६] अन्य शब्दहरू जस्तै, धोती (मधेसी पुरुषहरूले लगाउने भारतीय उत्पत्तिको पहिरन) र भैया (बोलचालमा गरिने सम्बोधन) छन् , जसलाई अपमान गर्ने वा हेप्ने मनसायले प्रयोग गरिएको पाइन्छ।

[१७] नेपालीपछि सबभन्दा बढी बोलिने भाषामा मैथिली पर्दछ। जस्तै; मैथिली, भोजपुरी र अवधी हिन्दीसँग धेरै नै मिल्दोजुल्दो छ र भारततर्फ यसलाई हिन्दीकै क्षेत्रीय रूप भनिन्छ। जनजाति समूहहरू भोट-बर्मेली, अस्ट्रो-एसियाली र द्रबिड परिवारका भाषाहरू बोल्छन्। हेर्नुहोस् Novel Kishore Rai and Vishnu S. Rai, "Language issues in Nepal", in D.B. Gurung (ed.), *Nepal Tomorrow: Voices and Visions* (काठमाडौं, २००३), पृ. ४९८-४९९।

[१८] तराईका ठूला दलित समुदायहरूमा चमार (कुल राष्ट्रिय जनसङ्ख्याको १.१९ प्रतिशत) र मुसहर (०.७६ प्रतिशत) पर्दछन्। अन्य दलित समुदायहरूमा दुसाद, धोबी, खत्वे, तम्ता, सन्थाल, झाँगड, वन्तार, कहार, माली, डोम र हल्खोर पर्दछन्। दलितका बारेमा थप जानकारी तथा तथ्याङ्कका लागि हेर्नुहोस् जागरण मिडिया सेन्टर, www.jagaranmedia.org.np; Hari Bansh Jha (ed.), *Dalit and Dalit women of Terai* (काठमाडौं, २००३); and "The Terai Dalits in Nepal", Action Aid Nepal, 1999.

[१९] एक अध्ययनअनुसार महिला साक्षरता दर तराई मूलका समूहमा पुरुषहरूको एकचौथाइ मात्र छ। महिला र पुरुषको साक्षरता दर तराईमा २८:१०० छ भने पहाडमा सोही कुरा ५२:१०० छ। D. Chhetri, "Educationally Disadvantaged Ethnic Groups of Nepal", study conducted for the Agricultural Projects Services Centre and International Development Research Centre, काठमाडौं, १९९६। मधेसी दलित महिलाहरूको साक्षरता दर झनै थोरै छ — कुनैकुनै समुदायमा त साक्षरता दर ३.८ प्रतिशत मात्र छ। "Analysis of Caste, Ethnicity and Gender Data from 2001 Population Census in Preparation for Poverty Mapping and Wider PRSP Monitoring", Tanka Prasad Memorial Foundation, काठमाडौं, २००५।

तराईका र विशेषगरी रौतहट, बाँके, बर्दिया र कपिलवस्तु जिल्लाहरूमा छरिएर रहेका छन्।[२०]

अहिलेसम्म कृषि नै तराई अर्थतन्त्रको प्रमुख स्रोत भए तापनि बिस्तारै औद्योगिक भेकका रूपमा पनि तराई क्रमिक रूपले अगाडि आउँदैछ[२१] खासगरी वीरगन्जदेखि पूर्व विराटनगरसम्मको भाग। युवाहरूको ठूलो हिस्सा रोजगारीका सिलसिलामा विदेश जाने क्रम बढ्नाले अर्थतन्त्रको एउटा प्रमुख आधार विदेशमा आर्जित धन भएको छ। मधेसी समुदाय वर्गीय रूपमा पनि विभाजित छन्। केही मधेसीहरू धेरै जमिनको मालिक भएकाले सबल छन् भने केही उच्च शैक्षिक योग्यता भएको कारण काठमाडौं र अन्यत्र प्राज्ञिक पदहरूमा कार्यरत छन्। भेदभावको स्वरूप र अनुभव वर्गअनुसार फरकफरक हुन सक्छ। उदाहरणका लागि, एक मध्यमवर्गीय मधेसी व्यवसायीले उसको राष्ट्रिय बफादारीप्रति औंला ठड्याउने स्थितिको सामना गर्नुपर्छ र ऊ एउटा निश्चित तहबाट माथि नजान सक्छ। तल्लो वर्गका मधेसीको अवसरहरूसम्मको आधारभूत पहुँच नै हुँदैन र समान कामका लागि आफ्ना सहकर्मीहरूभन्दा उसले कम ज्याला पाउन सक्छ। काठमाडौंमा सम्पत्ति भएका वा अन्य सुविधा उपभोग गरिरहेका सम्पन्न मध्यमवर्गीय मधेसीहरू भने एकीकृत राज्य कायम राख्ने कुरामा सकारात्मक दृष्टिकोण राख्दछन्।

बीसौं शताब्दीको पछिल्लो भागमा उठान गरिएको र संस्थागत पारिएको आधुनिक नेपाली राष्ट्रवाद मुख्यतः राजतन्त्र, हिन्दू धर्म र नेपाली भाषामा आधारित थियो। यस्तो सङ्कुचित अवधारणाले फरक संस्कृति बोकेका तथा सीमापारि सम्बन्ध भएका मधेसी समुदायलाई सधैं अलग्यायो अनि पहाडका नेपालीहरूको दृष्टिमा मधेसीहरू शङ्का र हेयका पात्र बने। मधेसी र नेपाली राज्य तथा अन्य नागरिकहरूका बीचको मनोवैज्ञानिक दूरीलाई भेदभावपूर्ण नीतिहरूले झनै बढाए। यस दूरीका केही भाग सदियौं पुराना छन्, तर धेरैजसो भने राणा र पञ्चायती नीतिहरूबाट जानाजान जन्माइएका हुन्।[२२] पञ्चायती नारा "एक देश, एक भेष, एक भाषा" ले लादेको पहाडे सांस्कृतिक मान्यताहरूलाई जबर्जस्ती मान्नुपरेको तीता अनुभवलाई थोरै पाका मधेसीहरूले बिर्सेलान्। नरमपन्थी मधेसी बौद्धिकहरूसमेत त्यस्ता नीतिहरूको समग्र प्रतिफलस्वरूप "आन्तरिक औपनिवेशवाद" जन्मिएको र आफ्नो आन्दोलनको मुख्य लक्ष्य "दासत्वबाट मुक्ति" भएको कुरा गर्छन्।[२३]

मधेसी सरोकारका विषयप्रति प्राज्ञिक वर्ग र मिडियाले साह्रै थोरै ध्यान दिएका छन्।[२४] सन् १९९० र २००२ बीचको प्रजातान्त्रिक अन्तरालमा पहाडे जनजाति समूहका दुखेसोखे थोरै भए पनि ध्यान तान्न सक्यो, तर मधेसी मुद्दाहरूलाई भने बेवास्ता गरियो। मानवअधिकारवादी संस्थाहरूले पनि मधेसीप्रति हुने भेदभावको मुद्दालाई उठाएनन्।[२५] अन्तर्राष्ट्रिय विकास एजेन्सीहरूले पनि पहाडका जनजाति समूहलाई नै प्राथमिकताका साथ हेर्ने गरे। मधेसी समस्याहरूप्रतिको यस्तो बेवास्ता नै मधेसी जनअधिकार फोरम जस्ता सङ्गठनहरू खडा हुने कारणहरूमध्ये एउटा थियो।

केही प्रमुख मुद्दाहरू निम्नअनुसार छन् :

**नागरिकता।** सन् १९६४ को नागरिकता ऐन र सन् १९९० को संविधानले वंशजमा आधारित कडा दायराहरू उल्लेख गरेका थिए।[२६] भारतीयका रूपमा हेरिने हुनाले मधेसीहरूलाई जन्मदर्ता प्रमाणपत्रलगायतका आवश्यक कागजातहरूका अभावमा आफूलाई नेपाली मूलका प्रमाणित गर्न गाह्रो पर्थ्यो र नागरिकताको प्रमाणपत्र प्राप्त गर्न झन्डै असम्भव जस्तो थियो। सरकारी कर्मचारीहरूले नागरिकता दिनअघि जग्गाधनी पुर्जा माग्ने गर्थे अनि मधेसीहरू चक्रव्यूहमा पर्थे। किनभने नागरिकताको प्रमाणपत्रबिना उनीहरूले

[२०] नेपालमा मुसलमानका बारे ज्यादै थोरै प्राज्ञिक कार्य भएका छन्। सबभन्दा पछिल्ला सन् १९७० को दशकमा भएका छन् : Marc Gaborieau, Minorites musulmanes dans le royaume hindou du Nepal (Nanterre, 1977) and, in English – "Muslims in the Hindu Kingdom of Nepal", Contributions to Indian Sociology, 1(v) (1972), पृ. ८४-१०५।

[२१] प्रमुख उद्योगका जिल्लागत वर्गीकरणका लागि हेर्नुहोस् "Registered Industries in Department of Industries", Federation of Nepalese Chambers of Commerce and Industry, काठमाडौं, २००७।

[२२] राणाहरूले वंशानुगत प्रधानमन्त्रीत्व चलाएर सन् १८४६ देखि १९५१ सम्म नेपालमा शासन गरे। नेपालको पहिलो निर्वाचित सरकारलाई सन् १९६० को दरबारिया 'कू'द्वारा भङ्ग गरेको दुई वर्षपछि राजा महेन्द्रले दलविहीन पञ्चायती व्यवस्थाका माध्ययमद्वारा प्रत्यक्ष शाही शासनको थालनी गरेका थिए। थप जानकारीका लागि हेर्नुहोस् – क्राइसिस ग्रुप एसिया प्रतिवेदन नं ९९, Towards a Lasting Peace in Nepal: The Constitutional Isuues, १५ जून २००५।

[२३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, डा. हरिवंश झा, आर्थिक तथा प्राविधिक अध्ययन केन्द्र, ललितपुर, २३ मे २००७।

[२४] तराईका बारेमा अन्तर्राष्ट्रिय सरोकार सीमित रहेको छ। सन् १९५० को दशकका राजनीतिक इतिहासकारहरूले केही चाख लिएको पाइन्छ, उदाहरणका लागि, Joshi and Rose, *Democratic Innovations in Nepal: A Case Study of Political Acculturation*, माथि उल्लेखित; क्षेत्रीय राजनीतिका सम्बन्धमा पूर्ण पुस्तक केवल एउटा मात्र रहेको छ, Gaige, *Regionalism*, माथि उल्लेखित; खास समुदायबारे केही विस्तृत अध्ययन भएका छन्, उदाहरणका लागि, Arjun Guneratne, *Many Tongues, One People: The Making of Tharu Identity in Nepal* (Ithaca, 2002) and Krauskopff, माथि उल्लेखित, थारूका बारेमा र तराईको धर्मका सम्बन्धमा, उदाहरणका लागि, Richard Burghart, *The Conditions of Listening: Essays on Religion, History and Politics in South Asia* (दिल्ली, १९९६)। मधेसी लगायत नेपाली प्राज्ञिक वर्गले मधेसी राजनीतिमा थोरै मात्र काम गरेका छन्। यद्यपि आर्थिक र विकासे मुद्दाहरूका साथै मैथिली साहित्यमा भने अलि बढी काम भएको पाइन्छ। मधेसका बारेमा नेपाली मिडियाले थोरै मात्र स्थान दिएको बारे विस्तृत टिप्पणीका लागि हेर्नुहोस् धीरेन्द्र प्रेमर्षी, "मधेसको टुटुल्को मात्र देख्ने नेपाली मिडिया", वसन्त थापा र मोहन मैनालीद्वारा सम्पादित *मधेस : समस्या र सम्भावना*, माथि उल्लेखित। यस विषयमा अपवादहरू पनि नभएका होइनन्। उदाहरणका लागि, मार्च २००५ मा सोशल साइन्स वहाःले मधेसबारे सम्मेलनको आयोजना गर्नुका साथै थापा र मैनालीको सम्पादनमा माथि उल्लेखित पुस्तक पनि निकाल्यो। काठमाडौंस्थित मार्टिन चौतारी नामक छलफलमा फोरमले पनि लामो समयदेखि मधेसी मुद्दाहरूमा शोध र छलफलका कार्यक्रम चलाउँदै आएको छ।

[२५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मधेसी कार्यकर्ता, राजविराज, जनकपुर र वीरगन्ज, मे-जून २००७। राष्ट्रिय मानवअधिकारवादी संस्थाहरूमा मधेसी समस्याहरूको सही मर्म नबुझ्ने पहाडे कर्मचारीहरू भएका कारण आफ्ना माग र मुद्दाहरूप्रति उचित ध्यान नदिइएको धेरै मधेसीहरूको गुनासो छ।

[२६] नेपालको संविधान, १९९०, भाग दुई (धारा ८-१०)।

जग्गाधनी पुर्जा पाउन सक्दैन थिए। अङ्गीकृत नागिरकता पाउनलाई नेपाली बोल्न र लेख्न जान्नुपर्थ्यो। सन् १९९४ मा एउटा सरकारी आयोगको प्रतिवेदनअनुसार करिब ३५ लाख नेपालीहरूले त्यस बेलासम्म नागरिकताको प्रमाणपत्र पाएका थिएनन्।[२७] जमिनको स्वामित्त्व नपाउनेबाहेक नागरिकता नभएकाहरूले सरकारी जागिरका लागि दरखास्त दिन, जन्म वा विवाह दर्ता गर्न, राहदानी बनाउन, चुनावमा उठ्न, कुनै किसिमको व्यवसाय दर्ता गर्न, बैङ्क ऋण वा सरकारी सुविधाहरू पाउन सक्दैन थिए। नोभेम्बर २००६ मा नागरिकतासम्बन्धी ऐनमा संशोधन गरियो, जसअनुसार सन् १९९० अघि नेपालमा जन्मेका र स्थायी रूपमा बसोबास गर्दै आएका मानिसहरू नागरिकता पाउन योग्य ठहरिए। अङ्गीकृत नागरिकता दिने सम्बन्धमा हाल नेपालमा बोलिने जुनसुकै भाषा बोल्न वा पढ्न सक्ने मानिसलाई नागरिकता दिने व्यवस्था गरिएको छ।

**भाषा।** राज्यको एकभाषी नीतिले गर्दा पनि मधेसीहरू पाखा परेका छन् — चाहे त्यो नेपाली भाषा माध्यम भएको शिक्षा व्यवस्थाका अप्ठ्यारा हुन्, प्रवेश परीक्षा वा जागिरका लागि दरखास्त दिंदाका समस्याहरू हुन् वा राष्ट्रिय बहसहरूमा सहभागी हुन नसक्ने अवस्थाका कुरा हुन्। सन् १९५० को दशकदेखि नै राजनीतिक हिसाबले भाषा संवेदनशील विषय रहँदै आएको छ। विभिन्न समूहहरूले आ-आफ्ना भाषा र हिन्दीलाई माध्यम भाषा बनाउनुपर्ने माग राख्दै आएका छन्। केही नगरपालिकाहरूद्वारा स्थानीय भाषालाई सरकारी कामकाजी भाषा बनाउने प्रयत्न गर्दा त्यसलाई सर्वोच्च अदालतले रोकिदियो।[२८]

**न्यून प्रतिनिधित्व।** राष्ट्रको हरेक क्षेत्रमा मधेसीहरूको प्रतिनिधित्व न्यून पाइन्छ। न्यायपालिका, कार्यपालिका, विधायिका, राजनीतिक पार्टीहरू, उद्योग तथा नागरिक समाज जस्ता प्रभावशाली क्षेत्रका पदहरूमा उनीहरूले १२ प्रतिशतभन्दा कम ठाउँ ओगटेका छन्। अन्तर्राष्ट्रिय संस्था र बहुपक्षीय परियोजनाहरूमा पाँच प्रतिशतभन्दा कम उपस्थिति पाइन्छ।[२९] सुरक्षाबलमा र त्यसमा पनि विशेषगरी सेनामा मधेसी सहभागिताको सवालमा विभेदपूर्ण स्थिति रहेको पाइन्छ, सेनाको माथिल्लो पदका अधिकृतहरूमा एक जना पनि मधेसी छैनन्। हुन त पूर्ण तथ्याङ्कहरू उपलब्ध छैनन्, तापनि यस्तो भान हुन्छ सन् १९९० पछिको प्रजातान्त्रिक कालले त स्थितिलाई झनै खराब पार्ने काम गऱ्यो। एक जना मधेसी टिप्पणीकर्ता औंल्याउँछन्, "सन् १९९० सम्म कुनै पनि समयमा कमसेकम एक दर्जन वा सोभन्दा बढी मधेसी जि.प्र.अ. (जिल्ला प्रमुख अधिकारी) हरू हुने गर्दथे, तर अहिले एक-दुई जना भेट्टाउन पनि मुस्किल छ। प्रभावशाली क्षेत्रीय व्यक्तित्वहरूलाई आफूतिर कसरी तान्ने सो कुरा सिक्नलाई दरबारसित प्रशस्त समय थियो।"[३०]

**आर्थिक भेदभाव।** ६० प्रतिशतभन्दा बढी कृषियोग्य भूमि ओगट्ने र कुल गार्हस्थ उत्पादनमा झन्डै दुईतिहाइभन्दा बढी योगदान गर्ने तराई क्षेत्र राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड नै हो।[३१] निश्चित भौतिक पूर्वाधारमा लगानी निकै प्रचुर देखिए तापनि त्यसले स्थानीय जनतालाई लाभ पुऱ्याउनु साटो राष्ट्रिय सञ्चारको विकासलाई बढी मद्दत पुऱ्याएको छ। उदाहरणका लागि, यातायातको धमनी नै मानिने पूर्व-पश्चिम राजमार्गले मुख्य तराई जिल्लाको कुनै पनि सदरमुकामलाई सोझै जोड्दैन, सबै कच्ची सहायक सडकहरूले जोडिएका छन्। मधेसीहरू तुलनात्मक हिसाबले पहाडे समुदायहरूभन्दा गरिब छन्, कम शिक्षित छन् र स्वास्थ्यको क्षेत्रमा पनि पछाडि छन्।[३२] मधेसी आन्दोलनका समर्थकहरूका अनुसार एकलौटी निर्णय लिने काठमाडौंको प्रवृत्तिले गर्दा नै यस्तो अवस्था आएको हो। स्थानीय तहमा सङ्कलन हुने राजस्वको हिस्सा ठूलो भए तापनि राजधानी केन्द्रित नोकरशाहीको सनकमा खर्चको बजेट विनियोजन हुने गर्दछ।

---

[२७] विस्तृत जानकारीका लागि हेर्नुहोस् बी.सी. उप्रेती, "नागरिकताको राजनीति", *मधेस : समस्या र सम्भावना,* माथि उल्लेखित, पृ. १०८।

[२८] यस्तो फैसला गरिएको १ जून १९९९ को दिनलाई आज पनि कालो दिनका रूपमा जनजाति र क्षेत्रीयताका पक्षधर कार्यकर्ताहरूले सम्झिने गर्छन्। विस्तृत जानकारीका लागि हेर्नुहोस् Karl-Heinz Kramer, "Resistance and the State in Nepal: How representative is the Nepali State?", in David Gellner (ed.) *Resistance and the State: Nepalese experiences* (दिल्ली, २००३), पृ. १८९।

[२९] सन् १९९१ मा कुल सांसदहरूमा मधेसीहरूको प्रतिशत २१, सन् १९९४ मा १८ र सन् १९९९ मा २० थियो। माथिल्लो सदनमा मधेसीहरूको प्रतिनिधित्व ८ देखि १५ प्रतिशतका बीचमा रह्यो। यादव, "मधेसी", माथि उल्लेखित। सन् २००० मा माथिल्लो तहका कर्मचारीमा जम्मा ९ जना मधेसी र संवैधानिक अङ्गहरूमा तीन जना सदस्यहरू थिए। सरकारी तथा निजी क्षेत्रका माथिल्लो तहका पदहरूमा मधेसीहरूले केवल एक दशांस भाग मात्र ओगटेका छन्। गोविन्द न्यौपाने, *नेपालको जातीय प्रश्न* (काठमाडौं, २०००), "Unequal Citizens: Gender, Caste and Ethnic Exclusion in Nepal-Summary", DFID/World Bank, काठमाडौं, २००६, पृ. ६० मा उल्लेखित। सन् १९९१ सम्मको दुई दशकमा निजामती सेवामा उनीहरूको सङ्ख्या केवल १.४ प्रतिशतले वृद्धि भई ८.४ प्रतिशत पुग्यो। Shah, "Social Inclusion", माथि उल्लेखित। सन् २००१ मा ९१ ओटा अन्तर्राष्ट्रिय संस्थाहरू तथा बहुसदस्यीय एजेन्सीहरूद्वारा सञ्चालित परियोजनाहरूमा उनीहरू कार्यरत कर्मचारीको कुल ५.२ प्रतिशत थिए। "Directory of the United Nations and its related Specialized Agencies in Nepal", UNDP, 2001, माथि उल्लेखित।

[३०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, १८ जून २००७।

[३१] हेर्नुहोस् Shah, "Social Inclusion", माथि उल्लेखित।

[३२] मधेसीहरूबीच साक्षरता ४१ प्रतिशत छ। बाहुन, क्षत्री र नेवार (उपल्लो तहका पहाडी जातिहरू) को ६८ प्रतिशत छ। रामप्रकाश यादव, जागृत नेपाल, काठमाडौं, डिसेम्बर, २००६ मा "मधेसी मुद्दाहरू" नामक कार्यपत्र प्रस्तुत। मधेसीहरू आफैंभित्र पनि असमानताहरू छन्। मधेसी दलित समुदाय मुसहरको सबभन्दा कम शैक्षिक दर (७.३ प्रतिशत) छ, Chhetri, "Educationally Disadvantaged", माथि उल्लेखित। शताब्दी विकास लक्ष्यअन्तर्गत शिक्षातर्फ राखिएका लक्ष्यहरू हासिल हुन नसकेको सूचीमा तराईका जिल्लाहरूकै बाहुल्य पाइन्छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, Education for all Program Expert, काठमाडौं, मे २००७। सन् २००२ को एक अध्ययनमा तराईका आधा जिल्ला नै गरिबीबाट नराम्रोसँग प्रभावित भएको पाइयो भने पहाडी जिल्लाहरूमा केवल २९ प्रतिशतमा मात्र यस्तो स्थिति देखियो। तराईमै पनि मधेसी बाहुल्य रहेको जिल्लाहरूमा बढी गरिबी छ भने बढी पहाडी मानिसहरू रहेको ठाउँमा कम गरिबी छ। Sharma and Shah, "Nepal Report: The link between poverty and environment" Shah, "Social Inclusion", माथि उल्लेखित। स्वास्थ्य सूचकहरूबारे विस्तृत जानकारीका लागि हेर्नुहोस् www.un.org.np/health/district-profiles/index.htm.

**जनसङ्ख्याको बदलिंदो स्वरूप।** सन् १९५० को दशकबाटै सरकारले पहाडका मानिसहरूलाई मैदानमा बसाइँ सर्न प्रोत्साहित गर्दै आएको हो। औलो उन्मूलनका कार्यक्रम, जङ्गल फँडानी र पुनर्बास योजनाहरूबाट अनुकूल अवस्था सिर्जना हुनाले तराईको जनसङ्ख्यामा पहाडे अनुपात सन् १९५१ को तुलनामा पाँच गुणा बढेको छ।[३३] केही जिल्लाहरूमा त बसाइँ सरी आएका पहाडे मूलका मानिसहरूकै बाहुल्य छ। सापेक्षित हिसाबले पहाडेहरूको दरिलो पृष्ठभूमि र सांस्कृतिक कारणले गर्दा स्थानीय प्रशासनसँग पनि राम्रो सम्बन्ध हुने भएकाले पहाडेहरूको प्रभाव धेरै ठूलो रहेको सिकायत मधेसीहरूको छ। भारतले मधेसीहरूलाई प्रयोग गरी नेपालमाथि नियन्त्रण बढाउला वा नेपाललाई आफ्नो कब्जामा पार्ला भन्ने डर काठमाडौंको संस्थापनालाई थियो। त्यसैले पहाडबाट बसाइँ सर्न गरिएको प्रोत्साहन भारतपरस्त ठानिने मधेसीहरूलाई ठीक ठाउँमा राख्नका लागि चालिएको कदम थियो।

**निर्वाचनमा न्यून प्रतिनिधित्व।** निर्वाचनमा सुनियोजित तरिकाले मधेसको प्रतिनिधित्व कम गराइएको कुरा मधेसीहरूले उठाएका छन् जस्तै, (क) तराईका लागि छुट्याइएका संसदीय सिटहरूले तराई जनसङ्ख्याको सही प्रतिनिधित्व गर्दैनन्;[३४] (ख) मधेसी भोटलाई फिका बनाउने हिसाबले निर्वाचन क्षेत्र निर्धारण गरिएको छ (धेरै निर्वाचन क्षेत्र उत्तर-दक्षिण पाटो मिलाएर बनाइएको छ, जहाँ पहाडे मतदाताको सङ्ख्या उल्लेखनीय रहेको पाइन्छ); (ग) प्रमुख राजनीतिक पार्टीहरूले जित्ने सम्भावना भएका सिटहरूमा असमानुपातिक सङ्ख्यामा पहाडे उम्मेदवारहरूलाई टिकट दिने गरिन्छ (सन् १९९९को निर्वाचनमा पहाडे उम्मेदवारहरूले तराईका बहुसङ्ख्यक सिटमा जितेका थिए)।[३५]

[३३] सन् १९५१ को जनगणनाको रेकर्डअनुसार तराईमा पहाडे जनसङ्ख्या ६ प्रतिशत रहेको थियो भने सन् २००१ को जनगणनाअनुसार ३३ प्रतिशत थियो।

[३४] मधेसी जनअधिकार फोरमका नेता उपेन्द्र यादवले भने, "पहाड र हिमाली भागहरूमा एउटा निर्वाचन क्षेत्रमा जम्मा १०,००० मतदाताहरू छन् भने तराईमा १,००,००० सम्म छन्। यो सीधै एक व्यक्ति, एक मतको सिद्धान्त विरुद्ध छ।", क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वीरगन्ज, २८ जून २००७।

[३५] यादव, "मधेसी", माथि उल्लेखित। कुल ८८ सिटमा ४६ मा पहाडेहरूले जितेका थिए।

## ३. राजनीति र राजनीतिकर्मीहरू

### क) तराईको राजनीति

सन् १९५० देखि नै मूलधारका पार्टीहरूका लागि तराई राजनीतिक गतिविधिको मुख्य केन्द्र तथा आधार रहिआएको छ। मुख्य नेपाली पार्टीहरू बनारस र कलकत्ता जस्ता भारतीय सहरहरूमा गठन भएका थिए र यी पार्टीका नेताहरूले भारतीय स्वतन्त्रता सङ्ग्राममा समेत भाग लिएका थिए।[३६] सिमाना वारपार मानिस र विचारको प्रवाहसँगै (सन् १९५० अघि राणा शासनकालमा सिमाना त्यति खुला नभए पनि आवतजावत भने गर्न पाइन्थ्यो) स्वभावतः पार्टीहरूको प्रभाव पनि तराईमा फैल्यो। तराई जिल्लाहरूमा छेडिएको राणाविरोधी विद्रोह स्थानीय सहयोग र समर्थनमा भएको थियो। भारत हातहतियारको स्रोत थियो साथै राजनीतिकर्मीका लागि सुरक्षित आश्रयस्थल थियो। सीमापारिबाट उनीहरू आक्रमण गर्थे। मुख्य सङ्घर्ष तराईमा भए तापनि मुद्दा र मागहरू भने राष्ट्रिय थिए।[३७]

छुट्टै पहिचानमा आधारित राजनीतिक सचेतता सन् १९५१ मा वेदानन्द झाको नेतृत्वमा गठन भएको नेपाल तराई काङ्ग्रेससँगै उब्ज्यो। यस सङ्गठनका प्रमुख मागहरूमा तराईको स्वायत्तता, राष्ट्रिय भाषाका रूपमा हिन्दीलाई मान्यता र निजामती सेवामा मधेसीहरूको उचित प्रतिनिधित्व थिए।[३८] सन् १९५७ मा सरकारले नेपाली भाषालाई पठनपाठनको एकमात्र माध्यम भाषा बनाउने निर्णय गरेपछि तराई काङ्ग्रेस र राष्ट्रवादीहरूबीच भिडन्तहरू भए।[३९] सन् १९५९ को संसदीय निर्वाचनमा तराई काङ्ग्रेसले एक सिट पनि जित्न सकेन। त्यस बेलाका अर्का प्रभावशाली मधेसी नेतामा रघुनाथ ठाकुर थिए, जसले मधेसी मुक्ति आन्दोलन गठन गरेका थिए। उनले तराईलाई स्वायत्तता प्रदान गरिनुपर्ने र मधेसीहरूलाई प्रहरी, सेना, निजामती सेवामा भर्ना गर्नुपर्ने साथै भूमिमाथि स्वामित्वको हक प्रदान गरिनुपर्ने जस्ता मागहरू उठाएका थिए। मधेसी हक हितका लागि ठाकुरले भारतमा पनि सक्रियतापूर्वक अभियान चलाएका थिए।[४०]

[३६] बनारसी समूहमा भारतमा रहेका नेपालीहरू, राजनीतिक निर्वासनमा परेकाहरू र ठूलो सङ्ख्यामा नेपाली विद्यार्थीहरू समाविष्ट थिए। बनारसको नेपाली राष्ट्रिय काङ्ग्रेस र कलकत्ताको नेपाली प्रजातान्त्रिक काङ्ग्रेस गाभिएर नेपाली काङ्ग्रेस (नेका) गठन भएको थियो। Joshi and Rose, माथि उल्लेखित, पृ. ५५, ६१, ७१।

[३७] नोभेम्बर १९५० मा नेकाले वीरगन्जमाथि आक्रमण गरेर सरकारी कार्यालयहरू कब्जा गरेपछि राणाहरू विरुद्धको आन्दोलनले गति लियो।

[३८] Gaige, *Regionalism*, माथि उल्लेखित, पृ. १०९।

[३९] आन्दोलनकारीहरूले "हिन्दी बचाऔं" समितिहरू गठन गरी आम विरोधका कार्यक्रमहरू चलाए। सरकारले नेपाली भाषामा मात्र प्राथमिक शिक्षा दिने नीतिलाई अस्थायी रूपमा लागू गरेन, तर पछि त्यसैलाई अगाडि लिएर गयो।

[४०] Jai Krishna Goit, "History of Terai in Nepal", madhesi.wordpress.com/2007/04/04/history-of-terai-in-nepal. पछि ठाकुरले मधेसी जनक्रान्ति-कारी दल खोले। सन् १९६० को दशकमा मधेसी मुद्दाहरूलाई उठाउने

नेपाली काङ्ग्रेसका बी.पी. कोइराला जस्ता प्रमुख राजनीतिक दलका नेताहरू मधेसीहरूतर्फ सहानुभूतिपूर्ण दृष्टिकोण राख्थे र भिन्नतालाई आदर गर्न तयार थिए। पटना तथा बनारसमा लामो समय बिताएका र खुला रूपमा हिन्दी बोल्नेहरू सम्भवतः काठमाडौंका सम्भ्रान्त वर्गको पूर्वाग्रहप्रति सहमत थिएनन्। तर राजा महेन्द्रले भाषालाई पहाड केन्द्रित एकात्मक पहिचानको सिर्जना गर्ने हतियारका रूपमा हेरे।

नेपाललाई पाँच विकास क्षेत्र र चौध अञ्चलमा विभाजन गर्नुका पछाडि पहाडे आधिपत्यलाई कायम राख्ने मनसाय थियो। त्यस्तो विभाजनले पहाड र मैदानको क्षेत्रलाई एउटै एकाइमा गाभिदियो। त्यसबाट असन्तुष्टिहरू पनि उब्जिए। तर राज्यको पक्षपाती प्रवृत्तिलाई थोरै मधेसी राजनीतिज्ञहरूले चुनौती दिए, धेरै विभिन्न तहमा आफूहरूलाई समाहित गराउनमै मक्ख परे।[४१] तैपनि प्रजातान्त्रिक राजनीतिले बलियो समर्थन पाइरह्यो। नेपाली काङ्ग्रेस (नेका) सबभन्दा बलियोसित स्थापित पार्टी थियो भने त्यहाँ किसान तथा मजदुर आन्दोलनको परम्परा पनि थियो।[४२] भारतीय नक्सलवादीहरू (दक्षिण एसियाकै पहिलो माओवादी समूह) द्वारा प्रेरित विद्रोहले सुदूर पूर्व तराईको जिल्ला झापालाई सन् १९७० को दशकको सुरुमा हल्लाइदियो।[४३]

तराई राजनीतिमा जात व्यवस्थाको महत्त्वपूर्ण भूमिका छ। सङ्कीर्ण जातीय संरचनालाई तराईमा उग्र वामपन्थी आन्दोलनको असफलताको प्रमुख कारण मानिन्छ, त्यसले गर्दा तल्ला जातका मानिसहरूलाई उल्लेखनीय सङ्ख्यामा परिचालन गर्न अप्ठ्यारो छ।[४४] सन् १९५९ को निर्वाचनमा र त्यसपछि सन् १९९० को दशकमा समेत मधेसी उम्मेदवारको छनोट र मत खस्ने प्रवृत्तिको निर्धारणमा जातको भूमिका महत्त्वपूर्ण थियो। नेकपा (एमाले) का पूर्व राजनीतिज्ञले भने, "सब कुरा जातमा आएर अड्किन्छ। उदाहरणका लागि, यदि चुनावमा कोही यादव उम्मेदवार छ भने सबै पार्टीका यादवहरू उसैलाई समर्थन गर्छन्। संसदीय निर्वाचनमा मात्र होइन नागरिक सङ्गठनको निर्वाचनमा समेत यो प्रवृत्ति पाइन्छ। त्यसैगरी गैरयादवहरू अर्को अघोषित मोर्चा गठन गर्छन् जसको एकमात्र उद्देश्य गैरयादवको जित सुनिश्चित गर्ने हुन्छ।"[४५]

## ख) पार्टीहरू

**मूलधारका राष्ट्रिय राजनीतिक पार्टीहरू।** तराईमा नेका र एमालेको बलियो सङ्गठनात्मक आधार र समर्थन छ। मूलधारका नेताहरूका निर्वाचन क्षेत्र पनि तराईमै छन् — उदाहरणका लागि, सुनसरीमा प्रधानमन्त्री कोइराला र रौतहटमा एमाले महासचिव नेपाल। सन् १९५९ को पहिलो आमनिर्वाचनमा र सन् १९९० पछिका निर्वाचनहरूमा मधेसीहरूको ठूलो हिस्साले प्रमुख राजनीतिक पार्टीहरू र त्यसमा पनि नेकालाई मत दिएका छन्।[४६] मधेसीहरूका लागि वास्तविक रूपमा आवाज नउठाए तापनि स्थापित र ठूला पार्टीहरूसँगको आबद्धताले सरकारी जागिर तथा ठेक्कापट्टाका साथै स्थानीय तथा राष्ट्रिय राजनीतिमा पहुँच र सामाजिक मर्यादा जस्ता फाइदाहरू दिलाउँदछ।[४७] राष्ट्रिय पार्टीहरूलाई मत दिंदाखेरि त्यसले मूलधारसँगै मिसिने चाहनालाई झल्काउँदछ र उनीहरूको निष्ठाप्रतिको शङ्कालाई पनि निराधार बनाउँदछ।[४८] धेरै मधेसीहरू महत्त्वपूर्ण नेतृत्वदायी स्थानहरूमा पुगेका छन्, विशेषगरी नेकामा।[४९] नेकाका पुराना नेताहरूले यिनै मधेसीहरूको बलियो समर्थन प्राप्त गरेका थिए। निर्वाचनको राजनीतिमा मधेसी पहिचानका सवालहरू नगाँसिएकाले मधेसी नेताहरू पार्टी पङ्क्तिमा आफ्ना गुनासा र दुखेसाहरू उठाउनतर्फ नलागी आफूले पद पाएकामै सन्तुष्ट रहे।

---

अन्य नेताहरूमा रामजी मिश्र, सत्यदेव मणि त्रिपाठी र रघुनाथ राया यादव थिए।

[४१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मधेसी कार्यकर्ता, राजविराज, २६ मे २००७। प्रायः सबै मधेसी राजनीतिज्ञहरू यस्तो विभाजनलाई अवैज्ञानिक भएको दाबी गर्दै सो कदमले स्थानीय अभिलाषाहरूलाई बेवास्ता गरी स्थानीय तहलाई अधिकार सम्पन्न गराउने कामलाई रोकेको बताउँछन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विश्लेषक, काठमाडौं, जून २००७। राजनीतिक हिसाबले प्रभावशाली सम्भ्रान्त मधेसी जमिन्दारहरू राजपरिषद् वा अन्य सरकारी निकायहरूमा छिरे, जिल्ला तथा क्षेत्रीय प्रशासक पदहरू स्वीकार गरे। उनीहरू विद्यमान अवस्थालाई खल्बल्याउने पक्षमा थिएनन्। तथापि पञ्चायती व्यवस्थाअन्तर्गत सन् १९८० मा भएको जनमत सङ्ग्रहमा तराईमा बहुदलका लागि ठूलो समर्थन रहेको थियो। विस्तृत जानकारीका लागि हेर्नुहोस् — Martin Hoftun, William Raeper and John Whelpton, *People, Politics and Ideology* (Kathmandu, 1999), पृ. ९३।

[४२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अनिल श्रेष्ठ, नेकपा माओवादी, पर्सा जिल्ला प्रमुख, वीरगन्ज, २८ मे २००७।

[४३] हेर्नुहोस् — क्राइसिस ग्रुपको रिपोर्ट, Nepal's Maoists, माथि उल्लेखित, पृ. ८-१२। झापाली आन्दोलनले धेरै वाम नेताहरूलाई जन्माएको थियो। तिनले पछि आआफ्नै बाटो समाते सन् २००५ मा शाही मन्त्रिमण्डलमा छिर्ने आर.के. मैनालीदेखि लिएर सात दलीय गठबन्धनका सदस्यसमेत रहेको संयुक्त वाममोर्चाको नेतृत्व गर्ने उनकै भाइ सी.पी. मैनाली। झापाली आन्दोलनबारे हेर्नुहोस् — दीपक थापा, *A Kingdom Under Siege* (Kathmandu, 2003), पृ. २६-२७।

[४४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, चन्द्रकिशोर, निर्देशक, सामाजिक अनुसन्धान केन्द्र, वीरगन्ज, १ जून २००७। मार्क्सवादी वर्ग विश्लेषणको साँघुरो ढाँचामा बाँधिएका नेपाली वामपन्थीहरूले आफ्ना भारतीय समकक्षीहरूले झैं जात र जातीयता राजनीतिक परिचालनका लागि जायज विषयहरू हुन् भन्ने पहिल्यैदेखि स्वीकारेनन्।

[४५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, राजविराज, २६ मे २००७।

[४६] नेपाल तराई काङ्ग्रेसले सन् १९५९ मा एक सिट पनि जित्न सकेन। सन् १९९० पछिका सबैजसो संसदीय चुनावहरूमा नेपाल सद्भावना पार्टीले ३ देखि ६ सिट जित्यो। दुई प्रमुख पार्टीहरूले जितेका कुल सिट सङ्ख्याहरू — सन् १९९१ को चुनावमा २१ एमाले, ५० नेका, सन् १९९४ को चुनावमा ३५ एमाले, ३९ नेका, सन् १९९९ को चुनावमा १८ एमाले र ५९ नेका थिए।

[४७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेका नेता, राजविराज, २७ मे २००७।

[४८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, चन्द्रकिशोर, वीरगन्ज, १ जून २००७।

[४९] पञ्चायत विरुद्धको आन्दोलनमा महेन्द्रनारायण निधी नेकाका ठूला नेता थिए; सन् १९९० को दशकमा नेका पार्टी पद र मन्त्रिस्तरीय पदहरू सह्माल्ने महन्त ठाकुर परिचित नाम हुन्; प्रजातान्त्रिक सरकारहरूमा मन्त्री हुने मधेसीहरूमा विजयकुमार गच्छेदार, जयप्रकाशप्रसाद गुप्ता, रामवरण यादव र विमलनेन्द्र निधी पर्दछन्; चित्रलेखा यादवले प्रतिनिधिसभा र अन्तरिम विधायिकाको उप-सभामुखको पद सह्मालेर निकै इज्जत कमाएकी छिन्।

मूलधारका पार्टीहरूले साङ्केतिक तवरले नै भए तापनि चुनाव प्रचारको क्रममा मधेसी मर्महरूलाई सम्बोधन गर्ने चेष्टा गरेका छन्।[५०] मधेसी पहिचानको राजनीतिले बल पाउन थालेपछि यी पार्टीहरूले मधेसी मोर्चा खडा गर्न सुरु गरेका छन्। एमालेको लोकतान्त्रिक मधेसी सङ्गठन छ भने जनमोर्चाले क्रान्तिकारी मधेसी मोर्चा खडा गरेको छ।[५१]

**नेपाल सद्भावना पार्टी।** सन् १९९० पछिको बहुदलीय प्रणालीमा सक्रिय रहेको एकमात्र क्षेत्रीय पार्टी नेपाल सद्भावना पार्टी (नेसपा) थियो।[५२] राजनीतिक सङ्गठनका रूपमा सोझै दर्ता गर्न नसकिने हुनाले सन् १९८३ मा नेपाल सद्भावना परिषद्को नामबाट एउटा सांस्कृतिक सङ्गठनका रूपमा यसको सुरुआत भएको थियो। यसको प्रमुख लक्ष्य मधेसीहरूको राजनीतिक र सांस्कृतिक हक स्थापित गर्नु थियो।[५३] बहुदलीय प्रणालीको सुरुआतपछि पूर्वी तराईको सप्तरी जिल्लाका पाका प्रजातान्त्रिक नेता गजेन्द्रनारायण सिंहको नेतृत्वमा १७ अप्रिल १९९० मा यो राजनीतिक पार्टीका रूपमा स्थापित भयो। लामो समयसम्म नेकाको सक्रिय कार्यकर्ता रहेका र १८ वर्षसम्म भारतमा निर्वासित जीवन बिताएका सिंह सन् १९८६ मा राष्ट्रिय पञ्चायतमा निर्वाचित भएका थिए र उनले मधेसी मुद्दाहरू उठाएका थिए।[५४] विगतमा मूलधारको प्रजातान्त्रिक पार्टीसँगको सम्बद्धता, काठमाडौं तथा दिल्लीमा राम्रो सम्बन्ध र तराईका केही जिल्लाहरूमा बलियो आधार भएकाले उनले आफूलाई राजधानीमा सजिलैसँग स्थापित गर्न सके। नेसपाका मुख्य मागहरूमा नागरिकता सम्बन्धी कानुनमा सुधार, हिन्दीलाई आधिकारिक मान्यता, सङ्घीय शासन प्रणाली र निजामती तथा सुरक्षा सेवामा मधेसीको समुचित प्रतिनिधित्व रहेका छन्।[५५] यस पार्टीले सन् १९९० को संविधानको विरोध गरेको थियो। तैपनि सोही संविधानको दायराभित्र रहेर काम गर्दै निरन्तर रूपमा संविधानसभाको माग उठाउँदै आएको छ।[५६]

नेसपाको तराईभरि नै जिल्ला समितिहरू छन्, तर पूर्वमा यसको पकड बलियो छ।[५७] सन् १९९० को दशकको अस्थिर समयमा यस पार्टीले सरकारमा जानलाई सबै राजनीतिक समूहसँग साठगाँठ गऱ्यो र मधेसीहरूका लागि भित्रैबाट केही गर्न सकिन्छ कि भनेर यसो गर्नुपरेको उनीहरूको तर्क थियो। तर यस्तो कार्यले गर्दा अनि आफ्ना एउटै पनि माग पूरा गराउन नसकेकाले तराईमा यस पार्टीले विश्वासनीयता गुमायो। अन्य शीर्षस्थ नेताहरूमा प्रायःजसो सबै उच्चजातका जमिनदारहरू थिए।[५८] सन् २००२ मा सिंहको निधनबाट यस पार्टीले अत्यन्त प्रभावशाली व्यक्तित्व गुमाउन पुग्यो र त्यसबाट पार्टीमा व्यापक गुटबन्दी तथा नेतृत्वका लागि आन्तरिक कलह सुरु भयो। उनीपछिका नेता बद्रीप्रसाद मण्डलले राजाको प्रधानमन्त्री शेरबहादुर देउवालाई बर्खास्त गर्ने ४ अक्टोबर २००२ को निर्णयलाई समर्थन गरेपछि पार्टी टुक्रियो। एउटा गुटको नेतृत्व मण्डलले गरे भने अर्को सिंहकी विधवा आनन्दीदेवीले। आनन्दीदेवीको नेतृत्वको नेसपा सात पार्टी गठबन्धनको सदस्य हो।[५९] टुक्रिएका दुई गुटको जून २००७ मा आनन्दीदेवीको नेतृत्वमा पुनः एकीकरण भएको थियो।

**माओवादीहरू।** माओवादीहरूले जयकृष्ण गोइतको नेतृत्वमा सन् २००० मा भारतको सिलीगुडीमा मधेसी राष्ट्रिय मुक्ति मोर्चा (म.रा.मु.मो.) को स्थापना गरे। यो उनीहरूको पहिचानको राजनीतिबाट फाइदा लिने र उपेक्षित समुदायहरूको समर्थन जुटाउने रणनीति थियो। मोर्चाका नेताहरू उनीहरूको लक्ष्य स्वायत्त र भेदभावरहित मधेस भएको बताउँछन्, तर यसको वास्तविक काम भने नेकपा माओवादीको क्षेत्रीय मोर्चाका रूपमा पार्टीलाई सघाउने, स्थानीय रूपमा लोकप्रियता प्राप्त गर्ने नीतिहरू बनाउने, कार्यकर्ता भर्ना गर्ने र सङ्गठन विस्तार गर्ने रहिआएको छ। माओवादीहरू मधेस र पहाडबीचको मुख्य भिन्नता सामाजिक संरचना र उत्पादन सम्बन्धका आधारमा भएको कुरा गर्छन्। यसबाहेक समस्याहरूको मूल जरो पहाडे शासक वर्गका नीतिहरू र मधेसीहरूको आफ्नै

---

[५०] पहाडे मूलका नेताहरू गाउँका सभा र घरदैलो कार्यक्रमहरूमा हिन्दी र अन्य स्थानीय भाषामा भाषण दिन्छन्। अनुदारवादी राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि तराईमा हुने ऱ्यालीमा सहभागिता जुटाउन हिन्दी भाषाको पोष्टर प्रयोग गर्छ।

[५१] क्रान्तिकारी मधेसी मोर्चा (क्रा.म.मो.) को नेतृत्व रामरिझन यादवले गरेका छन्, जो सिरहाका मधेसी नेता हुन्। लामो समयसम्म मधेसी जनअधिकार फोरमसँग सम्बद्ध रहेका यादवले क्रा.म.मो.को प्रमुख हुँदाहुँदै पनि फोरमसँगको सम्बद्धता कायम राखेका थिए।

[५२] क्षेत्रीय र जातीय पार्टीहरूउपर संवैधानिक नियन्त्रण हुँदाहुँदै पनि नेसपाले राष्ट्रिय मान्यता पायो र संसदीय निर्वाचनहरूमा ३ प्रतिशत राष्ट्रिय मत जितेर राष्ट्रिय पार्टीको स्थान कायम राखेको छ।

[५३] प्रख्यात जनसङ्ख्याविद् तथा योजनाविद् हर्क गुरुङद्वारा मधेसीहरूलाई भारतीय मूलका भनी वर्गीकरण गरिएबाट नेसपाको गठनलाई मद्दत पुग्यो। गुरुङको मान्यताको विरोध गर्दा गजेन्द्रनारायण सिंह गिरफ्तार भए। जेलबाट छुटेपछि उनले नेसपाको स्थापना गरे। राजेन्द्र महतो, *हमारे प्रेरणा के स्रोत – कर्मवीर स्वर्गीय गजेन्द्र नारायण सिंह,* (काठमाडौं, २००४)।

[५४] ऐ.ऐ.

[५५] हेर्नुहोस् Hoftun et al., माथि उल्लेखित, पृ. ३३०-३३३। पार्टीहरूको स्थितिबारे संक्षिप्त जानकारी www.nepaldemocracy.org/institutions/major_parties.htm#nsp मा पाउन सक्नुहुन्छ।

[५६] नेसपाले सन् १९९० को संविधानका प्रतिलिपिहरू जलायो र प्रजातान्त्रिक कालमै नयाँ संविधानको माग गऱ्यो। यद्यपि उक्त पार्टीले राजनीतिक प्रणालीमा भने भाग लिई नै रह्यो। *"वर्तमान समस्याका एक ही हल, संविधान सभाके लिए जनता में चल"*, नेसपा (आनन्दीदेवी) को बिनामितिको पर्चा।

[५७] नेसपाले सन् १९९१ को पहिलो संसदीय निर्वाचनमा ६ सिट (कुल ४.१ प्रतिशत भोट), सन् १९९४ मा ३ सिट (कुल ३.६ प्रतिशत भोट), १९९९ मा ५ सिट (कुल ३.१८ प्रतिशत भोट) जित्यो। यस पार्टीका उम्मेदवारहरूले मोरङ, सप्तरी, सर्लाही, नवलपरासी र रूपन्देही जिल्लामा जितेका छन्। तर पश्चिम, मध्यपश्चिम वा सुदूरपश्चिमका जिल्लाहरूमा भने पार्टीले एक सिट पनि जितेको छैन।

[५८] पार्टीका शीर्षस्थ नेताहरूमा हृदयेश त्रिपाठी, राजेन्द्र महतो, सरिता गिरी र अनिल झा छन्। चारै जना उपल्लो जातका हुन्।

[५९] नेसपाको यो फुट पहिलो थिएन। यसअघि रामजनम तिवारी पार्टीबाट निस्केर गएका थिए भने हृदयेश त्रिपाठीले पनि पुनः पार्टीमा फर्कनअघि छोटो समयका लागि नेपाल समाजवादी जनता दल गठन गरेका थिए।

शोषणमुखी सामन्ती जातप्रथा भएको उनीहरू जोड दिन्छन्।[६०] मोर्चाका नेता प्रभु साह भन्छन्, "मधेसको सच्चा प्रतिनिधित्व म.रा.मु.मो.ले गर्दछ। हामीभन्दा अगाडि नेसपाले मधेसका मुद्दाहरू उठाएको हो, तर हामीले तिनलाई राजनीतिक एजेन्डामा राख्यौं। हामी यसका लागि लड्यौं र सशस्त्र सङ्घर्षमा हाम्रा मित्रहरू गुमायौं। हाम्रो योगदानको सही मूल्याङ्कन हुनुपर्दछ।"[६१]

माओवादीहरूले कठिन नीतिगत निर्णयहरूको सामना गरिरहेका छन्। उनीहरूका स्वायत्त जनसरकारहरूको गठनपछि मधेसलाई दुई भागमा बाँडिएको छ — पश्चिममा थरुवान र पूर्वमा मधेस। यसबाट मधेसी नेताहरू चिढिएका छन्। पार्टीको आधिकारिक नीति बदलिएको छैन, तर माओवादीहरू यस नीतिलाई परिमार्जन गर्न तयार रहेको र एकीकृत प्रदेशमा थारूको छुट्टै प्रशासकीय एकाइ रहन सक्छ भनी बताउँछन्।[६२] माओवादीहरू आत्मनिर्णयको अधिकारलाई समर्थन गर्छन् तर राज्यलाई टुक्र्याउने कुरा यसभित्र नपर्ने बताउँछन्।[६३] मोर्चाले राजकीय संस्थाहरूमा मधेसीहरूको समानुपातिक समावेशीकरण, नागरिकताको प्रमाणपत्रको पूर्ण वितरण, स्थानीय कामकाजी भाषाका रूपमा मैथिली, भोजपुरी र अवधीको प्रयोग, अन्य सांस्कृतिक हकहरूको संरक्षण, मधेसबाट उठेको राजस्वको मधेसमै उपयोग, क्रान्तिकारी भूमिसुधार अनि दाइजो प्रथा, नारीमाथि शोषण, छुवाछूत र सामाजिक भेदभावको उन्मूलन जस्ता विभिन्न माग राखेको छ।[६४] तराईमा हिन्दीलाई सम्पर्क भाषाका रूपमा स्थापित गर्नुपर्छ भन्ने नेसपाको मागको यस पार्टीले विरोध गरेको छ। यस पार्टीका अनुसार उक्त माग उपल्लो जातका मानिस र भारतको चाल मात्र हो।[६५]

नेकपा माओवादी र मोर्चाका साझा वैचारिक र नीतिगत अडान छन्। मोर्चाका केही शीर्षस्थ नेताहरू माओवादी पदानुक्रममा प्रभावशाली स्थानमा छन्, तर मोर्चाका नेताहरू आफ्नो सङ्गठन चलाउन र नीतिगत निर्णयहरू लिन उनीहरूलाई स्वतन्त्रता रहेको तथा मोर्चाका सदस्यहरू माओवादीहरू हुनैपर्छ भन्ने जरुरी नभएको बताउँछ।[६६] मोर्चाको केन्द्रीय समितिमा २२ सदस्य, तीन क्षेत्रीय संयोजन समिति र जिल्ला समितिहरू छन्।[६७] सन् २००४ मा मोर्चाका प्रमुखमा नियुक्त भएका मातृकाप्रसाद यादवले मधेस स्वायत्त सरकारको पनि नेतृत्व गरेका थिए। यद्यपि जिल्ला तहमा भने मोर्चा र जनसरकारका प्रमुखहरू फरकफरक मानिस हुने गर्थे। यी दुई सङ्गठनहरूबीचको सम्बन्ध घनिष्ठ थियो।[६८]

त्यसो त मोर्चाको आन्तरिक समस्या पनि छ। यादवलाई मोर्चाका प्रमुखसाथै मन्त्री बनाइएकोमा साहले विरोध गरेका छन्। यस फाटोलाई यादव र गैरयादवहरूबीचको जातीय खिचातानीका रूपमा पनि लिने गरिएको छ। जून २००७ को उत्तरार्धमा मतभिन्नताहरू सार्वजनिक भएपछि मतभेद चरम अवस्थामा पुगेको हो। यस घटनापछि पार्टीले मोर्चालाई प्रत्यक्ष नियन्त्रणमा लियो र एउटा तदर्थ समितिको गठन गर्‍यो। यस्तो किसिमको फुट जिल्ला तहसम्म नै पुगेको छ। यादव पार्टी नेतृत्व पङ्क्तिमा ठूलो हैसियत राख्छन् र उनीप्रति समर्थन पनि छ। साहको पनि निश्चित प्रभाव छ र केही माओवादी शीर्षस्थ नेताहरूको समर्थन उनलाई प्राप्त छ।[६९]

माओवादीका सबै जनजातीय भ्रातृ सङ्गठनहरूसँग मोर्चाको सम्बन्ध छ। सबै सङ्गठनका नेताहरूसँग यस मोर्चाले पार्टीको दायराभित्र रहेर कुराकानी गर्दछ। साझा विषयका जुनसुकै निर्णय पार्टीको नेतृत्वले सङ्गठनका नेताहरूसँगको परामर्शको आधारमा लिन्छ। मूलधारमा समावेश नगरिएका जनजातिहरूका बीच एकता कायम गर्नु माओवादीको मुख्य रणनीति रहेको छ। "समानुपातिक प्रतिनिधित्व नै हुने भए पनि मधेसीहरू कुल जनसङ्ख्याको ४० प्रतिशत मात्र छन्, अन्य समुदायसँग मिलेको खण्डमा हाम्रो आवाज निर्णायक हुन सक्छ", साह भन्छन्।[७०]

**मधेसी जनअधिकार फोरम।**[७१] यो फोरम पहिलो पटक सन् १९९७ मा स्थापित भएको थियो, सुरुमा यो गैरसरकारी संस्थाको रूपमा थियो। यसका संस्थापक नेताहरू माओवादीले समेत यसको

---

[६०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, प्रभु साह, म.रा.मु.मो. महासचिव, काठमाडौं, २३ मे २००७।

[६१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, २३ मे २००७।

[६२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अथक, नेकपा माओवादी बाँके जिल्ला प्रमुख, नेपालगन्ज, १५ जून २००७।

[६३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी नेताहरू, काठमाडौं २३ मे २००७। हेर्नुहोस् बाबुराम भट्टराई, "मधेसी प्रश्नलाई हेर्ने दृष्टिकोणहरू", *लाल मधेस*, मार्च २००६। पूर्व र पश्चिम तराईका जनसङ्ख्या बनौटको भिन्नतालाई भट्टराई स्वीकार गर्छन् र भन्छन् सङ्घीय एकाइहरू भाषा र संस्कृति, आर्थिक र सामाजिक अवस्था, भूगोल र लोकप्रिय चाहनामा आधारित हुनुपर्दछ। माओवादीहरू के विश्वास गर्छन् भने क्षेत्रीय र जातिगत आत्मनिर्णयका अधिकार आफैंमा उचित मात्र होइन कि यो राष्ट्रिय एकताका लागि माथिबाट खटन गरिने केन्द्रीकृत अभ्यासभन्दा राम्रो छ। एक मधेसी माओवादी नेता स्पष्ट पार्छन्, "मधेसलाई छुट्टै देश बनाए पनि अहिलेको विश्वव्यापीकरणको युगमा त्यो देश आफैंमा स्वतन्त्र हुँदैन। आजको आवश्यकता भनेको स्वायत्तता हो।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, मे २००७।

[६४] प्रभु साह, *जनयुद्ध र मधेसी मुक्तिको कार्यदिशा* (मधेसी राष्ट्रिय मुक्ति मोर्चा, २००६), पृ. १९-२०

[६५] ऐ.ऐ., पृ. २०।

[६६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, प्रभु साह, काठमाडौं, जून २००७। उनले भने, "म.रा.मु.मो.को प्रमुख उद्देश्य मधेसको राष्ट्रिय मुक्ति हो। नेकपा माओवादीको उद्देश्य साम्यवाद स्थापना हो। सैद्धान्तिक हिसाबले म.रा.मु.मो.ले उठाएका सवालहरूलाई समर्थन गर्नेले माओवादी उद्देश्यहरूलाई समर्थन नगर्न पनि सक्छ। व्यवहारमा भने केही मिसमास पनि भएको छ र धेरै म.रा.मु.मो.का सदस्यहरू पार्टीमा पनि छन्।"

[६७] मिथिला, भोजपुर र अवध संयोजन समितिहरूले केन्द्र र जिल्लाबीच सम्पर्क सेतुको काम गर्छन्।

[६८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी नेता, काठमाडौं, जून २००७।

[६९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विश्लेषक, स्थानीय पत्रकार र माओवादी कार्यकर्ता, काठमाडौं, जनकपुर र वीरगन्ज, मे-जून २००७।

[७०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, प्रभु साह, काठमाडौं, २३ मे २००७।

[७१] मधेसी जनअधिकार फोरमलाई नेपालका अङ्ग्रेजीभाषी मिडियाले कहिलेकाहीं यसको नेपाली नामको अनुवाद गरेर MPRF (Madhesi People's Right Forum) भन्ने गर्छन्।

स्थापनालाई स्वागत गरेका बताउँछन्।[७२] मधेसी सरोकारहरूबारे छलफल र प्रवर्द्धन गर्ने, शोधपत्र एवम् पुस्तकहरूको प्रकाशन जस्ता कार्य गर्ने अन्तरपार्टी बौद्धिक फोरमका रूपमा यस संस्थाको विकास भयो।[७३] यसका अन्य क्रियाकलापहरूमा जनजागरण बढाउने हेतुले सेमिनार तथा तालिम कार्यक्रमहरूको आयोजना गर्नु र सङ्गठन निर्माण तथा भारतीय नेताहरूसँग सम्बन्ध विस्तार गर्नु पर्दछन्।[७४] मधेसी आन्दोलनमा फोरम नेतृत्वदायी शक्तिका रूपमा देखा पर्‍यो र यसले अप्रिल २००७ मा निर्वाचन आयोगमा राजनीतिक पार्टीको हैसियतले दर्ता गरिपाउन निवेदन दियो।[७५] यस पार्टीका प्रमुख दुई नेताहरू थिए — जयप्रकाशप्रसाद गुप्ता (कोइरालाका संरक्षणमा हुर्केका सप्तरीका सांसद गुप्ता नेकाका तर्फबाट मन्त्रीसमेत भएका थिए। पार्टी नेतृत्वको आशीर्वाद मिल्न छाडेपछि उनी मधेसी आन्दोलनतिर लागेका हुन्) र उपेन्द्र यादव (सन् १९९१ को संसदीय निर्वाचनमा सुनसरीबाट एमालेका उम्मेदवार रहेका यादव केही समय माओवादी पार्टीसँग पनि लागेका थिए, तर सन् २००४ मा उनले माओवादी पार्टी त्याग गरेका हुन्)।[७६] गुप्ताले जून २००७ मा फोरम छाडे। फोरम एउटा फराकिलो मधेस आधारको निर्माण गर्न प्रयासरत रहे पनि यसका नेताहरू प्रायः पूर्वी तराईका छन् र केन्द्रीय समितिमा पनि उपल्लो तथा मध्यम हिन्दू समुदायका मानिसहरूको र त्यसमा पनि यादवहरूको आधिपत्य छ।[७७]

फोरमले आन्तरिक उपनिवेशवादका साथै मधेसीका विरुद्ध भएका क्षेत्रीय र जातीय भेदभावका विषयहरूलाई आफ्नो मुद्दा बनाएको छ। फोरमले राखेका प्रमुख मागहरूमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रसहितको अविभाजित र स्वायत्त मधेस, धर्मनिरपेक्षता, समानुपातिक निर्वाचन प्रणाली, सबै मधेसीलाई नागरिकताको प्रमाणपत्र, राज्यका सबै अङ्गहरूमा मधेसीहरूको समावेशीकरण, दलित तथा मधेसका दमित जात समूहहरूका लागि विशेष कार्यक्रम, स्थानीय तवरमा मैथिली, भोजपुरी तथा अवधी भाषाको प्रयोग तथा संवर्द्धन, सम्पर्क भाषाका रूपमा हिन्दीलाई मान्यता, मधेसमा पहाडेहरू बसाइँ सर्ने क्रमको अन्त्य, तराईबाट उठाइएको राजस्वको उल्लेखनीय भाग तराईमै लगानी, नेपाली मुसलमान विरुद्धको भेदभावको अन्त्य र मदरसाको आधिकारिक मान्यता रहेका छन्।[७८] फोरमले मधेसी राजनीतिलाई राष्ट्रिय विकासका बृहत्तर सवालहरूसँग पनि जोडेको छ। यस पार्टीले राजाको प्रत्यक्ष शासन र माओवादी हिंसाको विरोध गरेको थियो। साथै संयुक्त राष्ट्रको देखरेखमा जनसङ्ख्यामा आधारित समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत संविधानसभाको चुनाव हुनुपर्ने माग गरेको थियो।[७९]

### ग) सशस्त्र साना समूहहरू

**जनतान्त्रिक तराई मुक्ति मोर्चा।** ज.त.मु.मो. एउटा सशस्त्र विद्रोही समूह हो। यो तीन गुटमा फुटेको छ। जुलाई २००४ मा यो सङ्गठन खोल्नलाई म.रा.मु.मो.का पूर्व नेता जयकृष्ण गोइत माओवादीबाट अलग भए। उनी मधेसमा पार्टीका नेतृत्वदायी पदहरूमा पहाडेहरूको आधिपत्य र जनमुक्ति सेनामा मधेसीहरू विरुद्ध हुने भेदभावबाट असन्तुष्ट थिए। म.रा.मु.मो.को प्रमुखमा मातृका यादवलाई नियुक्त गरेकामा र उनलाई वरिष्ट शीर्षस्थ सल्लाहकारको पदमा सारिएकामा पनि चित्त बुझेको थिएन।[८०] अगस्त २००६ मा उनले समूहको पूर्वी कमान्डर नगेन्द्र पाशवन (ज्वाला सिंह) लाई निष्कासन गरे। गोइतको भनाइमा अनुशासनहीनका कारण सिंहमाथि कारबाही गरिएको थियो। गोइतको स्वेच्छाचारी प्रवृत्ति र जातीय सङ्कीर्णताको[८१] आलोचना गर्ने सिंह आफैंले छुट्टै ज.त.मु.मो.को स्थापना गरे। दुवै गुटले हिंसालाई अँगालेका छन् र अपहरण, लुटपाट, भौतिक कारबाही तथा हत्याका लागि जिम्मेवार छन्। तैपनि यी दुवै गुटलाई पूरै आपराधिक समूह भनिहाल्न मिल्दैन।

---

[७२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वर्तमान र निर्वतमान फोरमका नेताहरू, विराटनगर, मे २००७।

[७३] अन्यहरूमा अम्रेस सिंह (नेका), रामरिझन यादव (जनमोर्चा) र स्वतन्त्र कार्यकर्ताहरू पर्छन्। प्रकाशनका हकमा उपेन्द्र यादव, *नेपालका मधेसी समुदाय : एक विवेचना* (विराटनगर, १९९७), *नेपाली जनआन्दोलन और मधेसी मुक्तिका सवाल* (विराटनगर, २००४), *मधेस : मधेसी समस्या र समाधान* (काठमाडौं, २००५), जयप्रकाशप्रसाद गुप्ता, हरिवंश झा, अम्रेसनारायण झा र उपेन्द्र यादव, *नेपाली मधेसीका समस्या : चार विचार* (काठमाडौं, २००४), *मधेस वाणी* (काठमाडौं, २००३)।

[७४] "मधेसी जनअधिकार फोरमको प्रतिनिधिमण्डल भारत भ्रमणमा", *मधेस मूल्याङ्कन*, जनवरी २००६। उपेन्द्र यादवको नेतृत्वमा चार सदस्यीय टोलीले सन् २००५ मा दिल्ली, पटना र लखनउको भ्रमण गर्‍यो। यादव समर्थन जुटाउनका लागि पटकपटक भारत गएका छन्।

[७५] आफ्नो पार्टी दर्ताको निवेदनलाई समर्थन जुटाउन फोरमले ३२,००० भन्दा धेरै हस्ताक्षरहरू बटुलेको थियो। निर्वाचन आयोगले पार्टी दर्ताबारे निर्णय दिन बाँकी नै छ।

[७६] हेर्नुहोस् "Madhes Violence: The Identity Clash in Nepal", Conflict Study Centre, काठमाडौं, ३० जनवरी २००७ ।यादवले १०-११ जुलाई २००३ मा सम्पन्न मधेसी राष्ट्रिय मुक्ति मोर्चाको पहिलो राष्ट्रिय सम्मेलनमा भाग लिएका थिए। म.रा.मु.मो.को प्रेस विज्ञप्ति, ३० जुलाई २००३। फेब्रुअरी २००४ मा उपेन्द्र यादव, मातृका यादव र सुरेश आलेमगर दिल्लीमा गिरफ्तार भएका थिए। मातृका यादव र सुरेश आलेमगरलाई नेपाली प्रशासनको हातमा सुटुक्क बुझाइएको थियो भने उपेन्द्र यादव केही महिनाभित्रै रिहा भएका थिए। माओवादीहरू उनलाई भारतीय संस्थापनासँग बेचिएको आरोप लगाउँछन् र सुराकीको काम गरेको पनि भन्छन्। जेलबाट छुटेपछि उनले अत्यधिक समय भारत र विशेषगरी विहारमा बिताए। कसैसँग ठोस प्रमाण नभए पनि केहीले भने उनलाई जेलबाट छुटाउन आदेश दिने तत्कालीन सरकारमा रहेका भा.ज.पा.लगायतका दक्षिणपन्थी हिन्दू नेताहरूका साथै अन्य राजनीतिज्ञहरू र खुफिया सङ्गठनहरूसँग पनि सम्बन्ध गाँसेको आशङ्का गरेका छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, फोरमका पूर्व नेता, विराटनगर, २४ मे २००७।

[७७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, फोरम नेताहरू, विभिन्न जिल्ला, मे-जून २००७।

[७८] फोरमको घोषणापत्र, १९९७।

[७९] फोरम केन्द्रीय समितिको सङ्कल्प प्रस्ताव, १९ अक्टोबर, २००५, वीरगन्ज, *मधेस मूल्याङ्कन*को जनवरी २००६ को अङ्कमा पुनः प्रकाशित।

[८०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विश्लेषक, काठमाडौं, मे २००७।

[८१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, ज्वाला सिंह, मे २००७।

गोइत र सिंहका राजनीतिक एजेन्डाहरू छन्। गोइत माओवादीमा प्रवेश गर्नअघि एमालेका राजनीतिक कार्यकर्ता थिए भने सिंहको पृष्ठभूमि पत्रकारिता रहेको छ।[८२] जून २००७ को अन्त्यतिर ज.त.मु.मो. फेरि टुक्रियो र विस्फोट सिंहको नेतृत्वमा आठ जना विद्रोहीहरूले एउटा गुटलाई जन्म दिए।[८३]

ज्वाला सिंह गुट आफ्नो सङ्गठन माओवादी नमुनामा आधारित रहेको दाबी गर्छन् जसअनुसार केन्द्रीय समिति, केन्द्रीय र जिल्ला तहका तराई सरकारहरू, तराई मुक्ति सेना र पूरै तराईभरि जिल्ला समिति रहेको बताउँछन्।[८४] गोइतको पनि केन्द्रीय समिति, पूर्व र पश्चिम तराई क्षेत्रीय ब्युरो, गाउँ, वडा र एकाइ समितिहरू तथा समानान्तर सैनिक सङ्गठन छन्। दुवै गुटले गरेका दाबीको वास्तविकता कस्तो छ त्यो भन्न गाह्रो छ। यद्यपि दुवै गुटले सदस्यहरू भर्ना गरेका छन् र उनीहरूको विस्तार उल्लखनीय रहेको छ।

गोइत गुटले तराईको मुद्दालाई उपनिवेशवादसँग जोडेर स्वतन्त्रताको माग राखेको छ। उनी आफूलाई नेपाली नागरिक भनेर चिनाउन चाहँदैनन् र तराईमाथि हकदाबी गर्ने नेपालको कुनै कानुनी आधार नभएको कुरामा विश्वास गर्छन्।[८५] गोइतले तराईका सम्पूर्ण प्रशासनिक पदहरूमा मधेसी राखिनुपर्ने र यस भेकबाट उठाइएको राजस्व पुनः यहाँकै जनतालाई फिर्ता गरिनुपर्ने माग पनि राखेका छन्।

ज्वाला सिंहले पनि तराईमाथिको नेपालको ऐतिहासिक दाबीमाथि प्रश्न उठाएका छन्।[८६] उनले तीन मूल सवालहरूलाई उठाएका छन् — सर्वसत्तावादी पहाडे राज्य, मधेस र मधेसीमाथि औपनिवेशिक शोषण, वर्ग विभेद र जातिगत विभेद।[८७] अहिलेसम्म मधेसी आन्दोलन असफल भइरहेको प्रमुख कारण यसका नेताहरूले बन्दुक नउठाएकाले हो भन्नेमा उनी विश्वास गर्छन् र भन्छन्, "सर्वप्रथम सशस्त्र सङ्घर्षबाट औपनिवेशिक समस्या हल गरिनुपर्दछ। हाम्रो मुख्य उद्देश्य भनेको स्वतन्त्रता हो। हामी पहाडे शासनबाट मुक्त भएपछि अन्य समस्याहरू समाधान गर्न सकिन्छ।"[८८] तर ज.त.मु.मो. (ज्वाला सिंह) पक्षधरहरू यी मागहरूलाई लेनदेनको रणनीति मात्र ठान्छन्। सिंहले पूर्ण स्वतन्त्रता सम्भव नहुने कुरा बुझेका छन् र नेपालभित्रै एकीकृत मधेस प्रदेश पाएमा उनले चित्त बुझाउने देखिन्छ।[८९] त्यसैगरी उनले निष्पक्ष निर्वाचन प्रणाली, मधेसमा मधेसीद्वारा गरिएको ताजा जनगणना, नागरिकता वितरण टोलीमा केवल मधेसीहरूको नियुक्ति, माओवादीद्वारा गरिंदै आएको चन्दा सङ्कलनको अन्त्य, हडपिएका सम्पत्ति फिर्ता र तराईबाट उठाइएको सबै राजस्व त्यही क्षेत्रमा खर्च गरिनुपर्ने जस्ता मागहरू अघि सारेका छन्।[९०]

**साना समूहहरू/स्थानीय गठबन्धन।** ज.त.मु.मो.का दुवै गुटलगायत झन्डै एक दर्जन सशस्त्र समूहहरू तराईमा मधेसीको हकहितका लागि भनेर लडिरहेको दाबी गर्दछन्।[९१] उनीहरूका बारेमा थोरै मात्र जानकारी उपलब्ध छ र स्थानीय बासिन्दाहरू उनीहरूलाई शान्तिसुरक्षाको फितलो स्थितिको फाइदा उठाउने अवसरवादीका रूपमा हेर्छन्। उनीहरूका गतिविधि मूलतः आपराधिक प्रकृतिका छन् र प्रायःजसो कुनैले पनि आफ्नो घोषणापत्र जारी गरेका छैनन्। एक दशकअघि गठन भएको तर हालसालै मात्र सक्रिय भएको मधेसी टाइगर समूह प्रफुल यादवको नेतृत्वमा चलेको विश्वास गरिन्छ।[९२] उनीहरूका क्रियाकलापमा अपहरण र हत्या पर्दछन्। उनीहरू विशेषगरी सुनसरी, सप्तरी र सिराहामा सक्रिय छन्। टाइगर लडाकाहरूले सुरक्षाबलसँग सप्तरीमा भिडन्त गरेका छन्।[९३] नेपाल डिफेन्स आर्मीले हिन्दू अधिराज्य नेपालको समर्थन गर्दछ। यस सङ्गठनको दरबारसँग सम्बन्ध हुन सक्छ। यस समूहलाई भारतीय उग्रवादी हिन्दू सङ्गठनहरूको सक्रिय समर्थन रहेको सम्भावना देखिंदैन।[९४]

चुरे भावर एकता समाज (चु.भा.ए.स.) पूर्वी मधेसका र विशेषगरी मुख्य राजमार्गका वरिपरि वा राजमार्गको उत्तरतर्फको इलाकामा बसोबास गर्ने पहाडेहरूले बढ्दो मधेसी परिचालन विरुद्ध आफ्नो सुरक्षार्थ गठन गरेका हुन्। यस सङ्गठनको केन्द्रीय समितिमा एमालेसित सम्बद्ध व्यक्तिहरूको आधिपत्य रहेको बताइन्छ।[९५] कसैकसैको भनाइमा यस सङ्गठनको नेकासँग पनि गहिरो सम्बन्ध रहेको छ र यसभित्र भूतपूर्व सैनिकहरू रहेका पनि बताइन्छ।[९६]

---

[८२] Interview with Jwala Singh. INSEC Online, at www.inseconline.org/interview.pdf?newsid=53. ज्वाला सिंहले माओवादीको संसदीय मोर्चा संयुक्त जनमोर्चा नेपालको सिरहा जिल्ला सचिव भएर सन् १९९३ मा पार्टी प्रवेश गरेका थिए। उनी माओवादीको साप्ताहिक पत्रिका *जनादेश*को संवाददाता र नेपाल पत्रकार महासङ्घ सिरहाका पदाधिकारीसमेत थिए।

[८३] "JTMM(G) also splits", *The Kathmandu Post*, २७ जून २००७। गोइतले व्यक्तिगत स्वार्थमा लागेर मधेसीका हक हितलाई छोडेको आरोप विस्फोट सिंहले लगाए।

[८४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, ज्वाला सिंह, मे २००७।

[८५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जयकृष्ण गोइत, जून २००७। गोइतले भने सन् १८१६ र १८६० को ब्रिटिस इन्डिया र नेपालबीच गरिएको सन्धिपछि मात्र तराई नेपालको भाग भएको हो। यी दुवै सन्धिहरू सन् १९५० को सन्धिपछि खारेज भएका थिए। यसै कारण उनको विचारमा नेपालले तराईमाथि हकदाबी गर्ने कुनै कानुनी आधार छैन।

[८६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, ज्वाला सिंह, मे २००७।

[८७] ज्वालासिंहसँग अन्तर्वार्ता, INSEC Online, माथि उल्लेखित।

[८८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, ज्वाला सिंह, मे २००७।

[८९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जनकपुर, मे २००७।

[९०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, ज्वाला सिंह, मे २००७।

[९१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, चन्द्रकिशोर, वीरगन्ज, १ जून २००७।

[९२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मधेसी कार्यकर्ता, विराटनगर, राजविराज र लहान, मे २००७।

[९३] उदाहरणका लागि ४ मे २००७ मा सप्तरीको भिडन्तमा मधेसी टाइगरका दुई कार्यकर्ताहरू मारिए। "Saptari, Siraha affected by Madhesi Tiger Terai strike", ekantipur.com, ५ मे २००७।

[९४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, रा.स.स. कार्यकर्ता, रक्सौल, जून २००७। भारतका हिन्दू अतिवादीहरू नेपाल डिफेन्स आर्मीलाई बिलकुल महत्त्व दिंदैनन्।

[९५] यस विषयमा जानकारी राख्ने एक पर्यवेक्षकका अनुसार १४ जना सदस्यमध्ये नौ जना एमाले कार्यकर्ता हुन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, १८ जून २००७।

[९६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विश्लेषक, काठमाडौं, जून २००७।

प्रायःजसो मधेसीहरू उनीहरूका विरोधी (मूलधारका पार्टीहरू, राज्य प्रशासन र सुरक्षाबल) हरूका समर्थन र हौसलामा यस सङ्गठनको निर्माण भएको विश्वास गर्दछन्।[९७] सरकारले यस सङ्गठनका प्रतिनिधिहरूसँग दुई चरण औपचारिक वार्ता गरी यसलाई व्यवहारमा मान्यता प्रदान गरेको छ।[९८]

**हिन्दू र राजावादी समूहहरू।** धर्म, शाहीवाद र मधेसी सक्रियतावाद बीचको सम्बन्ध जटिल र कहिलेकाहीं विरोधाभासपूर्ण देखिन्छ। मधेसी बुद्धिजीवीहरू राजा महेन्द्रले सन् १९६२ मा दरबारद्वारा सुरु गरिएको पञ्चायत प्रणाली नै भेदभाव बढाउन र पहाडे सांस्कृतिक मान्यताहरू जबर्जस्ती लाद्नमा मूलतः जिम्मेवार रहेको कुरा बताउँछन्। उनीहरूका अनुसार राजा वीरेन्द्रले प्रजातान्त्रिक कालमा समेत पटकपटक नागरिकतासम्बन्धी सुधारलाई आफूमा निहित शक्ति प्रयोग गरी कुन्ठित पारेका थिए।[९९] मधेसी जनअधिकार फोरम र जनतान्त्रिक तराई मुक्ति मोर्चा धर्मनिरपेक्षता र सङ्घीय गणतन्त्रका लागि लड्ने कुरामा सहमत छन्।[१००] सरकारसँगको १ जून २००७ मा भएको वार्ताका लागि फोरमले आफ्ना मागहरू राखी लेखेको पत्रमा दरबारको ठूलो विरोध गरिएको थियो। त्यसमा जनआन्दोलनमा प्रकट जनभावना विपरीत आलङ्कारिक भए पनि राजा जोगाइराख्ने षडयन्त्रमा नेका, एमाले र नेकपा (माओवादी) हरूसमेत लागेको आरोप लगाइएको थियो।[१०१] त्यति हुँदाहुँदै पनि तराईले राजतन्त्रप्रति केही सद्भावना बोकेकै देखिन्छ; त्यहाँ ज्ञानेन्द्रले आफ्नो भ्रमणमा अन्य ठाउँहरूभन्दा बढी नै भीड बटुलेको पाइयो। पार्टीहरूद्वारा बहिष्कृत र दरबारद्वारा समर्थित फेब्रुअरी २००६ को नगरपालिका निर्वाचनमा तराईका केही सहरहरूमा तुलनात्मक हिसाबले बढी नै सहभागिता पाइएको थियो। अनि स्थानीय मधेसी उच्चवर्गले दरबारसँगको सम्बन्ध कायमै राखेका छन्।[१०२]

हुन त सबै मधेसी राजनीतिक सङ्गठनहरू जातीय शोषणको समस्या समाधान गरिनु जरुरी भएको बताउँछन्। तर माओवादी मधेसी राष्ट्रिय मुक्ति मोर्चा र जनतान्त्रिक तराई मुक्ति मोर्चाले भने हिन्दू जातीय संरचना नै पछौटेपनको प्रमुख कारण भएको ठहर गरेको छ। दलित कार्यकर्ताबाहेकका अरू अधिकांश राजनीतिज्ञका लागि जातिगत सवाल मत बटुल्ने प्रमुख आधार मात्र बनेको र जातीय असमानताबारे थोरैले मात्र गुनासो प्रकट गरेका छन्। मधेसी र पहाडी जातिगत संरचना फरक भए तापनि केही अध्येताको विचारमा हिन्दूवादको मूलधारप्रति दुवैको साझा आबद्धता पहाड र मैदानबासीका बीच बलियो सम्बन्धको आधार रहँदै आएको छ।[१०३] मधेसी आन्दोलनमा केही हदसम्म हिन्दू झलक पाइन्छ — मे २००७ मा सरकारले गरेको धर्मनिरपेक्षताको घोषणाप्रतिको असन्तुष्टिलाई विरोधका लागि एकबद्ध हुने अवसरका रूपमा उपयोग गरियो। मधेसी जनअधिकार फोरमको केन्द्रीय समितिका केही सदस्यहरूको हिन्दूत्ववादी समूहहरूसँग पहिले आबद्धता रहेको थियो। फोरमले प्रचारका लागि हिन्दू देवदेवीका चित्रहरूलाई हिन्दू भावनालाई भड्काउने किसिमले प्रयोग पनि गरेको थियो।[१०४] ससाना धार्मिक समूह र ख्यातनामा गुरुहरूबाट पनि धर्मनिरपेक्षता विरोधी विचार फैल्याउन मद्दत पुगेको हुनुपर्छ।[१०५] धार्मिक भावनालाई हिन्दू राष्ट्रवाद वा राजतन्त्रसँग सीधै जोड्न अवश्य पनि मिल्दैन, तर मधेसी नेताहरू र धर्मनिरपेक्षताका पक्षधर टिप्पणीकर्ताहरूले स्वीकार्न चाहेभन्दा हिन्दू राजनीतिले बढी नै सहानुभूति पाएको हुन सक्छ।[१०६]

दरबार समर्थक र सक्रिय हिन्दूत्ववादी समूहहरूका पनि बहुआयामिक एजेन्डाहरू हुन सक्छन्। पहिले नाम चलेका राजावादी केही राजनीतिज्ञहरूका लागि मधेसी आन्दोलन राजालाई बलियो बनाउनाका साथसाथै आफूहरूलाई पुनःस्थापित गराउने सुनौलो

---

[९७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पूर्वी तराई जिल्लाहरू, मे-जून २००७।

[९८] हेर्नुहोस् "Govt., Chure Samaj start second round of talks", nepalnews.com, १७ जून २००७।

[९९] कानुनी प्रक्रियाको विकासबारे हेर्नुहोस् — बी..सी. उप्रेती, "नागरिकताको राजनीति", *मधेस,* माथि उल्लेखित, पृ. १०८-१०९।

[१००] धर्मनिरपेक्षताबारे मधेसी जनअधिकार फोरमको घोषणापत्र, १९९७; क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, ज्वाला सिंह, मे २००७। राजतन्त्रको विरोधका बारेमा हेर्नुहोस् उपेन्द्र यादवको *Conspiracy Against Madhesh*, माथि उल्लेखित। ज्ञानेन्द्रले शक्ति हत्याएपछि छापिएको थियो। त्यसका दुई अंशहरू क्रमशः "Royal regression and the future of democracy" र "Madhesh: a colony of terror under monarchy of Nepal" मा राजतन्त्रको कटु आलोचना गरिएको थियो।

[१०१] मधेसी जनअधिकार फोरमको सरकारी वार्ता टोलीलाई पत्र, १ जून २००७।

[१०२] यसबारे क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मधेसी नागरिक समाजका कार्यकर्ता, काठमाडौं, मे २००७। निर्वाचनका सम्बन्धमा हेर्नुहोस् "Poor turnout, hundreds arrested, one shot dead as municipal polls end", *The Kathmandu Post*, ८ फेब्रुअरी २००६। दरबारसँगको सम्बन्धबारे क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विजयकान्त कर्ण, जागृत, ललितपुर, मे २००७। कर्ण यस्तो विचार पोख्छन् — तराईका उच्चवर्गका सामन्तहरूले द्वन्द्वको मार पहाडका सामन्तहरूले भन्दा कम भोग्नुपर्‍यो, किनभने माओवादीहरू तराईमा उनीहरूलाई जरैबाट उखेल्ने अवस्थामा कहिल्यै पनि पुगेनन्।

[१०३] धेरै मधेसी टिप्पणीकर्ता र कार्यकर्ताहरू धार्मिक सम्बन्धहरूका महत्त्वमा जोड दिन्छन्, तर यसो भन्दैमा यो दरबारप्रतिको राजनीतिक समर्थन हो भनेर बुझ्नुहुँदैन भनी उनीहरू हेक्का पनि दिलाउँछन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मे-जून २००७।

[१०४] असन्तुष्टिबारे हेर्नुहोस् क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मधेसी कार्यकर्ता, मे २००७। घोषणा गरिएकोमा मात्र होइन परामर्श नलिइएकोमा पनि विरोध भएको छ। धेरैको विचारमा सरकारले कम्तीमा संविधानसभाको चुनावसम्म यो प्रश्नलाई थाँती राख्नुपर्ने थियो। हिन्दूत्ववादीसितको आबद्धताबारे क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, स्वतन्त्र मधेसी विश्लेषक, स्थानीय पत्रकारहरू, काठमाडौं, वीरगन्ज र जनकपुर, मे-जून २००७। आपत्तिजनक प्रचारबारे, मधेसी जनअधिकार फोरम समर्थित एक पत्रिकाको मुखपृष्ठको पछिल्लो भागमा सन् २००२ को गुजरातमा भएको दङ्गाका बेला एक जना हिन्दू दङ्गाकारीको तस्बिर गान्धीको उक्तिलाई असङ्गत ढङ्गले साथै राखेर छापिएको थियो। *मधेस मूल्याङ्कन,* जनवरी २००६।

[१०५] उदाहरणका लागि, साईबाबा, कृपालुजी महाराज, राधे राधे र अन्य साना, स्वतन्त्र पन्थ र सङ्गठन तथा धार्मिक नेताहरू। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विश्लेषक, काठमाडौं, मे २००७।

[१०६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विश्लेषक, काठमाडौं, जून २००७। केही मानिस राजतन्त्रात्मक हिन्दूवादअन्तर्गत ज्यून मुस्लिम मौलवीहरूसमेतलाई सजिलो भएको कुरा औंल्याउँछन्, किनभने कुरानअनुसार उनीहरू (नास्तिकहरूको भूमि) मा रहेको बोध उनीहरूलाई थियो।

अवसर साबित भएको हुनुपर्छ। वीरगन्जनिवासी एक विश्लेषक भन्छन् :

> सामाजिक न्यायका लागि भएको आन्दोलनलाई पाखा लागेका राजावादीहरूले समाजमा आदर पाउन र आफू स्थानीय राजनीतिमा फर्कनका लागि प्रयोग गरे। राजावादी राजनीतिज्ञहरूका अन्य स्वार्थ पनि छन् भन्ने बुझ्न पनि जरुरी छ। दरबार समर्थक भन्दैमा उनीहरूले जे गर्छन् राजाकै हितमा गर्छन् भन्ने होइन। निश्चय पनि स्थितिलाई अराजक बनाई (शान्ति) प्रक्रियालाई उल्टाउन चाहने तत्त्व त्यहाँ थियो।[१०७]

केही साना तथा मझौला खालका राजावादी पार्टीहरूको तराईका केही ठाउँहरूमा सानोतिनो पकड रहेको छ।[१०८] भारतीय मूलका वा भारतीयसित सम्बन्ध भएका केही हिन्दू राजनीतिक सङ्गठनहरूको उपस्थिति नेपालमा लामो समयदेखि रहँदै आएको छ, जसमा शिवसेना नेपाल, हिन्दू स्वयंसेवक सङ्घ र विश्व हिन्दू महासङ्घ पर्दछन्।[१०९] नयाँ सङ्गठनहरू पनि देखा परेका छन्, यद्यपि तिनमा केहीचाहिँ केवल कागजमा मात्र सीमित रहेका हुन सक्छन्।[११०]

## ४. मधेसी आन्दोलन

### क) मधेसमा हिंसा

मधेसको असन्तुष्टि अप्रिल २००६ को जनआन्दोलनले मधेसीहरूका गुनासालाई छिटै सम्बोधन नगर्ने स्पष्ट भएदेखि नै बढ्न थालेको थियो। सङ्घीयता सम्पूर्ण मधेसी समूहहरूको प्रमुख मागका रूपमा देखा पर्‍यो। सशस्त्र जत्थाहरूको गतिविधिमा वृद्धि भयो र माओवादी-मधेसी तनाव बढ्यो। कुनै-कुनै अवस्थामा त यस्तो तनावले हिंसात्मक घटनाको रूप लिन पुग्यो। सत्तामा फर्कन पाएकामा दङ्ग परेका पार्टीहरू माओवादीसँगको वार्तामै मस्त रहे। उनीहरूले मधेसी मुद्दाहरूतर्फ वा राजनीतिक अन्तरधारप्रति ध्यान दिएनन्।[१११] सात दलको गठबन्धन र माओवादीद्वारा व्यापक परामर्शबिना तयार पारिएको अन्तरिम संविधानको मस्यौदा डिसेम्बर २००६ मा सार्वजनिक हुँदा त्यसको विरोध भयो।[११२] मधेसी समूहहरू र विभिन्न पार्टीका मधेसी सांसदहरूसमेतले सङ्घीयताबारे संविधान मौन रहेकोमा अनि निर्वाचन प्रणाली मनासिब नभएकामा आपत्ति जनाए।[११३]

पहिलो झिल्का नेपालगन्जमा देखियो, जहाँ नेपाल सद्भावना पार्टीले हडतालको आह्वान गरेको थियो। प्रशासनले जुलुसलाई रोक्ने प्रयास गरेको थियो तर त्यति नै बेला सहरको मुख्य भागमा रहेका मधेसीहरूको पसलमा पहाडेहरूले आक्रमण गरे। मधेसीहरूद्वारा पनि प्रत्याक्रमण भएका खबरहरू आएका थिए, तर पहाडेहरूद्वारा भएका हिंसा र प्रहरीको मिलेमतो देखाउने खालका तस्बिरहरू खिचिएका थिए। मधेसी विरोधी उपद्रव देखाइएका डीभीडी व्यापक रूपमा वितरण गरियो जसले आक्रोशलाई बढायो र तनावलाई झन् चर्कायो।[११४]

अन्तरिम संविधानको घोषणाले जनवरी-फेब्रुअरी २००७ मा २१ दिन लामो विरोध प्रदर्शनलाई निम्त्यायो। १६ जनवरीमा काठमाडौंमा संविधानका पुस्तकहरू जलाउँदाखेरि फोरमका नेताहरू गिरफ्तार भए। त्यस गिरफ्तारीको विरोधमा तीन दिनपछि सिराहाको लहानमा उत्रिएका फोरमका कार्यकर्ताहरूसित माओवादीको भिडन्त भयो।

[१०७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, चन्द्रकिशोर, वीरगन्ज, १ जून २००७।
[१०८] उदाहरणका लागि राष्ट्रिय जनशक्ति पार्टीका रेणु यादवलाई लिन सकिन्छ जो सप्तरीका सांसद हुन्। उनी पहिले राष्ट्रिय प्रजातन्त्र पार्टीमा थिइन्।
[१०९] सन् १९९० को निर्वाचनमा शिवसेना नेपालले भाग लिएको थियो तर अत्यन्त थोरै मत प्राप्त गर्‍यो र एकै सिट पनि जितेन। हिन्दू स्वयंसेवक सङ्घ भारतीय अतिवादी हिन्दू सङ्गठन राष्ट्रिय स्वयंसेवक सङ्घ (रा.स.स.) को नेपाली शाखा हो र रा.स.स.का साथै विश्व हिन्दू परिषद्सँग उसको राम्रो सम्बन्ध छ। सैद्धान्तिक हिसाबले विश्व हिन्दू महासङ्घ विश्वव्यापी हिन्दू सङ्गठन हो र यससित विश्व हिन्दू परिषद् आबद्ध छ, तर व्यवहारमा आफ्ना सबै कामकारबाहीका लागि विश्व हिन्दू महासङ्घ, विश्व हिन्दू परिषद् र अन्य भारतीय हिन्दूत्ववादी नेताहरूसँग निर्भर रहन्छ।
[११०] उदाहरणका लागि, मधेसी हिन्दू समाज, अर्जुन शक्ति केन्द्र, रामशक्ति दल र पशुपति लाठी समिति पर्दछन्, तर यिनीहरूका बारेमा एकदम थोरै मात्र जानकारी पाइन्छ।
[१११] सुमन प्रधान, “Tarai tinderbox”, *Nepali Times*, ११ अगस्ट २००६।
[११२] हर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *नेपालको संवैधानिक प्रक्रिया*, माथि उल्लेखित, पृ. ५-१०, २३-२६।
[११३] अन्तरिम संविधानको धारा ६३ को उपधारा ३ ले संविधान सभामा ४२५ जना सदस्य रहने व्यवस्था गरेको छ। त्यसमा २०५ जना बढ्ता भोट ल्याउनेले जित्ने निर्वाचन प्रणालीअनुसार र २०४ जना समानुपातिक प्रतिनिधित्वका आधारमा चुनिनेछन् तथा १६ जना “विशिष्ट व्यक्ति” अन्तरिम मन्त्रिपरिषद्द्वारा छानिनेछन्। मधेसी समूहहरूको आधारभूत आपत्ति निर्वाचन क्षेत्रलाई जनसङ्ख्याको हिसाबमा न्यायोचित ढङ्गले नछुट्याएको भन्ने रहेको छ।
[११४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मानवअधिकारकर्मी र प्रत्यक्षदर्शीहरू, नेपालगन्ज, १२ जून २००७। माओवादीहरूको भनाइमा मधेसीहरूप्रति प्रशासनको रवैयाको भण्डाफोर गर्न उनीहरूले डीभीडी बनाएका थिए तर नेसपा र फोरमका नेताहरूले आफ्नो उद्देश्यपूर्तिका लागि यसको प्रयोग गरे। यस कुराको माओवादीहरूलाई अझै पछुतो छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी कार्यकर्ताहरू, मे-जून २००७।

त्यस क्रममा माओवादीको गोलीबाट फोरमका युवा कार्यकर्ता रमेशकुमार महतो मारिए। २० जनवरीमा फोरमले अपराधी विरुद्ध कारबाही र क्षतिपूर्तिको माग गर्दाखेरि माओवादीहरूले महतोको शव खोसेर लगे र जलाए। फोरमले सरकारको अकर्मण्यता र माओवादी दुवै विरुद्ध विरोध कार्यक्रम अगाडि बढायो। माओवादीका नेताहरूले अनिच्छापूर्वक र ढिलो गरी क्षमायाचना गरे। तनाव जसरी फैलियो त्यसले आन्दोलनको नेतृत्व गर्नेहरूसमेतलाई आश्चर्यचकित तुल्यायो। "मधेसी नेताहरूलगायत सबै जना जनभावनाको तीव्रतालाई ठम्याउन असफल भए जति बेला उपेन्द्र यादव र उनका सहकर्मीहरूले अन्तरिम संविधान जलाए, त्यति बेला त्यसको प्रभाव कस्तो होला त्यसबारे उनीहरूले केही अनुमान गरेका थिएनन् र बन्दको आह्वान गर्ने सद्भावना पार्टीका नेताहरू आफैं त्यसको सफलता देखेर अचम्भित भए", घटनालाई नजिकबाट अनुगमन गरिरहेका एक भारतीय कूटनीतिज्ञको यस्तो टिप्पणी थियो।[११५]

रमेश महतोको हत्या लामो आन्दोलनको सुरुआत बन्न पुग्यो। मधेसी कार्यकर्ताहरूले तराईमा आम हडतालको आह्वान गरे र व्यापक विरोध कार्यक्रमको आयोजना गरे। यसको जवाफमा सरकारले कर्फ्यु लगायो र प्रहरी बल थप्यो। २५ जनवरीमा फोरमले संविधान संशोधन नहुन्जेल अनिश्चितकालसम्म विरोध जारी राख्ने घोषणा गऱ्यो। फोरमका कार्यकर्ताहरूले सरकारी कार्यालय, प्रहरी चौकी, बैंक, राष्ट्रिय पार्टीका जिल्ला कार्यालयहरू तथा मिडिया र संस्थाहरूमा अप्रिल २००६ को आन्दोलनताका माओवादीहरूको राजतन्त्र विरोधी कारबाहीको झझल्को आउने गरी लुटपाट मच्चाए। उनीहरूले पहाडे राजनीतिक नेताहरूका सालिक भत्काए। काठमाडौं जाने प्रमुख आपूर्ति मार्गहरू बन्द गरिँदा त्यसको प्रत्यक्ष असर पऱ्यो — आवागमनमा बाधा पुग्यो, बजारभाउ चर्कियो र पेट्रोलको अभाव भयो। तराईमा बस्ने पहाडेहरूमाथि आक्रमण गरिएका छिटपुट घटना भए, तापनि साम्प्रदायिकता आन्दोलनको विशेषता बनेन। राज्यको जवाफ भने कडा थियो — प्रहरीको गोली प्रहारबाट ३० भन्दा बढी व्यक्ति मारिए र ८०० जना घाइते भए।[११६]

सुरुमा विरोध आन्दोलन लहान र जनकपुर वरिपरि केन्द्रित थियो। तर छिट्टै तराईका अन्य सबै प्रमुख सहरहरूमा फैल्यो। मधेसी जनअधिकार फोरमले केही विरोध प्रदर्शनहरूको आयोजना गरेको थियो तर अन्य प्रदर्शनहरू भने स्वतःस्फूर्त रूपमा भएका थिए वा स्थानीय समूहद्वारा गरिएका थिए।[११७] यसले गर्दा जनता परिचालित भए, घाइतेहरूका लागि सहयोग जुट्न सक्यो र साथै विरोध कार्यक्रमको संयोजन हुन सक्यो।[११८] मलङ्गवा, वीरगन्ज, लहान र विराटनगरमा ठूला भिडन्तहरू भए। मिडियाले आन्दोलनलाई पर्याप्त रूपमा नसमेटेको आरोपमा आन्दोलनकारीहरू सन्चारकर्मीहरूमाथि खनिएका केही घटना पनि भए।[११९]

फोरम आन्दोलनको अगुवा समूहको रूपमा देखा पऱ्यो। तर विरोध कार्यक्रममा स्पष्ट योजनाको अभाव थियो। "लहानले उपेन्द्रको सिर्जना गरेको हो, उपेन्द्रले लहान होइन", एक पर्यवेक्षकको टिप्पणी यस्तो थियो।[१२०] अचानक प्रमुखता पाउनाले अचम्भित भएको फोरम जनसमर्थनको अत्यधिक उपयोग गर्न तयार भइसकेको थिएन। जिल्लास्तरीय एक नेता स्वीकार गर्छन् :

> आन्दोलनलाई कसरी सह्माल्ने हामीलाई थाहा थिएन। प्रत्येक जिल्लामा हाम्रा चारदेखि छ जना नेता र बीसदेखि तीस जना कार्यकर्ता थिए। अकस्मात् उनीहरूले हजारौं प्रदर्शनकारीहरूसँग व्यवहार गर्नुपऱ्यो। हामीसँग यस ऊर्जालाई हाम्रो पार्टीको फाइदाका लागि उपयोग गर्ने वा दीर्घकालीन समर्थकमा फेरिन सक्ने जनतासँग संवाद कायम गर्ने न सङ्गठन थियो न त नेतृत्व नै।[१२१]

विरोधमा सहभागिता सबै पार्टीका कार्यकर्ताहरूको थियो — अन्य समूहका कार्यकर्ताहरूदेखि नेका र एमाले तथा ज.त.मु.मो.का दुवै गुटका कार्यकर्ताहरूसम्मले त्यसमा प्रमुख भूमिका निर्वाह गरे। मधेसीहरूको पहिल्यैदेखिको गुनासो शान्ति प्रक्रियाबाट उनीहरूलाई अलग राखिएबाट झनै चर्किएको थियो। त्यसले गर्दा कैयन् विरोध कार्यक्रमहरूको मूलस्वर माओवादी विरोधी हुँदाहुँदै पनि तिनमा नेकपा माओवादीका कार्यकर्ताहरूसमेत सामेल थिए।[१२२]

---

[११५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, ३१ मे २००७।

[११६] मारिएका व्यक्तिको सङ्ख्या ठेगान भइसकेको छैन। मानवअधिकार सङ्गठनहरूले २७ जना र मधेसी नेताहरूले ४० वा ४२ जना भनेका छन्। अधिकांश मधेसीहरू माथिल्लो अङ्कलाई सही मान्छन्। यद्यपि बाह्र-चौध जना जतिको मृत्यु प्रहरीको गोलीबाट भन्दा मधेसी कार्यकर्ताहरू आपस्तको झडपमा भएको हुन सक्छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जनकपुर, विराटनगर र वीरगन्ज, मे-जून २००७।

[११७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मधेसी कार्यकर्ताहरू, वीरगन्ज र राजविराज, मे २००७।

[११८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, राजीव झा, तराई संरक्षण समिति (टी.एस.एस.), जनकपुर २९ मे २००७। टी.एस.एस. जस्ता सङ्गठनहरूले सबै प्रदर्शनकारी समूहहरूसँग सम्पर्क राखेका थिए। उनीहरूले प्रदर्शनका लागि सहयोग जुटाएका थिए। घाइतेलाई अस्पतालमा पुऱ्याउने काम गरेका थिए र उपचारका लागि चन्दा पनि उठाएका थिए।

[११९] उदाहरणका लागि प्रदर्शनकारीहरूले वीरगन्ज एफ.एम. स्टेसन र नेपाल पत्रकार महासङ्घको स्थानीय कार्यालयमा तोडफोड गरे। विराटनगर, वीरगन्ज, इनरुवा, लहान, बारा र सप्तरीमा प्रदर्शनको समाचार सङ्कलनमा जुटेका संवाददाताहरूलाई धम्क्याइयो। पत्रकारहरूको भनाइमा उनीहरूले आन्दोलन सम्बन्धी समाचारलाई निरन्तर रूपमा प्रवाहित गरेका थिए, तर संवाददाता नभएका गाउँका गतिविधिबारेका समाचार भने कहिलेकाहीं छुटेका थिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पत्रकार, विराटनगर ,२५ मे २००७। यो पनि हेर्नुहोस् "IFJ Outraged Over Violene Against Journalists During Demonstrations in Nepal", ३० जनवरी २००७ र "Journalists Attacked and Work Destroyed in Nepal", २८ फेब्रुअरी २००७, इन्टरन्यासनल फेडेरेसन अफ जर्नालिस्टको प्रेस विज्ञप्ति।

[१२०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, ३१ मे २००७।

[१२१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, फोरम नेता, जून २००७।

[१२२] मधेसी माओवादी कार्यकर्ताहरू आफू आन्दोलनमा सहभागी मात्र भएनन्, केही घटनामा सक्रियतापूर्वक आन्दोलनमा लाग्न जनतालाई परिचालित पनि गरे। एक जनाले भने, "आजसम्म हामी मधेसी संचेतनाकै निम्ति लडेका थियौं। माओवादी हुनु र यस आन्दोलनलाई सघाउनुमा म कुनै अन्तरविरोध देख्दिनँ।" — क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादीका जिल्लास्तरीय कार्यकर्ताहरू, पर्सा, ३ जून २००७।

## ख) प्रतिक्रिया

आन्दोलन जसरी तन्कियो र जसरी यसले तीव्र रूप लियो त्यसले सरकारलाई आश्चर्यमा पाऱ्यो। सबै पार्टीका मधेसी सांसदहरूका यस्तै मागहरूलाई सरकारले बेवास्ता गरेको थियो र गडबडीका सङ्केतहरू देखिँदा पनि मधेसी समूहहरूसित वार्ता गर्न चाहेन। त्यसको साटो सरकारले मधेसी विरोधलाई शान्तिसुरक्षाको समस्याका रूपमा लियो र त्यस क्रममा नेताहरूलाई गिरफ्तार गऱ्यो, कर्फ्यु लगायो र आन्दोलन हिंसात्मक भएमा प्रदर्शनकारीहरूलाई गोली हान्ने अधिकार प्रहरीलाई दियो। मूलधारका अधिकांश राजनीतिज्ञहरू माओवादीलाई चुनौती दिने लडाकू शक्ति तराईमा प्रादुर्भाव भएको देख्दा खुसी पनि थिए।[१२३] जब उनीहरू आफैं पनि विरोधको तारो बन्न थाले र विद्रोह मत्थर हुने सङ्केत देखिएन तब मात्र सात दल गठबन्धनका नेताहरू राजनीतिक समाधानको खोजी गर्न लागे। माओवादीहरूले मधेसी जनअधिकार फोरम तथा ज.त.मु.मो.लाई अपराधीको रूपमा लिए र मधेसको आन्दोलनलाई राजावादी तथा भारतका हिन्दू कट्टरवादीहरूले हाँकेको भन्ने उनीहरूको दाबी रह्यो। मधेसी आन्दोलनकारीहरूसित वार्ता गरेर उनीहरूलाई वैधानिकता प्रदान नगर्न माओवादीहरूले सरकारलाई आग्रह गरे। भर्खरै देखा परेका नयाँ आन्दोलनकारीहरू "गैरजिम्मेवार" भएका र मधेसीहरूको प्रतिनिधित्व गर्ने उनीहरूसित नैतिक अधिकार नभएको तर्क माओवादीहरूको थियो।[१२४]

एक हप्ताको विरोध प्रदर्शनपछि प्रधानमन्त्री कोइरालाले ३१ जनवरीमा टेलिभिजनद्वारा प्रसारित सम्बोधनमा आन्दोलनकारी समूहहरूलाई वार्तामा आउन निम्त्याउनुका साथै निर्वाचनमा तराईको सिट बढाउने वाचा गरे। उनले त्यस सम्बोधनमा सङ्घीय व्यवस्थाप्रति प्रतिबद्धता पनि जाहेर गरे।[१२५] २ फेब्रुअरीमा सरकारले मन्त्रिस्तरीय वार्ता टोली गठन गऱ्यो।[१२६] तर जनभावनाको समुचित मूल्याङ्कन गर्न कोइराला चुके। फोरमद्वारा नेतृत्व गरिएका आन्दोलनकारीहरूले कोइरालाको प्रस्तावलाई अस्वीकार गरे। उनीहरूले आफ्नो आन्दोलनप्रति कोइरालाले यथेष्ट सहानुभूति नदेखाएको आरोप लगाए। कोइरालाको सम्बोधन एकपक्षीय तथा दबाबपूर्ण रहेको र त्यसले मधेसीहरूका मागलाई अधिकारको रूपमा स्वीकार नगरेको भन्ने धेरै मधेसीहरूले महसुस गरे। स्थिति झन् बिग्रिँदै गएपछि कोइरालाले पहिलो पटक सम्बोधन गरेको एक हप्तापछि दोस्रो सम्बोधन गरे र लोकतन्त्रको सुदृढीकरणमा मधेसीहरूको योगदानलाई सकार्दै मानिसहरू मारिएकामा अफसोच व्यक्त गरे।[१२७] साथै समानुपातिकताको आधारमा पछौटे समूहहरूलाई निर्वाचनमा यथोचित् प्रतिनिधित्व गराउने तथा उनीहरूलाई राजकीय निकायमा समावेश गर्ने वाचा गरे।

फोरमले सावधानीपूर्वक यस घोषणाको स्वागत गऱ्यो। सरकारले आफ्नो वाचा कार्यान्वयन गर्न सकोस् भनेर दस दिनका लागि आन्दोलन स्थगित गऱ्यो। साथै वार्ताका लागि पूर्वशर्तहरू पनि अघि साऱ्यो — गृहमन्त्रीको राजीनामा, हत्याका लागि जिम्मेवार व्यक्तिहरूउपर कारबाही र सरकारको कारबाहीउपर छानबिन गर्न न्यायिक आयोगको गठन। अर्कोतिर ज.त.मु.मो. (ज्वाला सिंह) शर्तसहित वार्ता गर्न राजी भयो, तर त्यतिखेर निकै बलियो रहेको गोइत समूहले भने वार्ताको प्रस्ताव अस्वीकार गऱ्यो। सरकार पनि आलटाल गर्न थाल्यो। सरकारले गृहमन्त्रीलाई साथ दियो र पीडितहरूलाई क्षतिपूर्ति दिनुपर्ने जस्ता विवादरहित मागहरूलाई समेत वास्ता गरेन। संविधानको संसोधनमा ढिलाइ भयो। न्यायिक आयोग खडा गरेर अप्ठ्यारा कुराहरूबाट पन्छिने परम्परा रहेको छ। त्यस्तो आयोगसमेत महिनौंपछि मात्रै गठन गरियो। त्यसमा पनि संस्थापनका व्यक्तिहरूको बाहुल्य थियो र प्रहरी प्रमुख पनि त्यसमा थिए, जुन प्रहरी बलको कारबाही नै अनुसन्धानको घेराभित्र परेको थियो।[१२८] ज.त.मु.मो. (ज्वाला सिंह) सँग कुनै वार्ता भएन।[१२९]

आन्दोलनले पहाडे वर्चश्व रहेको नागरिक समाजलगायत तराईबाहिर मिश्रित प्रतिक्रिया जन्मायो। समावेशी राज्यको कुरा यतिखेर आम थेगो बने पनि मधेसीद्वारा लडाकूपनको प्रदर्शन भएबाट पुरानो दुराग्रहलाई बल प्रदान गर्दै भय र आक्रोश उत्पन्न गरायो। मधेसी शक्तिले खतरा उत्पन्न गरेको ठानेर अन्य समुदायद्वारा कडा प्रतिक्रिया आउने डर हुँदाहुँदै पनि प्रायःजसो सीमान्तीकृत समुदायहरूले मधेसी आन्दोलनका मागहरूप्रति समर्थन जनाए र सङ्घीयता तथा समानुपातिक प्रतिनिधित्व उनीहरूको पनि साझा माग रहेको भनी जोड दिए। नागरिक समाजका सदस्यहरूले समस्याग्रस्त जिल्लाहरूको भ्रमण गरे। आन्दोलन मूलतः स्वस्फूर्त रहेको ठहर गरे अनि वैधानिक मागहरूलाई पूरा गर्न सरकारसित आग्रह

[१२३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेका नेताहरू, विराटनगर र राजविराज मे २००७।

[१२४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, प्रभु साह, मधेसी राष्ट्रिय मुक्ति मोर्चा, काठमाडौं २३ मे २००७। माओवादीहरू आफूहरूले नै मधेसी सवाल जोडदार रूपमा उठाएको र तिनकै लागि लड्दा रगत बगाएको हुनाले आफूलाई मधेसी जनताका सच्चा प्रतिनिधि ठान्छन्।

[१२५] यो सम्बोधनको अनुवाद *The Rising Nepal* मा १ फेब्रुअरी २००७ मा प्रकाशित भएको थियो।

[१२६] यसको नेतृत्व नेकाका महन्थ ठाकुरले गरेका थिए। अन्य सदस्यमा नेका (प्रजातान्त्रिक) का ज्ञानेन्द्र बहादुर कार्की र एमालेका राजेन्द्र पाण्डे थिए।

[१२७] यस सम्बोधनको अनुवाद *The Rising Nepal* मा ८ फेब्रुअरी २००७ मा प्रकाशित भएको थियो।

[१२८] मन्त्रिपरिषद्ले २५ मे २००७ मा आयोग गठन गऱ्यो। यसको प्रमुखमा सर्वोच्च अदालतका न्यायाधीश खिलराज रेग्मी र सदस्यहरूमा पूर्वाञ्चल क्षेत्रीय प्रहरी प्रमुख रवीन्द्र प्रताप शाह, उपमहान्यायाधिवक्ता राजनारायण पाठक, राष्ट्रिय अनुसन्धान विभागका उपप्रमुख सुखचन्द्र झा र सिराह जिल्ला अदालतका न्यायाधीश सहदेव बाँस्तोला थिए।

[१२९] प्रधानमन्त्रीको सम्बोधनपछि जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) ले सङ्घर्ष विरामको घोषणा गरेर वार्ता टोली पनि गठन गरेको थियो, तर मोर्चाको भनाइमा सरकारले त्यसप्रति कुनै चासो देखाएन। ज्वाला सिंह भन्छन्, "सरकारले हाम्रो प्रयासको जवाफ दिएन बरु शक्ति प्रयोग गर्ने आफ्नो रणनीतिलाई जारी राख्यो। हाम्रा कार्यकर्ता विरुद्ध मुद्दा हालियो र हामीसँग कुरा गर्ने प्रयास गरेन।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मे २००७।

गरे।[१३०] मधेसी सरोकारका विषयमा मिडियाको ध्यान पनि खिचियो र सहानुभूतिपूर्ण समाचारहरू पनि प्रकाशित भए। तथापि पार्टीहरूका व्यवहारमा पहाडे प्रतिक्रिया प्रतिबिम्बित भएका थिए। केही मानवअधिकार सङ्गठनहरूले सरकारलाई अत्यधिक शक्ति प्रयोग गरेको आरोप लगाए पनि एकथरी मधेसी टिप्पणीकारहरूले पहाडे बाहुल्य रहेको मानवअधिकार समूहहरू र सञ्चारमाध्यमहरू पक्षपाती भएको दोष लगाए।[१३१] धेरैजसो काठमाडौंबासीले मधेसी आन्दोलनको चर्को स्वरमा विरोध गरे। यो आन्दोलन "प्रतिगामी तत्त्वहरूद्वारा" मच्चाइएको वा नेपालको सार्वभौमिकता कमजोर तुल्याउने भारतीय षडयन्त्र भएको उनीहरूको विश्वास थियो।[१३२]

विरोध आन्दोलनको सीमासित सम्बन्धित आयाम पनि थियो। भारतका राजनीतिक तथा सामाजिक समूहहरूले विशेषगरी जोगवनी र रक्सौलमा घाइतेहरूका लागि आश्रय र स्वास्थ्योपचार सेवा प्रदान गर्न शिविरको व्यवस्था गरे।[१३३] सीमापारिका धेरैजसो राजनीतिज्ञहरूले यसलाई भित्रभित्रै प्रोत्साहित गरेका थिए भने केही विधायकहरूले मधेसी अधिकारको पक्षमा सार्वजनिक रूपमै वक्तव्य दिएका थिए। अन्यले भारतीय सीमातर्फ प्रदर्शनको आयोजना गरे।[१३४] विधानसभाका केही सदस्यहरूले भने जिल्ला प्रशासक-हरूलाई सशस्त्र वा निशस्त्र दुवै खाले मधेसी कार्यकर्ताहरूमाथि धेरै भर नगर्न भनेको बताइन्छ।[१३५]

माओवादी र फोरमबीचको तनाव निरन्तर बढ्दै गयो र २१ मार्चमा गौरमा त्यस्तो तनाव हिंस्रक रूपमा परिणत भयो, जतिखेर माओवादीको मधेसी राष्ट्रिय मुक्ति मोर्चाले आफ्नो जनसभा फोरमले आयोजना गरेकै समय र स्थानमा आयोजना गऱ्यो। फोरमका कार्यकर्ताहरूले मोर्चाले बनाएको मन्च भत्काएको आरोप लागेको थियो र त्यस कार्यले सोही प्रकारको प्रतिक्रियालाई उक्साएको थियो।[१३६] सुरुमा भागे पनि पछि फोरमका लडाका समर्थकहरूले अल्पसङ्ख्यामा रहेका माओवादीहरूमाथि आक्रमण गरे र २७ जनाको हत्या गरे। पाँच जना महिलालाई बलात्कारपछि अङ्गभङ्ग गरेको र फोरमले पेसेवर हत्याराहरूलाई भाडामा लगाएको दोष केही मानवअधिकारकर्मीहरूले लगाएका थिए।[१३७] संयुक्त राष्ट्रसङ्घको प्रतिवेदनलगायत अन्य मूल्याङ्कनले बलात्कार नभएको भन्दै प्रहरीले शान्ति सुरक्षाको व्यवस्था गर्न नसकेको, माओवादीले उक्साउने काम गरेको र फोरमले तयारीसाथ हिंसा अपनाएको दोषारोपण गरेका थिए। त्यस भिडन्तमा परेका थुप्रैलाई तत्काल मारिएको थियो। यस भिडन्तमा जातीय आयाम पनि रहेको हुन सक्छ। किनभने गौरमा राजपूत र यादवहरूको सङ्ख्या ठूलो रहेको छ। तल्ला जातका मानिसहरूलाई परिचालन गरेकोमा आक्रोशित भएका उनीहरूले आफ्नो स्थानीय हैकम कायम राख्न यस घटनालाई मौकाको रूपमा प्रयोग गरे।[१३८] यस नरसंहारले मधेसी जनअधिकार फोरमको वैधानिकतामा सङ्कट ल्यायो र माओवादीलाई तराईमा अझ सङ्गठित लडाकू शक्ति निर्माण गर्न प्रोत्साहित गऱ्यो।

---

[१३०] उदाहरणक लागि, हेर्नुहोस् "Citizens' Movement for Democracy and Peace", तराईको सद्भावना भ्रमणसम्बन्धी प्रेस विज्ञप्ति, २६ जनवरी २००७, http://insn.org/?p=4141.
[१३१] परमेन्द्र भगत, "The Madhesi Movement in Nepal is Lonely", *American Chronicle*, १२ मार्च २००७।
[१३२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जनवरी-फेब्रुअरी २००७।
[१३३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मधेसी कार्यकर्ताहरू, विराटनगर र वीरगन्ज, मे २००७।
[१३४] क्राइसिस ग्रुप अन्तर्वार्ता, रक्सौल र पटना, जून २००७। सितामढीका विधायक शाहिद अली खाँले तराईका स्थानीय एफ.एम. स्टेसनहरूलाई दिएको अन्तर्वार्तामा "सम्मानका लागि भएको मधेसी सङ्घर्ष" को समर्थन गरे। भारतीय जनता पार्टीका अनिल सिन्हाले रक्सौलमा विरोध यात्राको आयोजना गरे अनि आन्दोलनकारीहरूलाई समर्थन गर्न आफ्नो सरकारसित आग्रह गरे।
[१३५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नागरिक समाजका कार्यकर्ता, जनकपुर, मे २००७। त्यहाँ आधारभूत मान्यताले काम गरेको देखिन्छ र मधेसी नेताहरू भारतमा हतियार लिएर जाँदैनन्।
[१३६] "Findings of OHCHR-Nepal's Investigations into the 21 March killings in Gaur and Surrounding Villages". संयुक्त राष्ट्र मानवअधिकार उच्चायुक्तको कार्यालय, अप्रिल २००७, nepal.ohchr.org/en/resources/Documents/English/reports/IR/Year2007/ Gaur.pdf.
[१३७] मथुरा श्रेष्ठसँगको अन्तर्वार्ता, ekantipur.com, २६ मार्च २००७।
[१३८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेसपा नेता, काठमाडौं, मे २००७।

## ५. वर्तमान परिदृश्य

### क) यथार्थ चित्र

प्रधानमन्त्रीको दोस्रो सम्बोधनपछि पनि सरकारले ढिलासुस्ती देखाउन थालेपछि फोरमले तराईको स्वायत्तता तथा तराईका सम्पूर्ण जिल्लामा मधेसीलाई नै प्रमुख जिल्ला अधिकारी नियुक्त गर्नुपर्ने जस्ता माग राखेर फेरि आन्दोलन चर्कायो।[१३९] पूर्णरूपमा स्वायत्त तथा एकीकृत मधेसी सरकारको मागप्रति तराईको समर्थन उल्लेख्य रूपमा बढेको छ।[१४०] सरकार तथा जनतान्त्रिक तराई मुक्ति मोर्चाको बीचमा वार्ता हुन नसक्नाले सशस्त्र समूहलाई राजनीतिक मूलधारमा ल्याउने ढोका नै बन्द भएको थियो। यसरी तराईको राजनीतिक परिदृश्य फोरमका विरोध तथा हडताल, माओवादी तथा मधेसी फोरमबीचको भिडन्त, सरकारी चौकीहरूमा जनतान्त्रिक तराई मुक्ति मोर्चाद्वारा बेलाबखत हुने आक्रमण तथा राजनीतिक हत्याले ओगट्न थाल्यो।

यस आन्दोलनले नयाँ शक्ति तथा नेतृत्वलाई अगाडि ल्यायो। अब मूलधारका पार्टीहरू नामका लागि केही मधेसी अनुहारलाई अघिल्तिर देखाएर समावेशी हुन सक्नेछैनन्। समर्थन पाइराख्नका लागि उनीहरूले आफ्ना दृष्टिकोण तथा अवधारणामा नै व्यापक परिवर्तन ल्याउनुपर्दछ। मधेसी मागलाई गम्भीरताका साथ हेरिनुपर्छ। त्यसका लागि सरकारले नयाँ नीतिको घोषणा गरेर मात्र पुग्दैन, राज्यको संस्थागत परिवर्तनको कष्टसाध्य तथा जटिल प्रक्रिया पनि थालिहाल्नु पर्दछ। गौर हत्याकाण्डपछि फोरम प्रतिरक्षात्मक अवस्थामा छ भने नेका तथा एमालेले नयाँ रणनीति ठम्याउनै बाँकी छ। माओवादीले आफ्नो समर्थन गुमाउन पुगेका छन् भने ज.त.मु.मो.का दुवै समूह भूमिगत छन्। मधेसी विरुद्ध पहाडे वा जाति तथा धर्ममा आधारित राजनीतिको स्वरूपमा परिवर्तन आइरहेको छ र राजनीतिका पात्रहरू नयाँ समीकरणको खोजीमा छन्।

**विश्वासको क्षय।** सरकारले पूरै तराईमा विश्वास गुमाएको छ।धेरै मधेसीहरूको विचारमा सरकारले त विरोधलाई दमन गर्ने, मौकाको फाइदा लिने, पार्टीहरूलाई किन्ने वा फुटाउने र मूल मुद्दालाई अन्यत्रै मोडेर सम्झौताका तानावाना बुन्ने काम मात्र गर्छ। उनीहरूको के ठान्छन् भने मूलधारका पार्टीले माओवादीसित लड्न पहिले आन्दोलनलाई धाप दिए, तर फेरि यस आन्दोलनको शक्तिसँग डराएर चुरे भावर एकता समाज जस्ता विरोधी सङ्गठन खडा गर्न पुगे। पहाडी मूलका एक जना इन्जिनियरलाई सरकारले तुरुन्तै शहीद घोषणा गरिहाल्यो, तर त्यसैगरी मारिएका बीसौं मधेसीहरूलाई त्यस्तै किसिमको मान्यता र क्षतिपूर्ति नदिनाले पहाडेको जीउको महत्त्वचाहिँ बढी छ भन्ने देखाउँछ। त्यस्तै मधेसीका आवाजभन्दा गृहमन्त्रीको प्रतिष्ठा ठूलो भन्ने पनि देखाउँछ।[१४१] मधेसीहरूका दृढ तथा जुझारु मागबाट तर्सिएका पहाडेहरू सरकारले कानुन र सुव्यवस्था कायम गरेर सुरक्षाको प्रत्याभूति गर्न नसकेकोमा निकै निराश छन्।[१४२]

**आक्रामक मनस्थिति।** आन्दोलन फेरि थालिन सक्ने र हिंसात्मक घटना बढेर फेरि मुठभेड हुन सक्ने सम्भावनालाई टार्न गाह्रो छ भन्ने आम धारणा रहेको छ। धेरैजसो मानिसहरू संविधानसभाको चुनाव होस् भन्ने चाहन्छन्, तर चुनाव साँच्चि नै हुने कुरामा भने थोरैको विश्वास छ। उनीहरूको विचारमा ठूला पार्टीहरू नै चुनाव हुन दिन चाहँदैनन्। यदि चुनाव भइहाले पनि मधेसी समस्याको समाधान गर्न नसकेमा त्यस्तो चुनावको कुनै अर्थ रहनेछैन। सबै राजनीतिक पक्षका मधेसीहरू एउटा अर्को आन्दोलन जरुरी छ भनी ठान्दछन्। एक जना मधेसी कार्यकर्ता भन्छन्, "यो त आन्दोलनको सुरुआत मात्रै हो। हामी लामो समयपछि बिउँझेका छौं र त्यति सजिलै छाडदैनौं। उनीहरूले चेपारो पार्नुबाहेक हामीलाई सत्ताको साझेदार बनाउलान् भन्ने लाग्दैन।"[१४३]

आफूहरूमाथि यसअघि कहिल्यै नगरिएको शङ्का अहिले गरिएको र पहाडमा पनि उनीहरूप्रति भेदभाव बढेको छ भन्ने मधेसीहरूलाई लागेको छ।[१४४] धेरैजसो मधेसीहरू यस आन्दोलनलाई साम्प्रदायिक रूप दिन चाहँदैनन्, तापनि केही नरमपन्थी मधेसीहरूसमेत निजी कुराकानीमा तराईमा पुस्तौंपुस्तादेखि बसोबास गर्दै आएका भए पनि पहाडेहरू सबैले तराई छाड्नुपर्ने कुरा बताउँछन्। वीरगन्जका नागरिक समाजका एक जना कार्यकर्ताले भने, "पहाडेहरूले यहाँ सुनियोजित योजनाअन्तर्गत बसोबास गरेका हुन्। त्यसकारण हामीले

---

[१३९] यस भागमा परेका टिप्पणीहरू क्राइसिस ग्रुपको मोरङ, ससरी, धनुषा, सिरहा, पर्सा, बाँके र काठमाडौंका अन्तर्वार्ताहरूमा आधारित छ , मे-जून २००७। सुदूरपश्चिम तथा पश्चिम तराईमा भने अन्तर्वार्ता लिइएन। अन्तर्वार्ता दिनेहरूमा सबै राजनीतिक पार्टी तथा अन्य सङ्गठनका प्रतिनिधिहरू, सशस्त्र समूहहरू, सरकारी तथा सुरक्षा अधिकारीहरू, पत्रकारहरू, मानवअधिकार सङ्गठन तथा नागरिक समाजका कार्यकर्ताहरू, थारू तथा मुस्लिम कार्यकर्ताहरू, व्यापारी, ट्रेड युनियनवादी तथा अन्य बासिन्दाहरू रहेका छन्।

[१४०] क्राइसिस ग्रुपको अन्तर्वार्ता, मे-जून २००७। पूर्वी तराईमा एकात्मक "मधेस सरकार"को पक्षमा समर्थन बढेको छ। सबै प्रमुख मधेसी राजनीतिक समूहहरू तथा मूलधारका पार्टी कार्यकर्ताहरू यसलाई नै आफ्नो राजनीतिक मामिला तथा आर्थिक स्रोतहरूमा नियन्त्रण राख्ने एकमात्र उपाय हो भन्छन् र अन्य कुनै पनि प्रकारको सङ्घीयता भन्नु पहाडे प्रभुत्व नै हुनेछ भनी ठान्छन्। तर केही बौद्धिकहरूले भने तराईभित्र नै यसको विरोध हुने (खासगरी थारूबाट र अन्य समूहबाट पनि) बताउँछन् र साथै सम्भावित आर्थिक कठिनाइलाई पनि औंल्याउँछन्। "एक्लिनु भन्दा मलाई त पहाडसँगै मिलाएर पारस्परिक फाइदा हुने प्रकारको एकीकृत संयन्त्र बनाउँदा राम्रो हुन्छ जस्तो लाग्छ", वीरगन्जबासी एक जना बौद्धिकले भने। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वीरगन्ज, मे २००७।

[१४१] ती इन्जिनियर नवराज विष्ट हुन्, "Govt. declares Bista martyr", nepalnews.com, २१ मे २००७। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मधेसी कार्यकर्ता, विराटनगर, राजविराज, लहान, वीरगन्ज, नेपालगन्ज र काठमाडौं, मे-जून २००७।

[१४२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, कारखाना मालिक, वीरगन्ज, १ जून २००७।

[१४३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अब्दुल सतार अन्सारी, विराटनगर, २५ मे २००७।

[१४४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, होटल मालिक, राजविराज, ३ जून २००७। हेर्नुहोस् सी.के. लालको "Playing with matches", *Nepali Times*, ८ जून २००७। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, राजविराज र जनकपुर, मे-जून २००७। मधेसीहरू पहाडी क्षेत्रमा बढ्दो रूपमा सताइएका विवरणहरू सुन्नमा आएका छन्। एक जना बस चालक भन्छन्, "उनीहरूको असुरक्षाको भावना आफू बलियो भएको ठाउँमा आक्रामक रूपमा व्यक्त भएको छ। तर पहाडेहरूले बुझ्नुपर्छ यहाँ अथवा पहाडमा मधेसीहरूलाई कसिङ्गरको रूपमा व्यवहार गरेर उनीहरूले पार पाउनेछैनन्। हामी यसको साटो फेर्नेछौं।"

केही पहाडेहरूलाई उनीहरूको जनसङ्ख्या नै घटाउने हिसाबले नभई एउटा सन्देश प्रवाहित गर्नका लागि लखेट्नैपर्दछ। अब खेलका नियमहरू फेरिएका हुनाले उनीहरूले हामीलाई पहिलेझैं व्यवहार गर्न सक्नेछैनन्।"[१४५] फोरमले फेब्रुअरीमा सरकारसँग वार्ता नगरेर एउटा अवसर गुमायो भन्ने आम धारणा एकातिर छ भने प्रधानमन्त्रीको दोस्रो सम्बोधन हुँदा पनि आन्दोलन जारी राखेको भए उनीहरूका माग पूरा हुन्थे भन्ने केहीको विचार छ।[१४६]

**सशस्त्र कारबाहीको समर्थन।** सशस्त्र कारबाहीप्रतिको समर्थन प्रकट रूपमा सीमित रहेको छ। हुन त नरम विचारकाहरूसमेत सशस्त्र कारबाहीप्रति आँखा चिम्लन्छन् र यसलाई सबै उपाय असफल भएपछि अपनाइएको अन्तिम उपायका रूपमा लिन्छन्। सबैजसो मधेसीहरू ज.त.मु.मो.का दुवै घटकलाई राजनीतिक रूपमा लिन्छन् भने अन्य सशस्त्र समूहलाई अपराधी समूहका रूपमा हेर्दछन्।[१४७] जनकपुरनिवासी नागरिक समाजका एक जना कार्यकर्ता भन्छन्, "म हिंसामा विश्वास गर्दिनँ। तर उनीहरू किन यस्तो गर्दैछन् भन्ने मलाई थाहा छ। उनीहरूको ठूलो भूमिका रहेको छ। उनीहरू नभइदिएको भए सरकारले आन्दोलनलाई उहिल्यै दबाइसक्थ्यो।"[१४८] माओवादी विरुद्ध उभिएर त्रासको वातावरणलाई तोडेकामा सशस्त्र समूहहरूप्रति धेरै मानिस सकारात्मक धारणा राख्छन्। त्यसका साथै ती समूहहरूको उदय हुनु र तिनले मान्यता पाउनुमा माओवादीको "सफलता" ले बाटो देखाइदिएको कुरा पनि बताउँछन्।[१४९]

ती सशस्त्र समूहहरूको मूलधारसँग निरन्तर चलेको संवादले उनीहरू निष्प्रभावी छैनन् भन्ने बुझाउँछ। नरम विचारका मधेसीहरू के ठान्छन् भने सशस्त्र सङ्घर्षले हिंसालाई प्रश्रय दिन्छ र अपराधलाई मात्र बढाउँछ। त्यसले मधेसीका समस्या झनै चर्काउँछ। त्यसबाट सरकार दमन गर्न प्रोत्साहित हुन्छ। तापनि "यह हमारे पहलवान है" भनेर उनीहरूप्रति आफ्नो लगाव भने देखाउँछन्।[१५०] नेपाली काङ्ग्रेसका सक्रिय कार्यकर्ताहरू पनि सशस्त्र समूहहरूप्रति उनीहरूभित्रै पनि सहानुभूतिको निश्चित मात्रा रहेको स्वीकार्छन्।[१५१]

[१४५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, १ जून २००७।
[१४६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मधेसी जनअधिकार फोरमप्रति सहानुभूति राख्नेहरू, राजविराज र लहान, मे-जून, २००७।
[१४७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मे-जून २००७। जनतान्त्रिक तराई मुक्ति मोर्चाका आपराधिक क्रियाकलाप नेता र यसका सदस्यहरूका राजनीतिक तालिमको कमीप्रति चिन्ता छ। तर खासगरी गोइत जस्ता कैयन् नेताहरूले भने लगभग राजनीतिक लाइन लिएको मानिसहरू ठान्छन्।
[१४८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, २९ मे २००७।
[१४९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विराटनगर, जनकपुर, राजविराज र नेपालगन्ज, मे-जून २००७। सशस्त्र समूहका नेताहरू, समर्थकहरू र अहिंसावादी नरमपन्थीहरू सबै मधेसी लडाकाहरूले माओवादीका उदाहरणबाटै प्रेरणा पाएको बताउँछन्। एक जना विश्लेषक भन्छन्, "यदि माओवादीहरूले हतियारको भरमा ८३ जना सांसद र पाँच जना मन्त्री पाउँछन् भने अझै बढी महत्त्वपूर्ण उद्देश्यका लागि अन्य समूहले सशस्त्र सङ्घर्षको बाटो रोजेमा त्यसमा के खराबी छ भन्ने आम धारणा रहेको छ।"
[१५०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सद्भावना पार्टीका नेताहरू, काठमाडौं र राजविराज, मे २००७।
[१५१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेकाका नेता, जनकपुर, जुलाई २००७।

अहिलेसम्म उग्रवाद उल्टाउन नसकिने अवस्थामा छैन, तर नरमपन्थको ठाउँ भने साँघुरिँदै गएको छ।

**जातको राजनीति।** तराईका साथसाथै अन्यत्र पनि सधैं जातपातको विषय राजनीतिको एउटा अङ्ग नै बनेको छ। धेरैजसो राजनीतिज्ञहरू र पर्यवेक्षकहरू जातीय कारकले भोटको राजनीतिमा ठूलो भूमिका खेल्नेछ भनी सोच्छन्। आन्दोलनको राजनीतिमा पनि जातीय आयामले एउटा विशेषता ग्रहण गरिसकेको छ। तर पहाडे प्रभुत्व विरुद्ध लडिने साझा लडाइँमा हाललाई आपसी जातीय मतभेदहरूलाई दबाइएको छ। उदाहरणका लागि म.रा.मु.मो., फोरम, ज.त.मु.मो. (गोइत) आदि सङ्गठनमा यादव नेताहरूको प्रभुत्व हुनाले गैरयादवहरू र तल्ला जातका मानिसहरूमा असन्तुष्टि छ। उनीहरू आन्दोलनबाट केही विकर्षित देखिन्छन्। त्यस्तै, ज्वाला सिंहको नेतृत्वमा रहेको ज.त.मु.मो.मा दलित र ब्राह्मणहरूको वर्चस्व छ। मधेसी जनअधिकार फोरमका एक जना कार्यकर्ता भन्छन्, "आफ्ना जातका नेतासित मानिसहरू सहज अनुभव गर्छन्। यादवहरूको सङ्ख्या बढी भएको हुनाले नेतृत्वमा उनीहरूको बोलबाला हुनु स्वाभाविक कुरा हो।"[१५२] समानुपातिक प्रतिनिधित्वको मतलब सङ्ख्या बढी भएका अन्य जातका मानिसहरूले नै भोट पनि बढी पाउने हो भने यसबाट आफूहरू कमजोर पर्न जाने डर ब्राह्मणहरूको छ। पार्टीप्रतिको निष्ठालाई जातप्रतिको निष्ठाले जित्न सक्छ।"[१५३]

## ख) संस्थापन : हल्लियो तर डगमगाएन

यस आन्दोलनले राजनीतिक वर्ग, नागरिक समाज तथा अन्तर्राष्ट्रिय समुदायको ध्यान मधेसी गुनासाहरूतिर खिच्यो। माओवादीलगायत मूलधारका पार्टीहरूका लागि आन्दोलनकारीका केही न्यूनतम पूर्वशर्तहरू पूरा गरेर वार्ताको वातावरण खुकुलो पारी शान्ति प्रक्रियालाई बढी समावेशी पार्ने यो एउटा अवसर पनि थियो। त्यसको साटो आठ दलले के ठाने भने केही मूलभूत माग एकतर्फी रूपमा पूरा गरिदिएपछि सम्झौतावार्ता गरिराख्नै पर्दैन। कोइरालाको दोस्रो सम्बोधनको उद्देश्य परिस्थितिलाई मत्थर पार्ने र मधेसी एजेन्डालाई कटौती गर्ने थियो। तर, मधेसीहरूले समझदारीपूर्वक समस्या समाधान गर्नका लागि आठ दल इमानदार नभएको आरोप लगाउँदै फेरि आन्दोलनलाई अघि बढाए।[१५४] लगातारको बन्द, अन्तर्राष्ट्रिय दबाब तथा मार्च र अप्रिल महिनाको गतिरोधबाट सरकारलाई पुनर्विचार गर्न तथा वार्ताप्रति बढी लचिलो हुन बाध्य पार्‍यो, तापनि पहिलेको प्रवृत्तिमा भने कुनै फेरबदल आएन।

### १. नेका तथा एमाले

मधेसी पहिचानको राजनीति एक वास्तविकता भएको कुरा पार्टीका नेताहरूले बुझे तापनि उनीहरूले स्पष्ट सन्देश दिएका छैनन् तथा

[१५२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विराटनगर, २५ मे २००७।
[१५३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, ब्राह्मण नेताहरू, काठमाडौं र वीरगन्ज, मे २००७। एक जना कार्यकर्ताले "चुनावमा आफ्नै पार्टीका लागि प्रचार-प्रसार गरे पनि भोट भने अर्कै पार्टीको आफ्नै जातको मानिसलाई दिने कुरा बताए।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जनकपुर, २९ मे २००७।
[१५४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, उपेन्द्र यादव, वीरगन्ज, २८ मे २००७।

उनीहरू समावेशीकरणको मूल मुद्दालाई सम्बोधन गर्न चाहँदैनन्। तराईका केही सहरहरूमा उनीहरूले सभा-जुलुस गरे। तर उनीहरूका जिल्ला समितिहरू निष्क्रिय छन् र आफूले गरेका कामको खबर समेत गर्दैनन्। पार्टीका नेताहरू आफ्नै पार्टीका मधेसी सहकर्मीका कुरा सुन्दैनन्।[१५५] नयाँ राजनीतिक खेलाडीहरूको अभ्युदयले उनीहरूको समर्थनको आधारलाई चुनौती दिएको छ। केन्द्र तथा जिल्लास्तरका मधेसी नेताहरूले पार्टी छाडिहालेका छैनन्, तापनि उनीहरूमा असन्तुष्टि भने बढिरहेको छ। उनीहरूलाई के थाहा छ भने यदि पार्टीहरूले मधेसी समस्यालाई सम्बोधन नगर्ने हो भने तिनीहरू धेरै नै कमजोर हुनेछन्।[१५६] मधेसी आन्दोलनमा नेका तथा एमालेका कार्यकर्ताले भाग लिएका थिए। कोइरालाको दोस्रो सम्बोधनपछि मात्र पार्टीहरूले आफ्ना कार्यकर्ताहरूलाई कज्याउने काम गरे।[१५७]

मधेसी कार्यकर्ताहरूको मोलतोलको शक्ति अहिले निकै बढेको छ। साथै उनीहरूको हैसियत वृद्धिको पनि प्रशस्त सम्भावना बढेको छ। नेकाका एक कार्यकर्ताले भने, "पार्टीका नेताहरूले हाम्रा कुरा नसुनेमा हामी अरू समूहतिर लाग्नेछौं। हामीले पहाडे एजेन्डा मात्रै मान्नुपर्ने दिन अब गए।"[१५८] दृढतापूर्वक उठेको पहिचानको राजनीतिलाई सम्बोधन गर्नका लागि नयाँ प्रकारको राजनीतिक उपाय अपनाउनु पर्दछ जस्तै, स्थानीय तथा राष्ट्रियस्तरका मधेसी नेताको पदोन्नति गर्ने, क्षेत्रीय कार्यसूचीको निर्माण गर्ने र लामो समयदेखि शक्तिमा भएर पनि ठूला पार्टीले मधेसको समस्यालाई किन सम्बोधन गरेनन् भन्ने कुरा राम्रोसित प्रस्ट्याउने। यदि स्थापित पार्टीहरूले नयाँ सोच र नयाँ उपाय नअपनाउने हो भने यहाँको राजनीतिक ढाँचा पनि छिमेकी भारतका राज्यहरूकै जस्तो हुनेछ, जहाँ राष्ट्रिय स्तरका पार्टीहरूले पहिचानमा आधारित भावनालाई बुझ्न नसक्नाले स्थानीय समूहहरूलाई ठाउँ छाड्न परेको छ।[१५९]

[१५५] जिल्लास्तरका मधेसी कार्यकर्ताहरूले अन्तरिम संविधानमा संसोधन गर्नुपर्ने चेतावनी दिएका थिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, राजविराज, २५ मे २००७। उदाहरणका लागि, नेका (प्रजातान्त्रिक) का विजयकुमार गच्छेदारले व्यवस्थापिका संसदको पहिलो बैठकमा नै अन्तरिम संविधानप्रति मधेसीहरूको विरोधलाई अभिव्यक्ति दिएका थिए।

[१५६] नेकाका कार्यकर्ताहरूको भनाइमा जनतान्त्रिक तराई मुक्ति मोर्चा र मधेसी जनअधिकार फोरममा धेरैजसो वामपन्थीहरू लागेका छन्, (थोरै भए पनि फोरममा केही काङ्ग्रेसीहरू पनि लागेका छन्।) तर उनीहरूलाई आफ्ना मानिसहरूले पार्टी छाडेर जालान् भन्ने कुराको चिन्ता छैन। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, राजविराज र विराटनगर, मे २००७।

[१५७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेका नेता, विराटनगर, २५ मे २००७।

[१५८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेका जिल्ला समिति सदस्य, राजविराज, २७ मे २००७।

[१५९] भारतका सबैजसो ठूला पार्टीहरूलाई क्षेत्र, जात र जातिका आधारमा जन्मिएका पार्टीहरूका कारण नोक्सानी भएको छ। हेर्नुहोस् Kanchan Chandra, *Why Ethnic Parties Succeed: Patronage and ethnic head counts in India* (क्याम्ब्रिज, २००४) र Zoya Hasan, *Parties and Party Politics* (दिल्ली, २००४)।

## २. नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)

सद्भावना पार्टी (आनन्दीदेवी) ले अन्तरिम संविधान मस्यौदा भएपछि विरोध प्रदर्शनहरूको आयोजना गऱ्यो तर सत्ताको लाभ छाड्न भने अनिच्छुक देखियो। यस पार्टीका केही नेताहरूका विचारमा यदि उनीहरू उसै बेला सरकारबाट बाहिरिएर बढी परिवर्तनकारी अडान लिएका भए फोरम एउटा शक्तिका रूपमा उदाउन सक्ने थिएन।[१६०] सद्भावना पार्टीका नेताहरूले के भनेका थिए भने उनीहरू आन्दोलनको समर्थन गर्दछन् र अरू पार्टीहरूलाई माग स्वीकार्न दबाब दिएर परिवर्तनका लागि भित्रैबाट भूमिका खेल्नेछन्। तर जब सरकारले वास्तै गरेन सद्भावना पार्टीका एकमात्र मन्त्री हृदयेश त्रिपाठीले २९ जनवरीमा राजीनामा दिए।

सद्भावना पार्टी स्वयम् नै फोरमको उदय, मधेसको पहिचानको राजनीति तथा अरू समूहहरूको वास्तविक प्रकृतिका बारेमा अलमलमा छ। एकातिर केही नेताहरू अरू मधेसी नेताहरू अपराधी हुन् भनी दाबी गर्छन् र उनीहरूसित भिड्नुपर्छ भन्दछन्। अर्कोतिर धेरैजसोको विचारमा सशस्त्र समूहलगायत अरू समूह देखा पर्नाले सरकार मधेसी सवालप्रति ध्यान दिन बाध्य हुनेछ।[१६१] नयाँ उदय भएका मधेसी पार्टीहरूले सद्भावना पार्टीको चुनावी आधारलाई नोक्सान पार्न सायद सक्नेछैनन्।[१६२] हुन त यसले गत चुनावमा मधेसी भोटको कुल १५ प्रतिशत मात्रै मत प्राप्त गरेको थियो, तापनि केही निश्चित क्षेत्रमा यसको आफ्नो पकड बलियो छ। वास्तवमा मधेसी जनचेतनाको दृढताले यसलाई आफ्नो जनाधार फैलाउने एउटा अवसर दिन सक्छ, खासगरी अर्को बलियो मधेसी पार्टी नभएको स्थितिमा यसका लागि पार्टीलाई अरू बढी सङ्गठित बनाउने र सद्भावना पार्टीका दुवै समूहको पुनःएकीकरण गर्नुपर्ने कुराको बोध नेताहरूलाई भयो।[१६३]

[१६०] सत्ताको लाभबारेमा, क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेसपा केन्द्रीय नेता, काठमाडौं, मे २००७। नेसपाका जिल्लास्तरका नेताहरूको भनाइमा, केन्द्रीय नेताहरू राजेन्द्र महतो र हृदयेश त्रिपाठीबीचको मतभेद नै मौकाको फाइदा लिन नसक्ने कारण हो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेसपा नेता, जनकपुर, मे २००७।

[१६१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, बाबुनन्दन यादव, नेसपा मोरङ जिल्ला सभापति, विराटनगर, २५ मे २००७। यादव अरू मधेसी समूहलाई मधेसी हितका सबभन्दा ठूला शत्रु ठान्छन् र ती समूहका क्रियाकलापले गर्दा नै पहाडी क्षेत्रमा मधेसीहरूलाई अप्ठेरो पर्न सक्ने चेतावनी दिन्छन्। उनी सीमाक्षेत्रमा सशस्त्र अपराधी समूहका विरुद्ध सशस्त्र प्रहरी बललाई तैनाथ गरिएकोमा त्यसको स्वागत गर्छन्। तर अरूहरूचाहिं सशस्त्र समूहहरूको उदयलाई मधेसी चेतनाको वृद्धिको रूपमा हेर्छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेसपा सदस्य, काठमाडौं तथा लहान, मे २००७।

[१६२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेसपा नेताहरू, काठमाडौं, मे २००७। नेसपाका नेताहरू आफूहरूले प्रायः थोरै मात्र मधेसी भोट पाउने गरेको महसुस गर्छन्। यदि वर्तमान परिचालनबाट सफलता पाउन नसकेमा अरू मधेसी समूहहरू जितेर आउलान्। पहाडी दमनको भन्दा त त्यो कुरा राम्रै हुनेछ, उनीहरू भन्छन्।

[१६३] आनन्दीदेवीको नेतृत्व नेसपा (आनन्दीदेवी) र नेसपाको सन् २००७ को जून महिनामा पुनःएकीकरण भयो र पार्टीको नाम "नेसपा (आनन्दीदेवी)" राखियो। यसको घोषित उद्देश्य सङ्घीय लोकतान्त्रिक गणतन्त्र हो।

पार्टी नेताहरूले दुईखम्बे चुनावी नीति बनाएका छन्। राजनीतिक बहसले तातो रूप लिएको अवस्थामा केही नेताले बढी उग्र नारा लगाउने छन्।[१६४] तर त्यसका साथै सद्भावना पार्टीले कुनै पनि किसिमले साम्प्रदायिक सद्भावलाई खल्बलिन नदिई मधेसी सवाललाई अघि बढाउने जिम्मेवार पार्टीको छवि कायम गर्नु पर्नेछ। यस पार्टीका एक जना नेताले भने, "सद्भावना पार्टी मधेसी समस्यालाई उठाउने पार्टी हो, तर यो मधेसमा पहाडेहरूलाई जोगाउने र मधेसीलाई पहाडमा जोगाउने कुराप्रति पनि उत्तिकै दृढसङ्कल्पित छ।"[१६५]

## ३. माओवादीहरू

माओवादीको सार्वजनिक छवि मधेसी आन्दोलनको समयमा मूलतः उनीहरूको आफ्नै गल्तीका कारण नराम्रो गरी बिग्रन पुग्यो। मधेससम्बन्धी नीतिलाई नियन्त्रणमा लिनेबारे भएको तानातानीले गर्दा उनीहरूको छवि झनै खराब भएको छ। उनीहरूले मधेसी मागहरूको विरोध गरे, यद्यपि ती मागहरूमध्ये कतिपय उनीहरूका पुरानै नीति अनुरूप थिए र उनीहरूले आन्दोलनकारी समूहहरूसित कुनै प्रकारको सरोकार देखाउन चाहेनन्। लहानको घटनापछि माओवादीहरू प्रतिरक्षात्मक स्थितिमा थिए। मधेसी समूहहरूको लोकप्रियताको मूल्याङ्कन पनि उनीहरूले सही ढङ्गले गर्न सकेनन्।[१६६] मधेसीहरूका प्रमुख मागहरूलाई उठाउने हामी नै पहिला हौं र हाम्रा एजेन्डाहरूलाई अपहरण गरेर मधेसका नयाँ समूहहरूले अहिले आफ्नो माग बनाएका हुन् भनेर माओवादीहरूले जोडतोडका साथ असन्तुष्टि व्यक्त गर्नाले उनीहरूलाई आफ्नै समर्थकहरूका माझमा समेत हारेको जुवाडे जस्तो बनाइदियो। माओवादीद्वारा मनोनित एक जना सांसद भन्छन्, "यस्तो गुनासो गर्नुको कुनै तुक छैन। लोकतान्त्रिक राजनीतिमा यस्तो भइहाल्छ। माओवादीहरूले यस्ता कुराप्रति अभ्यस्त हुनु आवश्यक छ।"[१६७] तथापि, गौरलगायत अन्य घटनामा झन्डै चालीस जना जति आफ्ना कार्यकर्ताहरू मारिदा पनि हिंसात्मक प्रतिशोध नलिएर माओवादीहरूले संयम दर्शाएका छन्। मध्यमस्तरका माओवादी नेताहरूको हत्या गर्ने अहिलेको क्रमले तराईमा माओवादीहरूलाई भयङ्कर प्रतिशोधका लागि उक्साउने ठूलो खतरा छ।

तराईका मुद्दाहरू उठाउने माओवादीहरू नै हुन् भन्ने कुरा जनताले बिर्सिए भने त्यति ठूलो समस्या होइन, बरु समस्या के हो भने माओवादीहरूले गरेका बाचा पुऱ्याउन सकेनन्। फोरमका एक जना समर्थकको शब्दमा "मधेसमा जोदाहा मानसिकता पैदा गर्नमा माओवादीहरूको योगदान छ। उनीहरूले बीउ रोपे, तर बाली भने उनीहरूले उठाउन पाएनन्। उनीहरूले हामीलाई नयाँ चेतनाबाट सशस्त्र तुल्याए, तर त्यसपछि गोली उनीहरूतिरै फर्कियो।"[१६८] अन्तरिम संविधानमा सम्झौता गर्नुपर्ने आवश्यकता परेकोले संविधानसभाका निम्ति ती मुद्दाहरू थाँति राखिएका भनी माओवादी नेताहरू दाबी गर्छन्।[१६९] तर, मधेसी आन्दोलनकारीहरू यस भनाइलाई मान्न तयार छैनन् — "माओवादीहरू यति सजिलै मधेसी मुद्दाहरूलाई बिर्सेर सम्झौता गर्न इच्छुक किन भएका हुन्? आफ्ना सरोकारका अन्य कुरामा चाहिँ उनीहरूको अडान उस्तै छ त? यसले पहाडी नेतृत्वको वास्तविक नियतलाई दर्शाउँछ।"[१७०]

सात दलदेखि फोरमसम्मका फरकफरक समूहहरू तथा ज.त.मु.मो. र भारतसमेतले माओवादीहरूप्रतिको वितृष्णालाई उनीहरूलाई कमजोर तुल्याउन उपयोग गरेको तथ्यबाट पनि माओवादीहरू चिन्तित छन्।[१७१] तराई र भारतमा थुप्रैले के ठान्छन् भने आन्दोलन र विरोधको निसाना राज्यलाई जति नै माओवादीहरूलाई पनि बनाइनुपर्छ।[१७२] मधेसी र माओवादीहरूबीचको सङ्घर्षबारे मानिसहरू कुरा गर्दछन्। मधेसीहरूले आफ्नो अधिकार नपाउनुमा माओवादीहरू नै जिम्मेवार हुन् भनेर व्यापक रूपमा फैलिएको धारणाको प्रतिवाद गर्न माओवादीहरू पूरै असफल भए।[१७३] यसबाट तराईमा माओवादी पार्टीको समर्थन र साख गिर्न पुगेको कुरा

[१६४] नेसपा (आनन्दीदेवी) का राजेन्द्र महतोको भनाइमा "मधेसमा शासन गर्ने अधिकार मधेसीलाई मात्र छ।" "Ministers Mahato's remarks spark protests", nepalnews.com, १३ मे २००७।

[१६५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अनिल झा, नेसपा केन्द्रीय समिति सदस्य, काठमाडौं, मे २००७।

[१६६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी नेता, वीरगन्ज, मे २००७। आफूहरूले उपेन्द्र यादव र जनतान्त्रिक तराई मुक्ति मोर्चाका दुवै गुटलाई कम आँकेको स्वीकार्छन् माओवादी कार्यकताहरू।

[१६७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, अप्रिल २००७।

[१६८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वीरगन्ज, १ जून २००७।

[१६९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अथक, नेकपा माओवादीका बाँके जिल्ला इन्चार्ज, नेपालगन्ज, १५ जून २००७।

[१७०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मानवअधिकारवादी तथा पहिलेका माओवादीका समर्थक, नेपालगन्ज, १२ जून २००७।

[१७१] सात दल गठबन्धनसित क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेका कार्यकर्ताहरू, विराटनगर र राजविराज, मे २००७। तराई काङ्ग्रेसको गढ रहँदै आएकाले नेकाले आफ्ना प्रतिद्वन्द्वीहरूलाई कमजोर तुल्याउन भरमग्दुर गर्न चाहन्छ। अर्कातिर एमाले वामपन्थी भोटहरूका लागि माओवादीसँग प्रतिस्पर्धा गर्दैछ। तराईका सीमान्तीकृत समुदायहरूको केही तप्कामा माओवादीहरूले पकड जमाएकाले माओवादीले तिनीहरूको समर्थन गुमाउनु एमालेले फाइदा पाउनु हो। फोरमका लागि क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, फोरमका कार्यकर्ताहरू, काठमाडौं, विराटनगर, जनकपुर, नेपालगन्ज, मे-जून २००७। तिनीहरूको विगतको शत्रुता र तिनीहरूका सारभूत मागहरू उस्तै भएको परिप्रेक्ष्यमा फोरम माओवादीहरूलाई नै आफ्नो प्राथमिक प्रतिद्वन्द्वीका रूपमा देख्छ। यस्तो प्रतिद्वन्द्वितालाई दुई पक्षका कार्यकर्ताहरूबीच व्यक्तिगत रूपमा रहेको सघन तिक्तताले झनै बढाएको छ। भनिन्छ, ज.त.मु.मो.का धेरैजसो सदस्यहरू पहिलेका माओवादीहरू नै हुन्। मधेसका विषयमा माओवादीका रवैयाहरूबाट मोहभङ्ग भएर अथवा व्यक्तिगत शत्रुताका कारण तिनीहरूले माओवादी पार्टी छोडे। त्यसपछि तिनीहरूले माओवादीहरूलाई अप्ठेरोमा पार्ने मौका छोपे। भारतमा क्राइसिस ग्रुपका अन्तर्वार्ताहरू, सरकारी अधिकारी र विश्लेषकहरू, पटना र दिल्ली, जून २००७। माओवादीलाई प्रतिकार गर्ने शक्तिका रूपमा मधेसी समूहहरू आएका हुन् भन्ने भारतमा आम प्रभाव छ।

[१७२] तराईमा क्राइसिस ग्रुपका अन्तर्वार्ताहरू, मधेसी कार्यकर्ताहरू, विराटनगर, राजविराज र जनकपुर, मे २००७। भारतमा क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, सरकारी अधिकारी र विश्लेषकहरू, पटना र नयाँ दिल्ली, जून २००७।

[१७३] "हाम्रा नीतिहरू स्पष्ट पार्न हामीले सकेका छैनौं। हाम्रो एजेन्डा र प्रतिबद्धताप्रति भय, क्रोध र प्रश्नचिन्ह रहेको छ।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, प्रभु साह, महासचिव, मधेसी राष्ट्रिय मुक्ति मोर्चा, काठमाडौं, मे २००७।

माओवादी नेताहरू स्वीकार गर्छन्।[१७४] केही माओवादी सदस्यहरू ज.त.मु.मो.का गुटहरूमा र फोरममा गएकाले माओवादी पार्टीको साङ्गठनिक शक्ति पनि खस्केको छ।[१७५]

माओवादी पार्टीका मधेसी कार्यकर्ताहरू अन्य मधेसी समूह विरुद्ध सशस्त्र कारबाहीको पक्षमा बोलेकामा पार्टी अध्यक्ष प्रचण्डसँग असन्तुष्ट छन्।[१७६] एक जना मधेसी माओवादी कार्यकर्ताले भने, "यसले हामीलाई अप्ठेरोमा पार्छ। स्थानीय तहमा यस्तो किसिमको अडानको प्रतिरक्षा गर्नु असम्भव छ। हामी आफ्नो पार्टीलाई नै भोट दिन्छौं, तर मधेसको पक्षमा राम्रो काम जोसुकैले गरे पनि तिनको हामी समर्थन गर्छौं।"[१७७] मधेसभित्र आन्तरिक नेतृत्वको खिचातानी जून २००७ मा उत्कर्षमा पुग्यो, त्यति बेला आफ्नो भ्रातृ सङ्गठन म.रा.मु.मो.लाई पाखा लगाएर माओवादी केन्द्रीय सचिवालयले तराईको गतिविधिलाई सोझै आफ्नो नियन्त्रणमा लियो।[१७८]

माओवादीहरूको अवस्था कमजोर हुँदै गएकोलाई विशेष परिप्रेक्ष्यमा हेर्नु आवश्यक छ। तराईमा उनीहरू सोचे जति बलिया कहिल्यै थिएनन्। तल्ला जातिका मानिसहरूलाई परिचालित गर्ने उनीहरूको रणनीतिले थुप्रै शक्तिशाली तप्काहरूलाई उनीहरूको विरोधी बनायो। क्रान्तिकारी भूमिसुधारको कुरा गर्नाले मझौला भूमिपतिहरूलाई तर्साइदियो। उनीहरूले आफ्नो भएको एकमात्र जेथा पनि गुम्नेछ भन्ने ठाने। धम्क्याउने र तर्साउने गर्नाले धेरैलाई माओवादीहरूबाट अलग्यायो। पार्टीका नेताहरूका रूपमा पहाडेहरूको उपस्थितिले उनीहरूका प्रतिबद्धतामाथि शङ्का उत्पन्न गरायो। साथै, नेतृत्व पनि कहिल्यै एकजुट भएको थिएन, त्यसैले थुप्रै महत्त्वपूर्ण सदस्यहरूले पार्टी परित्याग गरे।[१७९] बढी खुला, प्रतिस्पर्धात्मक राजनीतिक प्रणालीमा उनीहरूको प्रवेशले त्रासको मात्रा घटेर जनता आफ्ना पीरमर्काहरू बढी निर्धक्क भएर व्यक्त गर्न सक्ने भए।

तथापि माओवादीहरू अब सकिए भन्नचाहिं मूर्खता हुनेछ। उनीहरू बडो सङ्गठित छन्। उनीहरूसँग प्रशिक्षित र राम्रोसित बोल्न सक्ने नेताहरू छन्, जो अरूलाई आफ्ना कुरा मनाउन सक्छन् र सीमान्तीकृत समुदायहरूमा आफूप्रतिको समर्थन कायम राख्न समर्थ छन्।[१८०] त्यसका साथै उनीहरूसँग यस्ता स्पष्ट नीतिहरू छन् जसबाट उनीहरू मधेसी मुद्दाहरूलाई बढी फराकिलो ढाँचाभित्र राख्न सक्छन्।[१८१] तराईका सहरहरूमा जुलुस र आमसभाहरू गरेर उनीहरू त्यहाँ गुमेको समर्थन फेरि प्राप्त गर्ने र आफ्ना अडानहरू स्पष्ट पार्ने प्रयत्न गरिरहेका छन्। उनीहरूले बहुआयामिक रणनीति अपनाएका छन्। फोरमको राजावादी र हिन्दू अतिवादीहरूसँगको सम्बन्धलाई देखाउने, मधेसीका मुद्दाहरू सबभन्दा पहिला आफैंले उठाएको दाबी गर्ने, पश्चिममा थारू तथा पूर्वमा कोचिला र दलितहरू जस्ता अन्य समुदायलाई आफ्नो पहिचान निम्ति खडा हुन प्रोत्साहित गर्ने, लहान घटनाको निम्ति सार्वजनिक रूपमा क्षमायाचना गर्ने, भूमिहीन मधेसीहरूलाई लक्षित गरेर भूमिसुधारको कुरा उठाउने र गौर नरसंहारलाई औंल्याएर सहानुभूति आर्जन गर्ने जस्ता कुराहरू त्यस रणनीतिअन्तर्गत पर्दछन्।[१८२] उनीहरूले गएको जून महिनामा एक महिनासम्म तराईमा जनयुद्धको शैलीमा प्रतिरोध आन्दोलन चलाउने घोषणा गरे, तर म.रा.मु.मो.मा ज्यादै चर्को विवाद बढेकाले त्यो कार्यक्रम फिर्ता लिए।[१८३] यस्तो झमेलाको अवस्थामा त्यससम्बन्धी संशोधित अवधारणा आउँछ आउँदैन भन्ने कुरा अझै स्पष्ट छैन।

## ग) लक्ष्यहीन विद्रोह

सम्झौताका निमित्त पहल गर्न सरकारले देखाएको अनिच्छाले समस्याको एउटा खण्डलाई मात्र दर्शाएको छ। मधेसी समूहहरू आफैंमा आन्तरिक तनाव झेलिरहेका छन्। तत्कालीन मागहरू र दीर्घकालीन रणनीतिका बारेमा पनि उनीहरूमा स्पष्टता छैन।

### १. मधेसी जनअधिकार फोरम र अन्य मधेसी नेतृत्व

आन्दोलनले मधेसी जनअधिकार फोरम (फोरम) लाई एउटा नेतृत्वदायी शक्तिका रूपमा उभ्याइदियो। यसले जनतालाई परिचालित गर्‍यो र राष्ट्रिय राजनीतिको गतिमा फेरबदल ल्याइदियो। तर यसलाई राजनीतिक लाभमा रूपान्तरण गर्नु सजिलो हुनेछैन। यसका नेताहरू भिडन्त वा मेलमिलापका रणनीतिबारे असमान विचार राख्छन्।[१८४] प्रधानमन्त्रीको दोस्रो सम्बोधनपछि केहीले आन्दोलनले अझै गति लिन सक्छ भन्ने विश्वासमा आफ्ना मागहरू अघि बढाउने इच्छा गरेका थिए।[१८५] अरूले चाहिँ आन्दोलनलाई जारी राख्न पहिले झैं जनसमर्थन रहनेछैन भनेर संवादका लागि समय परिपक्व

---

[१७४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी नेताहरू, काठमाडौं, वीरगन्ज र नेपालगन्ज, मे-जून २००७।

[१७५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी मजदुर सङ्गठनका नेता, वीरगन्ज, जून २००७। ती कार्यकर्ताका अनुसार पर्सा जिल्लाको उनको गाउँमा फोरम र माओवादी दुवैका करिब ८०० सदस्यहरू छन्, तर त्यहाँ फोरमको शक्ति द्रुतगतिमा बढिरहेको छ। ज.त.मु.मो.का दुवै गुटका ६०-६० जना सदस्यहरू छन्, तिनमा धेरैजसो पहिलेका माओवादी कार्यकर्ताहरू नै छन्।

[१७६] प्रचण्डले मधेसी समूहहरूका विरुद्ध सशक्त प्रहरी कारबाहीको वकालत गरेका थिए। हेर्नुहोस् "अब एक्काइसौं शताब्दीको नौलो जनविद्रोह हुनेछ", *जनादेश,* २० मार्च २००७।

[१७७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी मजदुर सङ्गठनका नेता, वीरगन्ज, जून २००७।

[१७८] "मधेस बन्द स्थगित", *जनादेश,* १९ जून २००७। म.रा.मु.मो.को केन्द्रीय समिति विघटन गरिएको थियो र त्यसको ठाउँमा गठित नयाँ तदर्थ समितिमा माओवादी सांसद रामकुमारी यादव संयोजक नियुक्त भएकी थिइन् "Maoist Madhesi Front central body dissolved over appointment row", ekantipur.com, २२ जून २००७।

[१७९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता चन्द्रकिशोर, निर्देशक, सेन्टर फर सोसल रिसर्च, वीरगन्ज, १ जून २००७।

[१८०] सी.के. लाल, "Playing with matches", *Nepali Times,* ८ जून २००७।

[१८१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, प्रभु साह, काठमाडौं, २३ मे २००७।

[१८२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, चन्द्रकिशोर, १ जून २००७।

[१८३] नेकपा माओवादीको १५ जूनमा बसेको केन्द्रीय सचिवालयको बैठकले तराईमा सशक्त सङ्घर्ष गर्ने निर्णय गरेको थियो। तर म.रा.मु.मो.ले निर्धारित बन्द फिर्ता लियो। "मधेस बन्द स्थगित", *जनादेश,* ९ जून २००७।

[१८४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मधेसी जनअधिकार फोरमको केन्द्रीय समितिका सदस्य, काठमाडौं, २३ मे २००७।

[१८५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, मधेसी जनअधिकार फोरमका नेताहरू, विराटनगर र लहान, मे २००७।

भएको ठानेका थिए। फोरमको नेतृत्वले नहार्ने बाजी थाप्दै सम्बोधनलाई “सावधानीपूर्वक स्वागत गऱ्यो” र वार्ताका लागि पूर्वशर्तहरू पनि राख्यो।[१८६] पछि गएर फोरमका नेताहरूले आफूहरूबाट गल्ती भएको स्वीकार गरे।[१८७] जनताको सहानुभूति घट्यो, नयाँ कार्यकर्ताहरू भर्ती तथा सङ्गठन निर्माण गर्नेतर्फ त्यति ध्यान दिइएन। आफ्ना कार्यसूचीहरूलाई न्याय गर्न नसकेकोमा फोरम आलोचित भयो।[१८८] आन्दोलनको एकलौटी जस लिने प्रयत्नले फोरमबाहिरका कार्यकर्ताहरूलाई बेग्ल्याइदियो।[१८९]

राजावादी र भारतका हिन्दू अतिवादीहरूसँग फोरमको सम्बन्ध रहेको आशङ्काले तराईमा यसका वास्तविक कार्यसूचीहरूमाथि नै शङ्का उठेको छ, खासगरी वामपन्थी कार्यकर्ता र मुसलमानहरूमाझ।[१९०] आफ्नो जातका मानिसलाई बढावा दिएकोमा उपेन्द्र यादवले नै आलोचनाको सामना गर्नुपरेको छ।[१९१] गौरको नरसंहार अझ ठूलो चुनौती बन्यो। केही नेताहरू के विश्वास गर्छन् भने गौर घटनाले माओवादी विरोधीका रूपमा उनीहरूको पहिचान स्थापित गऱ्यो र माओवादीहरूलाई एउटा पाठ सिकाएकोमा उनीहरू भित्रभित्रै गर्व गर्छन्। उनीहरूले क्षमायाचनाको निम्ति गरिएको आह्वानलाई पनि अटेर गरे।[१९२] तर त्यस घटनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भर्त्सना निम्त्यायो, कार्यकर्ताहरूको गतिविधिलाई खुम्च्याइदियो, माथिल्ला नेताहरूलाई भौतिक सुरक्षाको त्रासमा जाकिदियो र फोरमको मोलमोलाई गर्ने क्षमतालाई कमजोर तुल्याइदियो। उपेन्द्र यादवले भारततर्फ भाग्नुपरेको थियो, जहाँ उनलाई हिंसात्मक गतिविधि रोक्न र सरकारसँग तत्काल वार्ता थालेर फराकिलो प्रक्रियामा सहभागी हुन सल्लाह दिइएको बुझिन्छ।[१९३]

फोरमलाई एउटा राजनीतिक दलका रूपमा दर्ता गर्ने निर्णयबाट आफ्नै खालका समस्याहरू उब्जिएका छन्। अन्तरदलीय मञ्चका रूपमा फोरमले फराकिलो समर्थन आर्जन गरेको थियो, तर अहिले फोरमको समर्थन गर्ने र फोरमप्रति सहानुभूति राख्नेहरू पनि नयाँ पार्टीमा प्रवेश गर्नुअघि निकै सोचविचार गर्नेछन्।[१९४] दलका रूपमा दर्ता गर्ने निर्णय सही थियो भन्ने यादवको तर्क छ। उनी भन्छन्, “आन्दोलनलाई दिगो रूपमा अघि बढाउन, उपलब्धिहरूलाई संस्थागत गर्न, समस्याहरूको समाधान गर्न र मुद्दाहरूलाई सम्बोधन गर्न एउटा राजनीतिक दल अत्यावश्यक छ। हामी अल्पकालीन मूल्य चुकाउन तयार छौं, तर मधेसी जनअधिकार फोरम एउटा राजनीतिक दलको रूपमा आउनु ऐतिहासिक आवश्यकता हो।”[१९५] आफूले राखेका पूर्वशर्तहरू पूरा नहुँदै फोरमले सरकारसँग पहिले अनौपचारिक र त्यसपछि औपचारिक वार्ता पनि थालिसकेको छ।[१९६] पार्टी नेताहरू आफ्ना मागहरूप्रतिको अडान कायम रहेको, तर वार्ताका बाधक नदेखिनका लागि उनीहरूले वार्ता गरिरहेको तर्क गर्छन्।[१९७] तैपनि केही कार्यकर्ताहरू नेताहरूलाई कमजोर र असङ्गत भएको दोष लगाउँछन्।[१९८]

फोरमले राजनीतिक शक्ति कायमै राखेको छ। मधेसी अधिकारको प्रमुख रक्षकका रूपमा यसले व्यापक मान्यता हासिल गरेको छ। यसका कार्यनीतिहरूसँग असहमत हुनेहरूसमेत के मान्छन् भने यसले मधेसी समस्याहरूलाई कार्यसूचीका रूपमा अघि सारेको छ जुन काम सद्भावना पार्टीले दुई दशकदेखि गर्न सकेको थिएन।[१९९] यसले

---

[१८६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मधेसी जनअधिकार फोरमका केन्द्रीय नेताहरू, काठमाडौं र वीरगन्ज, मे २००७।

[१८७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, मधेसी जनअधिकार फोरमका केन्द्रीय तथा जिल्लास्तरीय नेता र समर्थकहरू, काठमाडौं, वीरगन्ज, नेपालगन्ज र राजविराज, मे-जून २००७।

[१८८] उदाहरणका लागि, आलोचकहरू के भन्छन् भने महत्त्वपूर्ण परिणाम चाहिएको हो भने गृहमन्त्री कृष्णप्रसाद सिटौलाको राजीनामालाई पूर्वशर्तको रूपमा राख्नु हुँदैनथ्यो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मधेसी राजनीतिक कार्यकर्ताहरू, काठमाडौं र विराटनगर, मे २००७।

[१८९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेका र नेका (प्रजातान्त्रिक) का नेताहरू, विराटनगर र जनकपुर, मे २००७। पत्रकार र नागरिक समाजका सदस्यहरू, वीरगन्ज र जनकपुर, मे २००७।

[१९०] “हामी मधेसी मागको समर्थन गर्छौं, तर मधेसी जनअधिकार फोरमका ‘रा.स.स.’ जस्ता हिन्दू अतिवादीहरू सङ्गठनहरूसँग साँठगाँठ रहेको कुरा सुनेपछि हामी अलमलमा छौं। फोरमले यस विषयमा प्रस्ट भएर आउनुपर्छ।” क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मोहम्मद सिद्दिकी, नागरिक समाजका कार्यकर्ता, नेपालगन्ज, १२ जून २००७।

[१९१] पूर्वी तराईका जिल्लास्तरीय केही नेताहरू र केन्द्रीय समितिका सदस्यहरूमा यादवहरूको सङ्ख्या निकै बढी छ।

[१९२] फोरमले नियुक्त गरेको एउटा आयोगले स्थानीय प्रशासन र माओवादीहरूमाथि दोष लगाएर मधेसी जनअधिकार फोरमलाई भने सफाइ दियो। गौरमा रहेका फोरमका एक जना नेताले भने, “माओवादीहरूलाई यस्तो हुने थाहा थियो। अन्य सहरहरूमा तिनीहरूले हाम्रा ऱ्यालीहरू बिथोलेका थिए र गौरमा हामीलाई उक्साए। त्यसको प्रतिक्रिया हुनु अवश्यम्भावी र आवश्यक थियो। यसले तिनीहरूलाई हामी मात्रै दह्रो जवाफ दिन सक्छौं भन्ने देखाउँछ”, क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मे २००७।

[१९३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विश्लेषकहरू, काठमाडौं, वीरगन्ज, मे-जून २००७।

[१९४] “मधेसी कार्यकर्ताहरूका निम्ति फोरम एउटा प्रशिक्षणभूमि र बढी फराकिलो वैचारिक पाठशाला हुनेछ भन्ने हामीले आशा गरेका थियौं, तर अब यो अरू राजनीतिक दलसरह नै भएको छ।” क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेका (प्रजातान्त्रिक) का कार्यकर्ता, विराटनगर, २४ मे २००७।

[१९५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, उपेन्द्र यादव, वीरगन्ज, २८ मे २००७।

[१९६] शान्ति तथा पुनर्निर्माण मन्त्री रामचन्द्र पौडेलले मे २००७ मा वीरगन्जमा उपेन्द्र यादवलाई भेटे। त्यस भेटले सरकार र फोरमबीच जूनमा जनकपुरमा हुने औपचारिक वार्ताका निम्ति बाटो खोल्यो।

[१९७] गृहमन्त्रीको राजीनामाका सम्वन्धमा उपेन्द्र यादवले भने, “बृहत्तर स्वार्थ र अग्रगमनका लागि हामीले लचकता देखाएका हौं। तर समग्र घटनाक्रमले के देखाउँछ भने शासक वर्गका लागि सम्पूर्ण मधेसीहरूको भावनाभन्दा गृहमन्त्री पदमा टाँस्सिइरहने कुरा नै बढी महत्त्वपूर्ण छ।” क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वीरगन्ज, २८ मे २००७।

[१९८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, पत्रकार र कार्यकर्ताहरू, वीरगन्ज, जनकपुर र राजविराज, मे २००७। फोरमका एक नेताले प्रतिक्रिया जनाए, “सबैले हामीबाट जे चाहेको हो हामीले त्यही काम गरेका छौं। हामीले हठ त्यागेर वार्ता थालेका छौं। तर तिनै मानिसहरू अहिले मुन्टो बटारेर हामीले आफ्नो अडान त्याग्यौं भन्दैछन्। यो अनुचित हो, कसैले हामीलाई दोष लाउन सक्दैन। अब सबै कुरा सरकारमा भर पर्छ।” क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जनकपुर, मे २००७।

[१९९] केही मानिस के विश्वास गर्छन् भने गाउँलेहरूसँग यसको बलियो सम्बन्ध छ, जसले यसलाई “मधेसी तागत” का रूपमा हेर्दछन् तर यो कुरा साँचो नै भए पनि यसमा सम्भवतः ग्रामीण सङ्गठन जुटाउने सङ्गठनको अभाव छ।

पूर्वी तराईलाई बन्द गर्ने र काठमाडौंलाई घाइते तुल्याइदिने हडतालहरू गरेर आफ्नो शक्ति प्रदर्शन गरेको छ। यसका नेताहरूको भारतमा व्यापक सम्बन्ध रहेको छ र माओवादीहरूलाई टक्कर दिने एकमात्र शक्तिका रूपमा आफूलाई प्रस्तुत गरेर उनीहरू अझै फाइदा लिन सक्छन्। तैपनि यसको राजनीतिक निष्कर्ष र योजनामाथि प्रश्नहरू उठेका छन्। मधेसी राजनीतिज्ञहरू यसमा लाग्न अघि सरेका छैनन् र केही त यसले आफ्नो महत्त्व गुमाइसकेको छ भन्ने ठान्दछन्।[२००] यसले मूल मुद्दाहरूलाई अघि सारिसकेको हुनाले अब यो अन्य शक्तिहरूद्वारा विस्थापित हुन पनि सक्छ। यसलाई नजिकबाट हेर्ने एक जना पर्यवेक्षक भन्छन्, "मधेसी जनअधिकार फोरमले ठूलै काम गऱ्यो भनी सोच्ने मानिसहरू छन्, तर तिनीहरू फोरमको हातमा रहेको मसाल अब अरू पार्टीको हातमा गएको देख्न पाए खुसी हुनेछन्।"[२०१]

मधेसी सांसदहरू आफ्ना पार्टीहरूमा र मधेसी कार्यसूचीलाई संयोजित रूपमा समर्थन दिनमा सक्रिय रहँदै आएका छन्। तिनीहरूद्वारा निर्मित एउटा अनौपचारिक अन्तरदलीय २६ सदस्यीय गठबन्धनले निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रस्तावलाई अस्वीकार गरिदियो र निर्वाचन क्षेत्रको नयाँ सीमाङ्कनको माग गऱ्यो। आफ्नै पार्टीका निर्देशनहरूको अवज्ञा गरेर तिनीहरूले एक महिनाभन्दा बढी समयसम्म अन्तरिम संसदका सबै क्रियाकलापहरू अवरुद्ध पारिदिए।[२०२] त्यस समूहलाई नेका (प्रजातान्त्रिक) का विजय गच्छेदार र जयप्रकाश गुप्ता, सद्भावना पार्टीका हृदयेश त्रिपाठी र एमालेका महेन्द्र यादवले नेतृत्व गरेका छन्। केहीले एउटा साझा मधेसी दल बनाउने विचार पनि गरेका छन्। तिनीहरू के ठान्छन् भने जनताले आमूल परिवर्तन चाहिरहेको बेलामा राष्ट्रिय पार्टीहरूसँग टाँस्सिइरहनाले हानि गर्दछ र अहिले उत्पन्न राजनीतिक रिक्ततामा अन्य शक्तिले ठाउँ बनाउन सक्नेछ।[२०३] तर नेतृत्व र दीर्घकालीन रणनीतिउपर रहेका मतभिन्नताहरूले गर्दा तिनीहरूबीच एकता हुन गाह्रो हुनेछ। एउटा सङ्गठन खडा गर्नु र यतिन्जेल मधेसी मुद्दाहरू किन नउठाएको भन्ने प्रस्ट्याउनु अन्य चुनौतीहरू हुनेछन्।[२०४]

## २. जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज.त.मु.मो.)

यसका दुवै गुटले मधेसी आन्दोलनमा भाग लिएका थिए र यिनका कार्यकर्ताहरू प्रहरीद्वारा मारिएका थिए।[२०५] आन्दोलनपछि सृजित शून्य अवस्थामा सशस्त्र समूहले शक्ति बढाएका छन्, उनीहरूका साङ्गठनिक आधार र क्रियाकलापहरूमा वृद्धि भएको छ। केही मधेसी बौद्धिक वृत्तमा एक तहको स्वीकृति प्राप्त गर्न पनि उनीहरू सफल भएका छन्। गोइत र ज्वालासिंह भूमिगत छन् र प्रायः भारतको विहारमा बस्ने गर्छन्, तापनि उनीहरू अरू मधेसी नेताहरूसँग निकट सम्पर्कमा रहेका छन्। उनीहरू बेलाबेलामा अन्तर्वार्ता दिन्छन् र तराईका जिल्लाहरूमा भ्रमण गर्ने गर्छन्। दुवै गुटले हिंसालाई सहज रूपमा अपनाउँदै आएका छन्। उनीहरू खासगरी पहाडेहरूको अपहरण गर्छन् भने मधेसीहरूलाई अपहरण गर्ने काम पनि बढदो छ।[२०६] उनीहरू सम्पत्ति लुट्ने र जग्गा कब्जा गर्ने (खासगरी पहाडेहरूको र त्यसपछि मधेसीहरूको)[२०७], सरकारी चौकीहरूमा आक्रमण गर्ने तथा बम विस्फोट गर्ने र पहाडी मूलका प्रशासकहरूलाई धम्क्याउने गर्छन्।[२०८]

ज्वालासिंहको गुट तीव्रगतिमा फैलेको छ।[२०९] यो गुट सङ्ख्या तथा क्रियाकलापका दृष्टिले पनि बढि बलियो छ। आफूले राखेका केही शर्त पूरा भएमा यो गुट सरकारसँग वार्ता गर्न तत्पर छ। ती शर्तहरूमा मारिएका पार्टी कार्यकर्ताहरूलाई शहीद घोषणा गर्नुपर्ने, युद्धविराम गर्ने तथा यसका सदस्यहरू विरुद्धको मुद्दा फिर्ता लिनुपर्ने आदि पर्दछन्। आफूलाई वैधानिक राजनीतिक पात्रका रूपमा चिनाउन पनि यसो गरिएको हो। ज्वालासिंहका विचारमा मधेसी राजनीतिले सबै समूहबीचमा एउटा लचिलो खालको गठबन्धन खोजेको छ, तर गोइत समूह यसको मुख्य तगारो हो।[२१०] गोइतले सार्वजनिक रूपमै वार्ताको निम्ति तत्परता देखाएका हुन् तर सरकारले नै राम्रो प्रतिक्रिया देखाएन। गोइत आफूमाथि धोखा भएको ठान्छन् र आफूलाई लामो वार्ताका लागि तयार पार्न केही हिच्किचाएका छन्।[२११] तापनि उनी आफू वार्ताको विरुद्धमा नभएको बताउँदै यदि माओवादीले उनको गुट विरुद्ध घोषणा गरेको

क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, आत्माराम साह, नागरिक समाजका कार्यकर्ता, वीरगन्ज, १ जून २००७।

[२००] "फोरमका नेताहरूको राजनीतिक सुझबुझमा आस्था नभएसम्म हामीले किन एउटा स्थापित पार्टी त्याग्ने र?" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेका कार्यकर्ताहरू, राजविराज, २७ मे २००७।

[२०१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, २२ जून २००७।

[२०२] भोजराज भाट, "अवरुद्ध गति", *नेपाल*, २७ मे २००७।

[२०३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, मधेसी राजनीतिज्ञहरू, विराटनगर, राजविराज र जनकपुर, मे २००७। नेताहरूलाई एकजुट हुन कार्यकर्ताहरूले दबाब दिइरहेका छन्।

[२०४] एक विश्लेषक यसो भन्छन्, "अरूले आधारभूत काम गरेर मधेसलाई कार्यसूचीमा राखिसकेपछि यी सांसदहरू अहिले आएर प्रबल क्रान्तिकारी हुने प्रयत्न गरिरहेका छन्। जनताले यिनीहरूको यस्तो नयाँ उग्रवादलाई सजिलै देख्न सक्छन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वीरगन्ज, १ जून २००७।

[२०५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, ज.त.मु.मो.प्रति सहानुभूति राख्नेहरू, जनकपुर, २९ मे २००७।

[२०६] पहाडेहरूलाई कहिलेकाहीं राज्यका प्रतिनिधिका रूपमा पनि तारो बनाइएको छ (खासगरी जिल्ला प्रशासनका कर्मचारीहरूको अवस्था नाजुक छ)। मधेसीहरूलाई भने बलजफ्ती पैसा असुलेकामा कारबाही गरिएको छ। तर यो विभाजन त्यति स्पष्ट छैन।

[२०७] उदाहरणका लागि, ज.त.मु.मो.को ज्वालासिंह गुटले नेका नेता रामवरण यादवको धनुषाको जमिन कब्जा गऱ्यो भने सिरहामा कवि सिद्धिचरण श्रेष्ठको जमिन कब्जा गऱ्यो। "आन्दोलनको आडमा अपराध", *हिमाल खबरपत्रिका*, ३० मे २००७।

[२०८] उदाहरणका लागि ज.त.मु.मो. (ज्वालासिंह) को प्रेस वक्तव्य हेर्नुहोस्, १४ अप्रिल २००७।

[२०९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, ज्वालासिंह, मे २००७। सन् २००७ को जुलाईसम्ममा तराईका सबै जिल्लामा उनीहरूको उपस्थिति हुने सिंहको दाबी छ।

[२१०] ऐ.ऐ.।

[२११] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जनतान्त्रिक तराई मुक्ति मोर्चाको गोइतप्रति सहानुभूति राख्नेहरू, काठमाडौं, जून २००७।

युद्ध फिर्ता लिन्छ र सरकारले पूरा सुरक्षाको विश्वास दिलाई वार्ताका लागि उचित वातावरण निर्माण गर्न मधेसीहरूलाई अँगाल्छ भने वार्ता गर्न आफू इच्छुक रहेको बताउँछन्।[२१२]

जनतान्त्रिक तराई मुक्ति मोर्चाको ज्वालासिंह गुट मधेसी सशस्त्र आन्दोलनमा गैरयादव विकल्पका रूपमा उदाएको छ र पूर्वी तराईका जिल्लाहरूमा अशान्ति पैदा गर्न यो सक्षम छ। मोर्चाका दुई नेताहरूमध्ये ज्वालासिंह जवान र बढी क्रियाशील पनि छन्। उनलाई आफ्ना कमजोरीको पनि हेक्का हुनाले अन्ततः सम्झौता गर्नैपर्ने कुरामा उनी स्पष्ट छन्। उनलाई राजनीतिक परिपक्वता नभएको र उनका पाका सल्लाहकार ज्यादै कम भएको मानिन्छ। काठमाडौंसँग सीमित सम्पर्क भएकाले सूचनामा उनको पहुँच पनि सीमित रहेको र उनको गुटको अरू समूहलाई एकअर्कासित भिडाउने सामर्थ्य पनि नभएको मानिन्छ। मधेसी नागरिक समाज तथा बौद्धिक जगत्मा पनि यस गुटको पकड वा प्रभाव कमै छ। यसका धेरै कार्यकर्तालेे आवश्यक राजनीतिक तालिम पाएका छैनन् र तिनीहरू आपराधिक पृष्ठभूमिबाट आएका विश्वास गरिन्छ। जनतान्त्रिक तराई मुक्ति मोर्चाका समर्थकहरू सशस्त्र आन्दोलनका लागि सबै खाले मानिसको सहयोग चाहिने तर्क दिंदै पार्टीको भित्री राजनीतिक गुदी कायमै रहेकोमा जोड दिन्छन्।[२१३]

गोइतका क्रियाकलापहरू ज्वालासिंहसँग मिल्दाजुल्दा भए पनि ती बढी सीमित छन्। उनी स्वाधीनताको विषयमा कम सम्झौतापरस्त देखिन्छन्। उनले धेरै मध्यस्तकर्ताहरूलाई के बताएका छन् भने यो उनको अन्तिम राजनीतिक लडाइँ हो र उनी यसलाई छोड्नेवाला छैनन्। तर छोटो समयमा स्वाधीनता प्राप्त गर्न सम्भव छैन भन्ने उनले बुझेका छन्, त्यसकारण सङ्घर्षलाई अघि बढाउन नयाँ पुस्ताका लागि उनले एउटा सैद्धान्तिक जग बसालेको बताउँछन्।[२१४] गोइत गुट आन्तरिक खिचातानी तथा गोइत आफैंको कमजोर स्वास्थ्य स्थितिका कारण अप्ठेरोमा छ। यस गुटको ठूलो शक्ति भनेको समर्पित र प्रतिबद्ध राजनीतिक कार्यकर्ताका रूपमा गोइतको ख्याति हो। मधेसी नागरिक समाज तथा सबै प्रकारका राजनीतिक वृत्तमा गोइतको राम्रो इज्जत छ। उनका कार्यकर्तालाई ज्वालासिंहका कार्यकताहरूलाई भन्दा राजनीतिक रूपमा बढी दीक्षित मानिन्छ। हिंसाप्रति यस गुटले देखाएको सापेक्षिक संयम यसको शक्ति सीमित हुनाको कारणले हुन सक्छ या जिम्मेवार देखिने जानीबुझी गरिएको प्रयास हुन सक्छ।

[२१२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जयकृष्ण गोइत, जून २००७।
[२१३] "बौद्धिकहरू सशस्त्र समूहमा सामेल हुँदैनन्। उनीहरूलाई हातहतियार भिर्न अप्ठेरो नमान्ने र समाचार राम्रोसित सञ्चार गर्न सक्ने पैदल सैनिक चाहिन्छन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जनतान्त्रिक तराई मुक्ति मोर्चाप्रति सहानुभूति राख्नेहरू, राजविराज र जनकपुर, मे २००७।
[२१४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जयकृष्ण गोइत, जून २००७।

## ६. अन्तर्राष्ट्रिय आयाम

### क) सीमावारिपारिको सम्बन्ध

छिमेकीहरूसित ढुक्कको सम्बन्ध नभएको नयाँ दिल्ली काठमाडौंसँग वैरभाव बढाएर दुखिरहेको टाउको थप दुखाउन चाहँदैन।[२१५] "पाकिस्तान र चीनसँगको हाम्रो सम्बन्ध अघिदेखि नै चिसिएको छ र बाङ्लादेशसँग पनि सम्बन्ध त्यति राम्रो छैन। गृहयुद्ध र त्यसको प्रभावस्वरूप श्रीलङ्कासँगको हाम्रो सम्बन्ध जटिल बनेको छ। नेपाल यस क्षेत्रमा भारतका लागि कूटनैतिक सफलता बन्न सक्दछ", एक जना भारतीय विश्लेषकले भने।[२१६] नेपालको राजनीतिबारे गहिरो अभिरुचि र चासो नयाँ दिल्लीमा मात्र होइन नेपालप्रति प्रत्यक्ष सरोकार रहेका भारतका प्रान्तीय राजधानीहरूमा पनि देखिंदैन।[२१७] तैपनि भारत यहाँको अस्थिरताप्रति चिन्तित छ र शान्ति प्रक्रियामा सघाइरहेको छ। नीति-निर्माताहरूको दृष्टिमा भारतको मूलभूत चासो सुरक्षासम्बन्धी विषय हुन् — पाकिस्तानी गुप्तचर संस्थाहरूको बढ्दो प्रभाव, तराईमा मदरसाहरूको वृद्धि, नेपाली माओवादी र भारतीय नक्सलवादीको सम्बन्ध, खुला सीमाको वारिपारि बढ्दो अपराध तथा सम्भावित चिनियाँ हस्तक्षेप।[२१८]

सबैजसो भारतीय राजनीतिज्ञ तथा कूटनीतिज्ञहरू वैदेशिक राजनीतिमा प्रत्यक्ष हस्तक्षेप नगर्ने कुरामा जोड दिने गर्छन्, तापनि धेरै भारतीयहरू नेपालको तराईलाई "विदेश" का रूपमा हेर्दैनन्।[२१९]

[२१५] यस खण्डमा परेका भारतीय दृष्टिकोणको विश्लेषण मूलतः विहार, उत्तर प्रदेश तथा नयाँ दिल्लीमा सन् २००७ को मे-जून महिनामा क्राइसिस ग्रुपले लिएको अन्तर्वार्तामा आधारित छ। अन्तर्वार्ता दिनेहरूमा मुख्य राजनीतिक दलका प्रतिनिधिहरू, सरकारी कर्मचारीहरू, प्रहरी अधिकृतहरू, पत्रकारहरू, नागरिक समाजका कार्यकर्ताहरू, सेवानिवृत्त तथा सक्रिय सेवामा रहेका कूटनीतिज्ञहरू पर्दछन्। अन्तर्वार्ता दिनेमा पहाडी मूलका एक जना भारतीय पनि थिए।
[२१६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नयाँ दिल्ली, ७ जून २००७।
[२१७] लखनउमा एक जना वरिष्ठ प्रहरी अधिकारीले भने, "यहाँका नीति-निर्माताहरूको दिमागमा नेपालको स्थान अति न्यून छ।" यही विचार विहारमा पनि दोहोऱ्याइयो, यद्यपि पटनामा नेपालबारे अलि बढी चासो छ। विहार सरकारको गृह मन्त्रालयका दुई जना उच्च अधिकारीहरू नेपालमा भएका घटनाहरूको लेखाजोखा राख्ने गर्दछन्, विशेषतः त्यस्ता घटनाहरू सीमा नजिक भएको अवस्थामा। राष्ट्रिय वा राज्यस्तरका पत्रकारमा यस सम्बन्धमा ज्यादै थोरै चासो देखिन्छ। भारतका कुनै पनि प्रमुख सञ्चारमाध्यमहरूले मधेस आन्दोलनलाई महत्त्व दिएको पाइँदैन, यद्यपि सीमाक्षेत्रका स्थानीय संस्करणहरूले नेपालका समाचार छाप्ने गर्छन्। नेपाली राजनीतिबारे सार्वजनिक छलफल साह्रै कम हुन्छ र नागरिक समाजको पनि यस विषयमा चासो देखिँदैन। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पटना र लखनउ, जून २००७।
[२१८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सरकारी अधिकारीहरू, पटना र लखनउ, मे-जून २००७।
[२१९] यो कुरा विशेषतः हिन्दू अतिवादी सङ्गठनहरूमा लागू हुन्छ। नेपाललाई उनीहरू "अखण्ड भारत" भित्रै मिसाउँछन्। यही कुरा अरू सरकारी अधिकारीहरू, केही वामपन्थी राजनीतिज्ञहरू, नागरिक समाजका कार्यकर्ताहरूमा पनि लागू हुन्छ। लखनउका एक जना प्रहरी अधिकारीले भने, "हामी सबै एकै हौं। नेपालीहरू हाम्रै जनता हुन्।" त्यसैगरी नागरिक समाजका एक जना कार्यकर्ताले भने, "धेरै भारतीयहरूका लागि नेपाल एउटा छुट्टै मुलुक होइन। नेपाललाई स्वतन्त्र राष्ट्रका रूपमा हेर्नलाई समय

एक हदसम्म सीमावारिपारिको राजनैतिक संलग्नतालाई एकदमै र स्वाभाविक मानिन्छ। मधेसी मुद्दाले व्यापक सहानुभूति पाएको छ, साथै धेरै राजनीतिज्ञ तथा सरकारी अधिकारीहरू आफ्नो "नैतिक समर्थन" जनाउन हिच्किचाउँदैनन्।[२२०] तराई समस्यालाई नजिकबाट बुझेको हुनाले यस्तो भावना सीमावर्ती क्षेत्रमा तीव्रतर रूपमा पाइन्छ। "नेपालमा मधेसीहरूमाथि के बितिरहेको छ त्यो हामीले राम्रोसित बुझेका छौं। किनभने हामी नेपाल घुम्न जाँदा पनि हामीप्रति त्यस्तै व्यवहार गरिन्छ", रक्सौलका एक जना पत्रकारले बताए।[२२१]

यस सम्बन्धमा सरकार र राजनैतिक दलहरूलगायत पत्रकारहरू तथा प्राज्ञिक वर्ग जस्ता भारतीय सरोकार समूहरूको दृष्टिकोणमा धेरै समानता भेटिन्छ। पहाडे मूलका नेपालीले जस्तै यिनीहरूमध्ये अधिकांशले मधेसीहरूलाई मूलतः भारतीय अथवा भारतीय मूलका मानिस मान्ने गर्दछन्। पटनाका एक जना उच्चपदस्थ सरकारी कर्मचारीले मधेसीहरूलाई बारम्बार विहारी अथवा विहारी मूलका जनता भनी औंल्याए र यो विषय त्यति सरल छैन भन्दा उनले आश्चर्य माने।[२२२] राजनीतिज्ञहरूले त मधेसीहरूलाई "नेपालमा बसोबास गरेका हाम्रा मानिस" भने। मधेसीहरूबारे प्राज्ञिक समूहको समेत बुझाइ त्यस्तै थियो र उनीहरूमा अर्ध-राष्ट्रिय विहारी चेतना नभएकोमा आश्चर्य व्यक्त गरे।[२२३] मधेसीहरूप्रति सामान्यतया सहानुभूतिपूर्ण दृष्टिकोण हुँदाहुँदै पनि (सीमावर्ती क्षेत्रमा बस्नेहरूबाहेक) अधिकांश भारतीयहरूलाई मधेसी मागहरूका बारेमा थोरै मात्र जानकारी छ। यस सम्बन्धमा चासो राख्नेहरू मधेसका मागहरू पूरा भएमा उनीहरू खुसी हुने बताउँछन्। तर उनीहरू मधेसीहरूले आफ्नो आन्दोलनको स्वरूप निर्धारण आफैंले गर्नुपर्छ र नेतृत्व पनि आफैंले गर्नुपर्छ भन्ने कुरामा जोड दिन्छन्। मधेस स्वतन्त्र हुनुपर्छ भन्नेमा आम जनता र सरकारी कर्मचारीहरूको स्पष्ट समर्थन छैन।[२२४]

गम्भीर किसिमको अशान्ति भारतका लागि राम्रो नहुने कुरामा सरकारी अधिकारीहरू सचेत देखिन्छन्। तथापि २००७ को जनवरी-फेब्रुअरीको आन्दोलनको जस्तो सीधा प्रभाव शून्य बराबर छ। स्थानीय तहमा हुने हडताल र बन्दको सीमावर्ती क्षेत्रका बासिन्दामा पर्ने प्रभाव अर्कै हो। बरु धेरै मानिसहरू माओवादी प्रभावबारे चिन्तित देखिन्छन्। मधेसी आन्दोलन मूलतः माओवादीको विरुद्धमा थियो र यसले पहिलेका विद्रोहीहरूलाई ठाउँ लगाइदियो भन्ने आम धारणा पाइन्छ। अन्तर्वार्ता दिने कसैले पनि यसबाट मूलधारका दललाई कुनै प्रकारको जोखिम पुग्न सक्ने कुरा उल्लेख गरेनन्। कसैकसैले चाहिँ, खासगरी केही दक्षिणपन्थीहरूले, चिनियाँ हस्तक्षेपप्रति चिन्ता देखाए। तराईमा संयुक्त राष्ट्रको भूमिका तथा अमेरिकाको संलग्नताबारे चासो अति नै न्यून छ र ती कुराले मूलधारको प्रेसको ध्यान तानेको देखिंदैन।[२२५]

मधेसी आन्दोलनबारेमा नयाँ दिल्ली तथा नेपालसित सीमा जोडिने भारतीय राज्यहरूलाई कमै जानकारी छ।[२२६] धेरै भारतीय राजनीतिज्ञहरू नेपालमा भइरहेको आन्दोलनलाई भारतको स्वतन्त्रता सङ्ग्रामसँग तुलना गर्दछन्।[२२७] उनीहरू के विश्वास गर्दछन् भने नेपाली राजनीतिले बिस्तारै भारतीय राज्य संरचनाको स्वरूप लिनेछ जसको चारित्रिक विशेषताहरूमा सम्भवतः गणतन्त्र, धर्मनिरपेक्षता र जातमा आधारित भोट बैंक हुनेछ। बृहत्तर प्रतिनिधित्वका लागि विभिन्न समूहहरूद्वारा गरिने आन्दोलनको प्रक्रिया र ती सबैलाई समेट्न सक्ने लचकदार प्रणाली हुनेछ।[२२८] नेपाल भारतसँग मिल्दोजुल्दो छ र त्यसै आधारमा नेपाली राजनीति बुझ्न सकिन्छ भन्ने सोचाइले तराईको गडबडीले उत्पन्न गर्न सक्ने जोखिमप्रति भारतीयहरू त्यति साह्रो चिन्तित नभएको बुझाउँछ।

---

लाग्छ।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, रक्सौल, पटना र लखनउ, जून २००७।

[२२०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, रक्सौल, पटना र नयाँ दिल्ली, जून २००७। हिन्दू राष्ट्रवादी भा.ज.पा., जनता दल (संयुक्त) र समाजवादी पार्टीदेखि खुला रहेको नक्सलवादी कम्युनिस्ट पार्टी भारत (मार्क्सवादी–लेनिनवादी) सम्मका नेताहरूले मधेसी आन्दोलनका मुद्दाहरूप्रति समर्थन जनाए।

[२२१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विजय गिरी, *दैनिक जागरण,* ब्युरोप्रमुख, रक्सौल, १ जून २००७। गिरीले उनी मधेसी आन्दोलनबारे समाचार बटुल्न आउँदा नेपाली सुरक्षाकर्मीद्वारा उनीमाथि आक्रमण गरेको, उनको क्यामेरा फुटालेको र मधेसी आन्दोलनबारे रिपोर्टिङ गरेर मधेसी आन्दोलनलाई सघाएको भनी गाली गरेको बताए।

[२२२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पटना, ५ जून २००७।

[२२३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पटना, ४–५ जून २००७।

[२२४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पटना र दिल्ली, जून २००७। मधेसी आन्दोलनप्रति सहानुभूति राख्ने राजनीतिज्ञहरूले पनि भारतीय राजनीतिक दलहरूले मधेस स्वतन्त्रत बनाउने आन्दोलनलाई समर्थन नगर्ने स्पष्ट पारे। केही भा.ज.पा. राजनीतिज्ञहरूले मधेसी समूहहरूलाई आफ्ना मागहरू उग्र बनाउन भित्रभित्र उक्साएको हुन सक्छ, तर मूलधारका दलहरू, सुरक्षा निकायहरू र सरकारी कर्मचारीहरूमा मधेस स्वतन्त्रत बनाउने कुराप्रति समर्थन रहेको छैन।

[२२५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, भूतपूर्व वरिष्ठ सरकारी पदाधिकारी, नयाँ दिल्ली, जून २००७। उनले भने, "हामीबिना अमेरिका र संयुक्त राष्ट्रले नेपालमा केही पनि गर्न सक्दैन। हामी स्पष्ट नीतिका साथ अघि बढ्यौं भने उनीहरूले हामीलाई रोक्न सक्दैनन्। संयुक्त राष्ट्रले अहिले हाम्रै कुरालाई सघाइरहेको छ। हामीलाई यसमा चिन्ता लिनुपर्ने कुनै आवश्यकता छैन।" तराई तथा सीमावर्ती विषयमा भारतको चासोले भारतीय सञ्चारमाध्यमा विरलै ठाउँ पाउने गर्छन्।

[२२६] नेपाललाई नयाँ दिल्लीका केही विश्लेषकहरू तथा पत्रकारहरू नजिकैबाट हेर्ने गर्दछन्, तर त्यहाँ मधेसी मुद्दाका कुनै विशेषज्ञ छैनन्। सेमिनार संयोजकहरूलाई तराई राजनीतिबारे बोल्ने वक्ता खोज्न निकै कठिन हुने गर्दछ। त्यसैले उनीहरू त्यस क्षेत्रका अर्ध–पत्रकारहरूमाथि भर पर्ने गर्दछन्।

[२२७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विहार विधायक, पटना र भारतीय कम्युनिस्ट पार्टीका नेता, लखनउ, जून २००७।

[२२८] सन् १९५५ को राज्य पुनर्गठन आयोगदेखि सन् २००० सम्म आइपुग्दा भारत आफैं पनि विभिन्न पुनर्सङ्गठनको चरणबाट गुज्रिसकेको छ। सन् १९५५ को आयोगले भारतलाई भाषिक आधारमा विभाजन गर्‍यो भने सन् २००० मा मूलतः जातीय आधारमा उत्तराञ्चल, झारखण्ड र छत्तिसगढ जस्ता प्रदेशको निर्धारण भयो। त्यस्तै भारतले कोटा र जातीय पहिचानका लागि बारम्बार हुने आन्दोलनहरू (हिंसात्मकसमेत) खेप्दै आइरहेको छ। उदाहरणका लागि जून २००७ को गुज्जर आन्दोलनलाई लिन सकिन्छ जसका कारण नयाँ दिल्लीका अधिकांश क्षेत्रहरू बन्द हुन पुगेका थिए।

**खुला सिमाना।** नेपाली तथा भारतीय नागरिकहरू कुनै पनि औपचारिक परिचयपत्रबिना १,७५३ कि.मि. लामो खुला सिमाना वारपार गर्दछन् र सिद्धान्ततः उनीहरू रोजगारका समान अवसरहरू उपयोग गर्दछन्।[२२९] खेतीपातीको काम नभएको समयमा रोजगारीका लागि नेपालबाट भारततर्फ अस्थायी बसाइँ सर्ने र उताबाट कमाउन र बसोबासका लागि नेपालतर्फ बसाइँसराइ हुने गरेको छ। त्यस्तो बसाइँसराइ सीमा छेउछाउका इलाका र अझ टाढासम्म हुने गरेको छ।[२३०] धेरै मधेसीहरू नेपाल-भारत सीमालाई "बनावटी सीमा" को सङ्ज्ञा दिन्छन्।[२३१] यदाकदा तनाव आइपर्ने भए तापनि सीमा बन्द विरलै हुने गर्छ।[२३२] भन्सार चौकीहरूले मालसामानको नियन्त्रण गर्दछन्। विशेषतः भारतीय सुरक्षाबलका चौकीहरू छन् र मानिसहरूको निगरानीका लागि गस्ती लगाउँछन्। तर यसबाट सीमावारिपारिको गतिविधिमा कुनै असर परेको छैन।[२३३]

**पारिवारिक सम्बन्ध।** सीमावारिपारिको पारिवारिक नाता सम्बन्ध निकै कसिलो छ र त्यसमा धार्मिक, भाषिक तथा सामाजिक सबै खाले सम्बन्ध गुजुल्टिएको छ। रोटी-बेटीको यस्तो सम्बन्धमा परस्परमा आर्थिक र वैवाहिक निर्भरता स्पष्ट देख्न सकिन्छ। विराटनगरका एक जना मधेसीले भने, "सिमानाले मलाई केही फरक पार्दैन। मेरो ससुराली विहारको जोगवनीमा छ। हामी एक-दुई दिन बिराएर आउजाउ गरिरहन्छौं र आर्थिक, सामाजिक या कुनै किसिमको सहयोग चाहिएमा तुरुन्तै सीमा वारपार गर्दछौं।"[२३४] हिन्दू तथा मुस्लिम दुवै समुदायमा जातीय संरचनाले उनीहरूको सामाजिक सम्बन्धको निर्धारण गर्दछ, राष्ट्रियताले होइन। दुवैतिरका मानिस उही चाडपर्व मनाउँछन् र उनीहरूको रीतिरिवाज एकै किसिमको छ।[२३५] वारिपारि वैवाहिक सम्बन्ध हुनेहरूलाई फाइदा पनि छ। उनीहरू दुवैतिर सम्पत्ति राख्न सक्छन् र उनीहरूले दुइटा राहदानी राख्न पाउने सम्भावना पनि उत्तिकै छ। दुवैतिरका धेरै जना दोहोरो नागरिकता भएको स्वीकार्छन्। यद्यपि नेपाल र भारत दुवै देशको कानुनले यसको मान्यता दिएको छैन।[२३६] नेपाली नागरिकता भएमा भारतीयहरूलाई नेपालमा अचल सम्पत्ति राख्न, विदेशी मुलुकको भिसा पाउन, विदेशी विद्यार्थीका लागि आरक्षित कोटाअन्तर्गत आफ्ना बच्चाहरूलाई व्यावसायिक कलेजहरूमा भर्ना गर्न, दुवै देशमा सम्पत्ति राख्न तथा वैधानिक तवरले राजनीतिक दबाब दिन सजिलो हुन्छ। नेपालीहरूका लागि पनि त्यस्तै आर्थिक अवसरहरू प्राप्त हुन्छन् तथा सरकारी कार्यालयहरूमा र सरकारी अनुदानद्वारा सञ्चालित आयोजनाहरूमा उनीहरूले ठाउँ पाउन सक्छन्।

**आर्थिक स्वार्थ।** खुला सीमाको महत्त्वपूर्ण आर्थिक उपयोगिताहरू छन्। नेपालले इन्धन तथा अन्य उपभोग्य वस्तुहरूको आयात गर्नुपर्छ। उता भारत फैलँदो उपभोक्ता बजारमा आफ्नो पहुँच बढाउन चाहन्छ। भारतीय उत्पादकहरूले संयुक्त लगानी गरेर नेपालमा सस्तो श्रम तथा छुटको फाइदा लिन सक्छन्।[२३७] वाणिज्य तथा औद्योगिक केन्द्रका रूपमा सहरहरू विकसित हुँदैछन्। तर कतिपय सम्बन्धहरू स्थानीय स्तरका छन्, जस्तो नेपाली बजारमा राम्रो मूल्य पाउने हुँदा भारतीय किसानहरू नेपालका चिनी कारखानालाई उखु बेच्ने गर्दछन्।[२३८]

**राजनीति।** सीमाक्षेत्रका बासिन्दाहरूलाई एकअर्काको राजनीतिप्रति गहिरो चाख छ। राजनीतिज्ञहरू साथीभाइ, नातागोता र चिनजानका मानिसको प्रचार गर्न सीमा वारपार गर्छन्।[२३९] निर्वाचनका समयमा

[२२९] नेपाल–भारत शान्ति तथा मैत्री सन्धि, १९५० (धारा ६ र ७) ले एकअर्काका नागरिकहरू एकअर्काको भूमिमा समान तरिकाले उद्योगधन्दा खोल्ने, आर्थिक कारोबार गर्ने, व्यापार गर्ने, बसोबास गर्ने, सम्पत्ति राख्न पाउने, तथा घुमफिर गर्ने अधिकारको उपयोग गर्न सक्ने अनुमति प्रदान गरेको छ। यसको पूर्ण पाठ www.nepaldemocracy.org/ documents/treaties_ agreements/indo-nepal_treaty_peace.htm मा उपलब्ध छ। सीमावर्ती सम्बन्धबारे उपयोगी सामग्री हरिवंश झा (सं.), नेपाल–भारत सीमा सम्बन्धहरू (काठमाडौं, १९९५), हरिवंश झा (सं.), *Duty-Free Border Trade and Special Economic Zone between Nepal and India* (काठमाडौं, १९९५), र सी.के. लाल, "Cultural flows across a blurred boundary", कनकमणि दीक्षित र शास्त्री रामचन्द्रन (सं.) *State of Nepal* (काठमाडौं, २००२), पृ .१००–११८ मा पाइन्छ।

[२३०] धेरैजसो मधेसीहरू मौसमी रोजगारका लागि सीमावर्ती राज्यहरू तथा कृषिमा सम्पन्न राज्य पन्जाब जान्छन् भने विहारीहरू नेपालमा कृषि मजदुर, निर्माण कामका मजदुर, तरकारी तथा फलफूलका घुमन्ते व्यापारी तथा अर्ध–प्रशिक्षित प्राविधिकका रूपमा नेपालमा काम गर्दछन्। खासगरी चुरा व्यापारी, कपाल काट्ने हजाम र सिरक-डसना बनाउने धुनिया जस्ता भारतीय व्यावसायिक जातिहरूलाई नेपालमा स्वागत गरिन्छ। भारत सीमाका रेल तथा सडक सञ्जालले गर्दा नेपाली आप्रवासीहरूलाई भारतभरि फैलन सहयोग पुर्‍याएको छ।

[२३१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मधेसी कार्यकर्ता, वीरगन्ज र जनकपुर, मे २००७। यस व्याख्याले ब्रिटिस शासनभन्दा पूर्व र ब्रिटिस–नेपाल युद्धकाल (सन् १८१४–१८१६) मा भएको सीमान्त इलाकाहरूको लेनदेनले झनै बल पाएको छ।

[२३२] उदाहरणका लागि निर्वाचनको समयमा दुवैतिरबाट एक–दुई दिनका लागि सीमा बन्द गरिन्छ। सन् १९८९ मा नेपाल–भारत सम्बन्ध चिसिएको बेला अधिकांश सीमा–नाकाहरू अनिश्चितकालका लागि बन्द गरिएका थिए। त्यसैगरी सन् २००१ को राजदरबार हत्याकान्डपछि पनि केही समयका लागि सीमा बन्द गरिएको थियो। स्थानीय रूपमा अशान्ति भएको बेला केही नाकाहरू केही समयका लागि बन्द हुने गर्दछन्।

[२३३] माओवादी विद्रोह चलिरहेको समयमा भारततर्फ सुरक्षा व्यवस्था बढाइएको थियो, सीमाक्षेत्रमा अर्ध-सैनिक सीमासुरक्षा बललाई परिचालन गरिएको थियो।

[२३४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विराटनगर, २४ मे २००७।

[२३५] विशेषगरी थारू समुदायले समान उत्पत्तिका हुँदाहुँदै पनि दुई देशबीचका फरक राजनैतिक वातावरणले गर्दा भिन्नै जीवनशैलीको विकास गरेका छन्। हेर्नुहोस् Krauskopff, "An 'Indigenous Minority' in a Border Area", माथि उल्लेखित।

[२३६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जनकपुर र पटना, मे–जून २००७।

[२३७] उदारीकरण हुनुभन्दा अघिका दिनहरू र अहिलेको अवस्थामा धेरै फरक छ। त्यस बेला नेपाल सस्ता आयातित उपभोग्य सामानहरूको महत्त्वपूर्ण स्रोत थियो, तर अहिले भारतीय कम्पनीहरू नै त्यस्ता सामान नेपाली बजारमा बिक्री गर्न चाहन्छन्।

[२३८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, चम्पारन राजनीतिज्ञ, पटना, ४ जून २००७।

[२३९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेपाली काङ्ग्रेसका नेता, विराटनगर, २४ मे २००७। नेताहरूको भनाइमा कुनै खास उम्मेदवारका निम्ति आफ्ना नातागोता तथा अन्य साथीभाइको समर्थन जुटाउन सजिलो हुने भएकाले यस किसिमको अभियान बढी उपयोगी हुने गर्दछ।

सीमा बन्द गरिन्छ। यसले राजनैतिक उद्देश्यका लागि यस्तो किसिमको सम्बन्धको लाभ दुवैतिरकाले लिने गर्दछन् भन्ने बुझाउँछ। धेरै मानिसहरूको नाम दुवै देशका मतदाता सूचीमा पाइन्छ।[२४०] निर्वाचनको समयमा उम्मेदवारलाई सघाउन भारतबाट भाडाका अपराधीहरू ल्याउने गरेको राजनीतिज्ञहरू स्वीकार गर्छन्।[२४१] यस्ता खालका गतिविधिलाई सीमा बन्द गर्नाले रोक्न सक्दैन। एक जना भारतीय राजनीतिज्ञले भने, "सीमा बन्द हुन्जेलसम्ममा गर्नुपर्ने काम भइसकेका हुन्छन्।"[२४२]

**अपराध।** खुला सिमानाका समस्याहरू पनि छन्। विहार तथा उत्तर प्रदेश जस्ता कानुन र प्रशासन फितलो भएका राज्यहरूका आपराधिक समूहहरूले नेपाललाई आश्रयस्थल बनाउँछन् र यहाँबाट आफ्नो अपराधकर्म पनि सञ्चालन गर्दछन्। खासगरी कार-चोरी तथा अपहरण त्यस्ता अपराध कार्यमा पर्दछन्।[२४३] विहार सरकारले चलाएको धरपकडको कारबाही र नेपालको कमजोर प्रशासनिक अवस्थाले गर्दा यस्ता आपराधिक समूहहरूलाई नेपालको तराईतिर, खासगरी वीरगन्जमा क्रियाशील हुन प्रोत्साहन पुगेको हुन सक्छ।[२४४] मधेसी समूहहरूले यस्ता अपराधीहरूलाई नेपालमा गडबडी फैलाउन प्रयोग गरेको आरोप पनि लाग्ने गरेको छ।[२४५] यसैगरी शाही शासनकालमा भारतीय अपराधी तत्त्वहरूबाट भिजिलान्ते समूहको गठन गरी उनीहरूलाई माओवादी विरुद्ध परिचालन गरिएको आरोप पनि लगाउने गरिएको छ।[२४६] खाद्यान्न, पेट्रोलियम पदार्थ जस्ता अत्यावश्यक वस्तुहरूका मूल्यमा सीमावारिपारि हुने फरकले तस्करी उद्योगलाई फस्टाउन सहयोग गरेको छ।[२४७] भारतको केन्द्र तथा राज्य सरकारका लागि सबैभन्दा ठूलो चिन्ता भनेको खुला सीमाले पाकिस्तानी एजेन्टहरूलाई पस्ने सजिलो बाटो दिन्छ भन्ने छ।

## ख) भारतीय स्वार्थ

### १. केन्द्रीय सरकार

भारतीय संस्थापन पक्षको मधेसी मागहरूप्रति सहानुभूति रहेको देखिन्छ, यद्यपि उनीहरूको माग पूरा गराउन काठमाडौंलाई प्रत्यक्ष दबाब भने भारतले दिएको छैन। धेरै मधेसी नेताहरूको ठूला भारतीय राजनीतिज्ञहरू तथा कूटनीतिज्ञहरूसम्म सोझै पहुँच छ, तर धेरैको अनुभव के छ भने भारत उनीहरूलाई आफ्नै खल्तीको वस्तु जस्तो ठान्छ र आफ्नो समर्थनलाई भारतले पहाडे नेताहरूसँग मोलतोल गर्ने साधनका रूपमा उपयोग गर्दछ तथा उनीहरूलाई साँच्चिकै समर्थन भने गर्दैन। एक जना मधेसी राजनीतिज्ञले भने, "भारत हामीप्रति पूरै ढुक्क छ। किनभने उसलाई थाहा छ हामी उनीहरूको विरुद्धमा कहिले पनि जान सक्तैनौं। हाम्रो र भारतीय जनताबीच अनुपम सम्बन्ध छ। यदि उनीहरूले समर्थन गरेको भए आन्दोलनमा मधेसीहरू मारिने थिएनन् र कोइराला सरकारले हाम्रो माग पूरा गर्ने थियो।"[२४८] भारत सरकार मधेसीहरूको पृथकतावादी मागको विरोध गर्दछ र शक्ति काठमाडौंमा केन्द्रित रहने एकात्मक राज्यको पक्षमा छ। जलस्रोत जस्ता विषयहरूमा भारत सरकार एकाधिक क्षेत्रीय प्रशासनहरूसित व्यवहार गर्न चाहँदैन।

विश्वशक्ति हुन अघि बढ्ने हो भने शान्तिपूर्ण छरछिमेक भारतका लागि अति आवश्यक छ भन्ने कुरालाई भारतको विदेश नीतिमा जोड दिने गरिएको छ।[२४९] खुला सिमाना भएका कारणले भारतका लागि तराईमा स्थिरता अत्यावश्यक छ। हालैका वर्षहरूमा नयाँ दिल्लीले दिगो र स्थिर राजनैतिक सम्बन्धको प्रवर्धनका लागि आर्थिक

---

[२४०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सीमाक्षेत्रका राजनीतिज्ञ तथा बासिन्दाहरू, रक्सौल, पटना र लखनउ, जून २००७। निर्वाचन आयोगले मतदाता परिचयपत्र लागू गरेपछि र गृह मन्त्रालयले सीमाक्षेत्रका बासिन्दाहरूलाई परिचयपत्र जारी गर्न थालेपछि यस क्षेत्रमा दोहोरो मत दिन कठिन भएको छ।

[२४१] अन्तर्वार्ता दिने व्यक्तिहरूले आफ्ना विरोधीहरूको दुर्व्यवहारलाई उदाहरणका रूपमा प्रस्तुत गर्ने गरेका थिए। राजविराजका एमालेका पहिलेका एक जना उम्मेदवारले बताएअनुसार उनका विरोधीले भारतबाट दुईओटा जीपमा हतियारसहित दस जना पेसेवर अपराधीहरू ल्याएर अरू उम्मेदवारका समर्थकलाई धम्काउने र निर्वाचन बुथ लुट्ने काम गर्‍यो, क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, राजविराज, २६ मे २००७। सितामढीबाट विहारको विधायिकामा निर्वाचित एक सदस्यले आफूले एक जना नेपाली सांसदलाई त्यहाँबाट भाडाका लठैतहरू पठाएर सहयोग गरेको बताए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, राजविराज र पटना, ५ जून २००७।

[२४२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, चम्पारन राजनीतिज्ञ, पटना, ४ जून २००७।

[२४३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वरिष्ठ प्रहरी पदाधिकारी, लखनउ, १४ जून २००७। भारतीय अपराधीहरू कार चोरेर नेपालमा भित्र्याउँछन् र त्यसलाई बेच्दछन् या त त्यसका लागि फिरौती माग्दछन्। हेर्नुहोस् Deepak Goel, "Cross border crime in the Indo-Nepal border region", in Hari Bansh Jha (ed.), *Nepal-India Border Relations* (काठमाडौं, १९९५), पृ. ६७–७१।

[२४४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अभयमोहन झा, पत्रकार, पटना, ४ जून २००७। अपराध नियन्त्रणका मामिलामा सन् २००५ मा निर्वाचित नितिशकुमारद्वारा नेतृत्व गरिएको विहार सरकार लामो समयसम्म विहारमा शासन गरेका लालुप्रसाद सरकारभन्दा निकै कठोर देखिन्छ र अहिले विहारमा अपराध घटेको आम धारणा छ।

[२४५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी नेता, वीरगन्ज, २८ मे २००७। गौरकान्डमा फोरम र भारतीय अपराधी समूहको मुख्य हात रहेको आरोप लगाइएको छ। फोरमले त्यो आरोप इन्कार गरेको छ। तर सीमापारिबाट भारतीयहरू आएर आफ्नो जुलुसमा मिसिएको हुन सक्ने स्वीकारेको छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, फोरमका केन्द्रीय नेता, मे २००७।

[२४६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पटना, लखनउ, जून २००७। केही पत्रकारहरू तथा सीमाक्षेत्रका राजनीतिज्ञहरू के भन्दछन् भने नेपालका भिजिलान्ते समूहद्वारा भाडामा लगिएका भारतीय अपराधीहरू नेपालमै बसोबास गर्न थालेका छन् र उनीहरूले नेपालमा सम्पत्ति आर्जन गरेका हुन सक्छन्। माओवादीलाई कमजोर बनाउनु उनीहरूको हितमा छ।

[२४७] भारतबाट नेपालमा अन्नपात आउँछ। पेट्रोल र डिजेल (जसमा सरकारी अनुदान दिइएको छ) भने नेपालबाट भारततिर जान्छ। यो धन कमाउने राम्रो उपाय हो। कतिपय आपराधिक समूहले बालबालिकालाई प्रयोग गरी कानुनी रूपमा लैजान पाउने परिमाणमा गहुँको पीठो जस्ता खाद्यान्न पालैपालो पठाउने गर्दछन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सेवानिवृत्त उच्चपदस्थ प्रहरी अधिकृत, उत्तर प्रदेश, लखनउ, १४ जून २००७।

[२४८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विराटनगर, २५ मे २००७।

[२४९] Shiva Shakar Menon, "India and International Security", अन्तर्राष्ट्रिय संस्थानहरूसँग रणनैतिक अध्ययनहरूमा एक प्रवचन, लन्डन, ३ मे २००७, www.rediff.com/news/2007/may/04guest.htm. उनले भने, "हाम्रो वरिपरि शान्तिपूर्ण माहौल हाम्रो विकास र वृद्धि धान्न चाहिने पूर्वशर्त हो भन्नेमा हामी सचेत छौं।"

सम्बन्धलाई उपयोग गर्ने स्पष्ट नीति तय गरेको छ। भारतले तराई क्षेत्र र विहार तथा उत्तर प्रदेशबीचको अन्तरसीमा सम्बन्धलाई प्रोत्साहन गरेको छ अनि नेपाल तराईमा रेलमार्ग जोड्न चाहन्छ। सन् २००५ मा औद्योगिक सहर वीरगन्जमा भारतले महावाणिज्यदूतको कार्यालय खोल्यो साथै विकास कार्यक्रमअन्तर्गतको सहायता कोषलाई सीमावर्ती क्षेत्रका आयोजनाहरूमा लगाउन थालेको छ।[२५०]

आफ्ना छिमेकीहरूप्रति एकीकृत नीति अवलम्बन गर्नु नयाँ दिल्लीका लागि कहिल्यै सजिलो भएन। धेरै नेपालीले सोचेभन्दा विपरीत भारतको विदेश नीतिको प्राथमिकतामा नेपाल ज्यादै तल्लो स्थानमा पर्दछ। सरकारभित्र र त्यसभन्दा पर्तिर एकअर्कासित नमिल्ने किसाहरू छन् र उनीहरूका आआफ्नै सरोकार छन्। गृह मन्त्रालय तथा गुप्तचर विभागको दृष्टिमा भूमिगत तत्त्वहरू तथा पाकिस्तानी गुप्तचरहरूका लागि भारत विरुद्ध क्रियाकलाप गर्ने सजिलो थलो बन्न सक्ने हुनाले सुरक्षाको हिसाबले नेपाल जोखिमपूर्ण मानिन्छ।[२५१] माओवादीको प्रभाव तथा भारतीय समकक्षीसँग उनीहरूको सम्बन्धलाई पनि शङ्काको दृष्टिले हेरिन्छ।

अन्य निकायहरूलाई नेपालबारे गहिरो चासो छ। भारतीय सेनामा करिब ४० हजार गोर्खा सिपाही छन् र भारतीय सेनाको नेपाली सेनासित नजिकको सम्बन्ध कायम छ। उत्तर भारत र नेपालका शाही परिवार (शाह र राणा दुवै) बीच लामो परम्परागत वैवाहिक सम्बन्ध रहेको छ। त्यो सम्बन्ध प्रभावकारी पनि छ। नेपालमा ठूला व्यापारिक लगानी हुनेहरूको राजनीतिक पकड पनि छ। यी सबै सम्बन्ध र चासोहरूको तुलनामा नयाँ दिल्लीको वा काठमाडौंको सरकारको बनौटले नीतिगत तहमा खासै फरक पार्दैन। यस सम्बन्धका विशेषताहरू र तिनलाई निर्धारण गर्ने तत्त्वहरू यस्ता छन् जसलाई एउटै सरकारले परिवर्तन गर्न सक्दैन।

जे भए पनि सन २००५ देखि भारतले अझ स्पष्ट र अग्रगामी नीति तय गरेको छ र त्यसका लागि आन्तरिक तवरमा सबैजसो पक्षबाट समर्थन जुटाएको छ। नयाँ दिल्ली शान्ति प्रक्रियामा सहयोग पुऱ्याउन र संविधानसभाको चुनाव होस् भन्नेमा पूर्णतः प्रतिबद्ध देखिन्छ। यसमा एक हदसम्म व्यावहारिकता पनि झल्किन्छ। अधिकांश नीति-निर्माताहरू स्थायित्व पुनः प्राप्त गर्नु र अर्को द्वन्द्व फेरि हुन नदिनुमै नेपालको कल्याण देख्दछन्। भारतका लागि यो प्रतिष्ठाको विषय पनि हो। किनभने शान्ति सम्झौताको मौन सूत्रधार र जमानीका रूपमा भारतले नेपालको शान्ति प्रक्रियालाई सफल बनाउन उल्लेखनीय राजनीतिक पुँजी लगानी गरेको छ। भारतले नेपालमा संयुक्त राष्ट्र आएकोमा समर्थन त गरेको छ तर यसको उपस्थिति अनिश्चितकालसम्म लम्बिएको भने हेर्न चाहँदैन। चुनाव भएको खण्डमा संयुक्त राष्ट्रको भूमिका पनि सकिन्छ। त्यस्तै आफ्नो सीमाक्षेत्रको राजनीतिमा अन्य देशको संलग्नताको अवसरलाई सकेसम्म घटाउने प्रयासमा भारत छ। परराष्ट्र मन्त्रालयले मधेसी समस्यालाई यस फराकिलो सन्दर्भमा हेरेको छ — बृहत्तर प्रतिनिधित्वको मागउपर संविधानसभाबाट सम्बोधन हुनुपर्दछ र त्यस्तो माग यस प्रक्रियालाई ढिलो गर्ने निहुँ बन्न हुँदैन।

भारतीय कूटनीतिज्ञहरू तराईलाई अस्थिर पार्न र मधेसी आन्दोलनलाई माओवादीलाई कमजोर तुल्याउन प्रयोग गर्ने भारतको कुनै योजना नभएको कुरामा जोड दिन्छन्। यद्यपि केही यस्ता पनि छन् जो माओवादीले धक्का झेल्नुपरेकोमा खुसी देखिन्छन्।[२५२] भारतले फोरम र ज.त.मु.मो.लाई हिंसाको बाटो त्याग्न कडा सन्देशहरू पठाएको भए तापनि आफ्नो कुरालाई पूरा गराउन जति जोड लगाउनुपर्ने हो त्यो चाहिँ लगाएको देखिँदैन।[२५३] अझै पनि केही भारतीय विश्लेषकहरू के भन्दछन् भने भारतलाई पूरै मधेसी समर्थकका रूपमा हेरिनुहुँदैन, किनभने त्यहाँ पनि पहाडे मूलको उल्लेखनीय जनसङ्ख्या रहेको छ (हिन्दू समूह र जनजाति समूह) र भारतले पनि पहाड र समथर ठाउँका मानिसबीचको तनाव झेल्दै आइरहेको छ। सन् १९८० को मध्यमा दार्जीलिङमा आन्दोलन भएको थियो र केही वर्षअघि कुमाउ र गढवालमा भएको आन्दोलन सन् २००० मा छुट्टै उत्तराञ्चल पहाडी राज्यको स्थापना भएपछि टुङ्गियो। यी क्षेत्रको संवेदनशील निर्वाचन राजनीतिको परिप्रेक्ष्यमा भारतीय राजनीतिज्ञहरू आफ्नै पहाडी निर्वाचन क्षेत्रहरूलाई अलग्याउने खालको भूल बिर्सेर पनि गर्न सक्दैनन्।[२५४]

### २. प्रान्तीय सरकारहरू

सिद्धान्ततः परराष्ट्र नीति-निर्माणमा भारतीय राज्यहरूको कुनै हात हुँदैन, तर पनि उनीहरूको यस सम्बन्धमा चासो छ र त्यसमा प्रभाव पनि पार्न सक्दछन्।[२५५] नेपालको सिमाना पाँचओटा भारतीय राज्यहरूसँग जोडिएको छ। विहार र उत्तर प्रदेशसितको लामो सिमाना निकै महत्त्वको छ। उत्तराञ्चल, पश्चिम बङ्गाल र सिक्किम नेपालको सिमाना जोडिने अन्य राज्य हुन्। नेपालका दुवै प्रमुख राजनीतिक दलहरू नेपाली काङ्ग्रेस र नेकपा (एमाले) को स्थापना पनि बनारस (उत्तर प्रदेश) मा भएको हो। राणाकालमा नेपाली

[२५०] एक जना भारतीय कूटनीतिज्ञले भने, "हामीले विगतका दिनहरूमा तराईतर्फ त्यति ध्यान दिएनौं, तर हाल त्यस क्षेत्रमा लगानी अभिवृद्धि गर्ने कुरामा विचार पुऱ्याएर निर्णय लिएका छौं।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, २० जून २००७। मधेसीहरू विगतका नीतिप्रति असन्तुष्ट छन् र उनीहरूको विचारमा अहिले पनि भारतीय लगानी पहाडे मूलका मानिसहरूमाथि असमानुपातिक तरिकाले भइरहेको छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मधेसी टिप्पणीकार, काठमाडौं, १८ जून २००७।

[२५१] सन् १९९९ मा काठमाडौंबाट नयाँ दिल्ली जान लागेको इन्डियन एयरलाइन्सको हवाईजहाज अपहरण र भारतीय नक्कली मुद्रा नेपालबाट भारत जाने गरेको समाचारले भने झनै चिन्ता बढायो। भारत यस्ता गतिविधिलाई रोक्न बारम्बार माग गरिरहन्छ। स्वतन्त्र पर्यवेक्षकहरूको विचारमा भारतले देखाउने प्रतिक्रिया अतिशयोक्तिपूर्ण छ।

[२५२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, भारतीय कूटनीतिज्ञहरू, मे–जून २००७।

[२५३] मधेसी समूहमाथि भारतीय प्रभाव, तल हेर्नुहोस्।

[२५४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, भारतीय राजनीतिज्ञहरू र कार्यकर्ताहरू, नयाँ दिल्ली र लखनउ, जून २००७।

[२५५] केन्द्रीय सरकारको विदेश नीतिमा एकाधिकार रहेको छ, तर केही कूटनीतिज्ञहरू सीमाक्षेत्रका राज्यहरूले नेपाल सरकारसँग प्रत्यक्ष सम्बन्ध विस्तार गर्नुपर्दछ भन्ने विचार राख्दछन्। क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, भारतीय कूटनीतिज्ञ, १५ जून २००७।

राजनीतिका मुख्य क्रियाकलाप बनारसमै केन्द्रित थियो। पञ्चायतकालमा पनि निर्वासित नेताहरूलाई विहारले आश्रय दियो। नेताहरूका बीचमा निकट व्यक्तिगत सम्बन्ध पनि रहन गएको थियो, खासगरी जयप्रकाश नारायणको समाजवादी पार्टी र नेपाली काङ्ग्रेसबीच तथा नेपाली कम्युनिस्ट र उनीहरूका भारतीय "कमरेड" हरूबीच प्रगाढ सम्बन्ध थियो। केही दशक यता नेपालको राजनीतिप्रति यी राज्यहरूको चासो घटेर गएको छ र राजनीतिज्ञहरूबीचको सम्बन्ध पनि।[२५६] विहार र उत्तर प्रदेशमा गरिबीको दर उच्च छ भने विकास, सुशासन तथा शान्ति सुरक्षाको रेकर्ड पनि त्यति राम्रो छैन। यी दुवै राज्यहरूमा जातीय राजनीतिको ठूलो भूमिका रहेको छ, यद्यपि साम्प्रदायिक तनावलाई भने नियन्त्रणमा राखिएको छ।[२५७] यी दुई राज्य भारतका अर्ध-राष्ट्रिय एकाइ भए पनि तिनीहरूको जनसङ्ख्याले नेपाललाई ओझेलमा पारेको छ।[२५८]

विहार र उत्तर प्रदेश दुवैको सुरक्षा स्थितिमा मधेस आन्दोलनको असर खासै पर्दैन।[२५९] त्योभन्दा कता हो कता महत्त्वको विषय त बाढी हो (खासगरी विहार र पूर्वी उत्तर प्रदेशका लागि), जहाँ नदी नियन्त्रण नगरेको दोष नेपाललाई दिइन्छ।[२६०] खुला सीमाका समस्याहरू (जस्तै पाकिस्तानी घुसपैठ, तस्करी, हातहतियारको ओसारपसार, अपराधीहरूलाई संरक्षण) एवम् नेपाली र भारतीय माओवादीहरूबीच हुन सक्ने सम्बन्ध जस्ता कुरा चिन्ताका विषय रहेका छन्।[२६१] यी यावत् सवालहरूपछि मात्रै मधेसी मुद्दा भारतीयहरूको सुरक्षा चासो हुन सक्छ, त्यो पनि कथंकदाचित शरणार्थीहरू ओइरिन लागे भने मात्रै या राज्य विरोधी भारतीय सशस्त्र समूहरूसँग मधेसी आन्दोलनकारीहरूको सम्बन्ध गाँसिन पुगेमा वा मधेसी आन्दोलनबाट आर्थिक रूपले गम्भीर असर पर्न गएमा।[२६२] विदेशी नीतिका विषयमा राज्यका नेता र प्रशासकहरूको हात हाल्ने रुचि रहेको देखिंदैन, यद्यपि उनीहरू स्थानीय स्तरको सहयोगलाई भित्रभित्रै प्रोत्साहित गर्छन् र आवश्यक परेमा नियम कानुनप्रति आँखा पनि चिम्लने गर्छन्।[२६३]

## ३. पार्टी दृष्टिकोण

आफ्नो आन्दोलनप्रति समर्थन जुटाउन मधेसी नेताहरूले भारतका सबैजसो पार्टीका नेताहरूलाई गुहारेका छन्। हिन्दू राष्ट्रवादी भारतीय जनता पार्टी (भा.ज.पा.) (तल हेर्नुहोस्) बाहेक अन्य दलहरूको मधेसी आन्दोलनप्रति कुनै चासो रहेको छैन। भारतीय काङ्ग्रेस पार्टी नेपालमा मध्यमार्गी वाम र माओवादी मिलेर नेपालमा झन्डा गाडेको हेर्न चाहँदैन। त्यसदेखि पछाडि उसका खासै ठूलो स्वार्थ रहेको छैन। सद्भावना पार्टीले भारतीय काङ्ग्रेससितै मिल्ने नीति अवलम्बन गरेकाले तराईमा त्यो पार्टी भारतीय काङ्ग्रेसको स्वाभाविक सहयोगीका रूपमा देखा परेको छ। तर यसबाट अन्य समूहसँगको अन्तरक्रियालाई भने अवरोध पुऱ्याएको छैन। विहार र उत्तर प्रदेशमा काङ्ग्रेस तथा मुख्य राष्ट्रिय वाम पार्टीहरूप्रतिको समर्थन ज्यादै थोरै छ। यसले गर्दा ती पार्टीहरूको प्रभाव नेपालको सिमानातर्फ सीमित छ, तैपनि भारतको मिलीजुली सरकारको नेतृत्व काङ्ग्रेसले गरेको र यसलाई भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) को समर्थन रहेकाले मधेसी नेताहरूसित उनीहरूको संवाद हुनु सजिलो छ।

भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) भारतको राष्ट्रिय राजनीतिमा निर्णायक भूमिका निर्वाह गर्न सक्ने विहार र उत्तर प्रदेशमा आफ्नो आधार विस्तार गर्न चाहन्छ र सीमावर्ती जिल्लाहरूमा नेपालका संसदवादी वामहरूको शक्ति बढेमा उनीहरूलाई सहयोग पुग्न सक्छ

[२५६] जयप्रकाश नारायण इन्दिरा गान्धीको सबभन्दा ठूला आलोचक भएकाले नेका र भारतीय काङ्ग्रेस पार्टीको सम्बन्ध राम्रो हुन सकेन। खासमा स्वभावअनुरूप दुई पार्टी सहयात्री हुनुपर्ने हो।

[२५७] लालुप्रसाद यादवको राष्ट्रिय जनता दलले सन् १९९० देखि २००५ सम्म विहारमा शासन गऱ्यो। त्यस पार्टीलाई यादव र मुस्लिमहरूको समर्थन थियो। सन् २००५ मा जनता दल (संयुक्त) ले गैरयादव जातिहरूको समर्थन र उच्चजाति केन्द्रित हिन्दू राष्ट्रवादी भा.ज.पा.को सहयोगमा सरकार बनायो। मार्च–अप्रिल २००७ मा सम्पन्न उत्तर प्रदेशको राज्य निर्वाचनमा दलित अभिमुख बहुजन समाज पार्टीले ब्राह्मण र गैरयादव जातिहरूसँग गठबन्धन गरेर अप्रत्यासित बहुमत हासिल गऱ्यो। विहारले करिब दुई दशक यता हिन्दू-मुस्लिम दङ्गा बेहोर्नुपरेको छैन। हिन्दूवादी कार्यकर्ताहरूले सन् १९९२ मा बाबरी मस्जिद भत्काएको घटना यता उत्तर प्रदेश तुलनात्मक रूपमा शान्त रहेको छ। उनीहरू भगवान् रामको जन्मस्थलमा नै बाबरी मस्जिद बनाइएको दाबी गर्छन्।

[२५८] सन् २००१ मा उत्तर प्रदेशको जनसङ्ख्या १६ करोड ६० लाख र विहारको ८ करोड ३० लाख थियो। हेर्नुहोस् www.censusindia.net.

[२५९] उत्तर प्रदेशका सुरक्षा अधिकारीहरूको भनाइमा सीमापारि हुने राजनैतिक फेरबदलप्रति लखनउलाई खासै चासो छैन। विहारका गृह मन्त्रालय र सुरक्षा अधिकारीहरूको भने नेपालको सीमावरपर हुने क्रियाकलापहरूप्रति ध्यान आकृष्ट हुने गर्छ। त्यसबारे नियमित रूपमा प्रहरी र गुप्तचरहरूले पटनामा खबर पठाइरहन्छन्, तर राजनीतिक कुराप्रति उनीहरू ध्यान दिंदैनन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सरकारी अधिकारीहरू, पटना र लखनउ, जून २००७।

[२६०] विशेषज्ञहरूको भनाइ छ — विहार र उत्तर प्रदेशका राजनीतिज्ञहरूले नेपाललाई दोष लगाउनु जायज होइन। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, राज्य दैवीप्रकोप व्यवस्थापन प्रमुख एवम् अन्य सरकारी अधिकारीहरू, पटना, जून २००७।

[२६१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, प्रहरी अधिकृतहरू, लखनउ, १४ जून २००७।

[२६२] केही अधिकारीहरू शरणार्थीहरू आउन सक्ने सम्भावनाबारे चिन्तित देखिन्छन्, तर कोही चाहि जसरी लाखौंलाख नेपालीहरू भारतमा बसेर काम गरिरहेछन्, त्यसरी नै शरणार्थीहरू आएका अवस्थामा पनि उनीहरू सजिलै समाहित हुने ठान्छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लखनउ र पटना, १४ जून २००७।

[२६३] सुरक्षाबललगायत स्थानीय प्रशासनबीच अनौपचारिक सहयोग भइरहन्छ। उत्तर प्रदेशका एक जना अवकाशप्राप्त प्रहरी अधिकृत माओवादीहरूले नियोजित आक्रमण गर्न लागेका बेला नेपाल प्रहरीले भारतीय सहयोग मागेको घटना उल्लेख गर्छन्। औपचारिक सम्बन्ध र प्रबन्धबिना उत्तर प्रदेश पुलिसले आक्रमणकारीहरूलाई हतोत्साहित पार्न सशस्त्र दस्ता भारतीय भूमितर्फ तैनाथ गरायो। "यस्ता मुद्दाहरूमा र स्थानीय स्तरका अपराध नियन्त्रणमा प्रशासनिक प्रक्रिया र अन्तर्राष्ट्रिय नियम–कानुन पूरा गर्नतिर नलागी हामी आफैंले गर्न सक्ने उपायतिर लाग्छौं।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लखनउ, १४ जून।

भन्ने केही कार्यकर्ताहरूको आशा रहेको छ।[२६४] विहारको केही भागमा प्रभाव जमाउन सफल तर उत्तर प्रदेशमा उपस्थिति शून्य रहेका नक्सलवादीहरूको पनि यस्तै योजना रहेको थियो, तर नेपालका माओवादीले मूलधारको राजनीतिमा प्रवेश गर्ने निर्णय गरेबाट खटपट सुरु भयो र सहयोगको झिनो सम्भावना पनि घटेर गयो।[२६५] गठबन्धनमा नपरेका वामहरू मधेसी आन्दोलनलाई राज्य पुनर्संरचना जस्तो बृहत्तर मुद्दाको एउटा पाटोका रूपमा हेर्ने गर्छन् र यो आन्दोलन पहिचानको खोजीमा अतिवादमा परिणत नहोस् भन्ने चाहन्छन्।[२६६]

मधेसी आन्दोलनकारीहरूले भारतीय राज्यस्तरका नेताहरूसँग भेटेर आफ्नो पक्षमा राजनैतिक समर्थन जुटाउने प्रयास नगरेका होइनन्। तर त्यस्ता प्रयास निकै फितलो र स्थानीय तहमा मात्र सीमित रहेको छ। उनीहरूले मधेस मुद्दालाई छलफलको विषयवस्तु बनाउन बाँकी नै छ। मधेसको मुद्दाले भारतमा न कुनै मिडियाको ध्यान आकृष्ट गर्न सकेको छ, न त राज्य विधानसभामै यो कुरा उठ्न सकेको छ। त्यस्तै भारतका सङ्घसंस्थाहरूसँग सम्बन्ध कायम गर्न अथवा अन्य पार्टी वा माओवादीहरूले पहिले गरे जस्तै भारतमा मोर्चा गठन गर्न पनि उनीहरूले सकेका छैनन्।[२६७] तिनीहरूले सीमावारिपारि केही सम्पर्क स्थापित गरेका छन्। उदाहरणका लागि सन् २००७ को उत्तर प्रदेशको राज्य विधानसभाको निर्वाचनमा एक जना हिन्दू राष्ट्रवादी उम्मेदवारले सीमापारिबाट हुन सक्ने माओवादी खतराको दह्रो जवाफ दिने सङ्कल्प गरेका थिए। अनि फोरमका जिल्ला नेताहरूले उनलाई समर्थन गरेका थिए। यस्तै वामपन्थी उम्मेदवारहरूले पनि नेपालतर्फका आफ्ना वामपन्थी मित्रहरूबाट सहयोगको अपेक्षा राखेका थिए।[२६८] यस्ता आपसी सहयोग बढिहाले पनि विहार र उत्तर प्रदेशमा आउँदा केही वर्षसम्म चुनाव हुनेवाला छैन। नेपालतर्फ परिस्थिति ज्यादै बिग्रिएर नगएसम्म सीमा छेउछाउमा बाहेक मधेसी मुद्दा भारतीय पार्टीहरूका लागि साझा सरोकारको विषय बन्न सक्तैन।

## ४. हिन्दू आयाम

फोरम र भारतीय दक्षिणपन्थी राष्ट्रिय स्वयंसेवक सङ्घ (रा.स.स.) बीचको सम्बन्ध स्पष्ट रूपले परिभाषित र सीधा अर्थमा बुझिने खालको छैन। यी दुईबीच भेटघाट र छलफल चलिरहे (उपेन्द्र यादवले समर्थन जुटाउन रा.स.स.का नेताहरूलाई नयाँ दिल्लीमा भेटेका थिए) तापनि त्यसलाई आश्चर्यका रूपमा लिनुपर्ने देखिंदैन। आफ्नो राजनैतिक दर्शन जस्तोसुकै भए पनि नेपालका सबै दलहरू नयाँ दिल्लीसँगको सम्बन्ध बढाउन प्रयत्नशील रहन्छन्। कसले कोसँग भेटघाट गर्छ त्यसबाट पार्टीको अडान प्रस्ट हुँदैन। दक्षिणपन्थी हिन्दू समूहहरू नेपाललाई बृहत् भारत (अखण्ड भारत) को एक भागको रूपमा हेर्ने गर्छन्। नेपालले धर्मनिरपेक्षता अँगालिसकेको भए पनि उनीहरूका दृष्टिमा नेपाल अझै पनि "संसारको एकमात्र हिन्दू राज्य" हो। त्यसैगरी नेपालले हिन्दू राजाको पुरानो मान्यता र मुस्लिम र इसाई आक्रमणले समेत छुन नसकेको "पवित्र" हिन्दू विचार (उच्चजातको पहाडी हिन्दूले मन पराउने) लाई जिउँदो राखेको उनीहरू ठान्छन्।[२६९]

भारतका हिन्दू कार्यकर्तालाई मधेसी आन्दोलनले यी मूल्यहरूलाई समर्थन गर्न सक्तैन भन्ने थाहा छ। फोरम र अन्य समूहहरू भलै केही लचकता देखाउन सक्लान्, तर उनीहरूको घोषित लक्ष्य सङ्घीय गणतन्त्र हो, हिन्दू राजतन्त्रको पुनःस्थापना होइन।[२७०] फोरमले आफ्नो धर्मनिरपेक्ष छवि देखाउन निकै मिहिनेत गरेको छ। यसले मुस्लिमहरूप्रति सकारात्मक व्यवहारको आह्वान गरेर विहारका मुस्लिम नेताहरूको समर्थन पाएको छ। धार्मिक कट्टरताको अडान राखेको भए यो सम्भव हुने थिएन।[२७१] हिन्दूवादलाई संरक्षण गर्नुभन्दा पनि यसको दृष्टिमा मधेस आन्दोलनको प्रमुख फाइदा भनेको यसले तराईमा माओवादीको विस्तारको प्रतिरोध गर्नु हो, जुन अहिलेसम्म कुनै पनि पार्टीले गर्न सकेको थिएन।

---

[२६४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, भा.क.पा. (मार्क्सवादी) कार्यकर्ता, नयाँ दिल्ली, जून २००७।

[२६५] माओवादी र नक्सलवादीबीचको सम्बन्धबारे हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *Nepal's Maoists*, माथि उल्लेखित, पृ. ८-१२। त्यसबाट उत्पन्न हुने सक्ने खतराबारे दुवै राज्यका उच्च प्रहरी अधिकारीहरू माओवादी र नक्सलवादीबीच सैद्धान्तिक घनिष्टताबाहेक अन्य किसिमको सहयोग रहेको कुनै खास प्रमाण छैन भन्छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पटना र लखनउ, जुन २००७।

[२६६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विजयप्रताप, राष्ट्रिय संयोजक, समाजवादी मोर्चा, नयाँ दिल्ली, ६ जून २००७।

[२६७] मधेसी समूहहरूले माओवादीले जसरी पटनाको "नागरिक स्वतन्त्रताका लागि एकता" जस्ता मानवअधिकारवादी सङ्गठनहरूसँग सम्बन्ध स्थापना गरेका छैनन्। भारतीय राजनीतिज्ञहरूका अनुसार मधेसी नेताहरूले एकाध पटक सम्पर्क त गरेका छन्, तर त्यसलाई निरन्तरता दिएका छैनन् र उनीहरूले विशेष सहयोगको माग पनि गरेका छैनन्। लखनउका नेताहरू र उत्तर प्रदेशका विधायकहरूसँग मधेसी नेताहरूको खासै उल्लेखनीय सम्बन्ध भए जस्तो देखिंदैन। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पटना, नयाँ दिल्ली र लखनउ, जून २००७। प्रायः सबै नेपाली राजनैतिक पार्टीहरूको आ–आफ्नो "प्रवासी" सङ्गठनहरू नयाँ दिल्लीमा छन् र कतिपयका शाखाहरू पूरै भारतभरि छन्। एक समय माओवादी निकट नेपाली जनअधिकार सुरक्षा समिति भारतमा निकै सक्रिय थियो।

[२६८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, गोरखपुर विद्यार्थी नेता, लखनउ, १५ जून २००७। गोरखपुरका भा.ज.पा.का सांसद आदित्यनाथले नेपालका माओवादीबाट हुने खतराको विरुद्धमा अभियान नै चलाएका छन्। आदित्यनाथ र मधेसी जनअधिकार फोरमबीचको सम्बन्धबारे हेर्नुहोस् Piyush Srivastava, "Up's new Naxals", *The Indian Express*, २९ अप्रिल २००७।

[२६९] भारतमा गैरहिन्दू शासकहरूको प्रभाव बढेकाले हिन्दुत्वको रक्षा गर्नु नेपालको राष्ट्रिय पहिचानको एक भाग बन्यो। अठारौं शताब्दीको अन्त्यतिर आधुनिक नेपालको जग बसाल्ने पृथ्वीनारायण शाहले आफ्नो मुलुकलाई "असिल हिन्दूस्तान" भनेर परिभाषित गरेका थिए। Ludwig Stiller, *Prithwinarayan Shah in the Light of Dibya Upadesh* (काठमाडौं, १९६८)।

[२७०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, रा.स.स.का कार्यकर्ता, रक्सौल, २००७। मुस्लिम समर्थन चाहने हो भने मधेसी जनअधिकार फोरमले हिन्दू राष्ट्रलाई काँध थाप्न मिल्दैन। तर रा.स.स.का नेताहरूले फोरमले आलङ्कारिक राजतन्त्रको भने विरोध नगर्ने आशा राखेका छन्।

[२७१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, शाहिद अली खान, सितामढी, विधानसभा सदस्य, पटना, ५ जून २००७। खानको भनाइमा उनी मधेसी आन्दोलनलाई समर्थन गर्छन् र उनले तराईका एफ.एम. रेडियो स्टेसनहरूलाई अन्तर्वार्ता पनि दिएका थिए।

रा.स.स. र नेपालमा यसको अनन्य मित्र विश्व हिन्दू महासङ्घले एउटा मजबुत साङ्गठनिक आधार निर्माण गर्न प्रयत्न गरेका हुन्, तर त्यसको सफलता अत्यल्प छ।[२७२] उनीहरूको त्यस्तो प्रयत्नलाई राजतन्त्रले सघाउ पुऱ्याउँदै आएको छ। रा.स.स.को प्रमुख चिन्ताको विषय माओवादी मात्र होइन, तराईमा मुस्लिम मदरसाको बढ्दो प्रभाव पनि हो।[२७३] रा.स.स. र विहार सरकारको एक घटक रहेको उसको राजनैतिक सङ्गठन भारतीय जनता पार्टी (भा.ज.पा.) लाई तराई आन्दोलनका बेला फोरमलाई सघाएको आरोप छ। तर उनीहरूले यसलाई खण्डन गरेका छन्।[२७४] रा.स.स.को नेपालमा शक्ति सीमित भएकाले उनीहरू केही सहयोग र समर्थन त दिन सक्छन्, तर आन्दोलनलाई नै उराल्न भने सक्तैनन्। रा.स.स.ले अरूलाई भन्दा उपेन्द्र यादवलाई बढी गम्भीरताका साथ लिएको छ (यादवको सम्पर्क सीमाक्षेत्रका साथै नयाँ दिल्लीमा पनि छ र उनीहरूबाट यादवले नैतिकबाहेक अन्य सहयोग पनि पाएको हुनुपर्छ)।[२७५] रा.स.स.को दृष्टिमा तराई आन्दोलनलाई समर्थन गर्नाले लगभग समाप्त भइसकेको राजतन्त्रलाई नेपाली राजनीतिमा पुनः खुट्टा टेकाउने मौका मिल्न सक्छ।[२७६] तर रा.स.स. र भा.ज.पा.का प्रबल विरोधीहरूसमेत नेपालमा बलियो शासन व्यवस्था चाहन्छन् र नेपाललाई अस्थिर बनाउने उनीहरूको इच्छा नरहेको बताउँछन्।[२७७]

मध्यनेपालको भैरहवा सीमा निकट पर्ने उत्तर प्रदेशको मुख्य रेलमार्ग रहेको गोरखपुर हिन्दूवादी क्रियाकलापाहरूको केन्द्रस्थल रही आएको छ। त्यहाँको स्थानीय राजनीतिको सम्बन्ध नेपालको विकाससित छ, थोरै व्यापारमार्फत र धेरै हिन्दू सम्बन्धमार्फत। गोरखपुरमा गोरखनाथको मठ छ। यस हिन्दू पीठको नेपालका राजपरिवारसँग घनिष्ठ सम्बन्ध रहेको छ। (गोरखनाथलाई शाहपरिवारका कुलदेवता मानिन्छ)। यस पीठका प्रखर हिन्दू राष्ट्रवादी योगी आदित्यनाथले पाकिस्तानी गुप्चतर तथा नेपालमा माओवादी प्रभावको विरुद्ध अभियान सञ्चालन गरेर आफ्नो राजनैतिक छवि निर्माण गरेका छन्।[२७८] योगी आदित्यनाथको प्रमुख राजावादी नेताहरूसँग राम्रो सम्बन्ध छ। राजाका एक प्रमुख सल्लाहकार एवम् विश्व हिन्दू महासङ्घका प्रमुख भरतकेशर सिंह बरोबर गोरखपुर गइरहन्छन्।[२७९] एक जना स्थानीय पत्रकारको शब्दमा भन्ने हो भने गोरखपुरसँग सिंहको घष्टिताले गर्दा उनलाई स्थानीय हिन्दी सञ्चारमाध्यममा "सुपरहिट" नै बनाइदिएको छ।[२८०]

आदित्यनाथको मधेसी नेताहरूसँग पनि राम्रै सम्बन्ध छ। उनीबाट आन्दोलनलाई जनधन र बुद्धि सबै किसिमको सहयोग मिलेको हुन सक्छ। उनले डिसेम्बर २००६ मा आयोजना गरेको बैठकमा उपेन्द्र यादव र अन्य मधेसी कार्यकर्ताले भाग लिएका थिए।[२८१] तर गोरखपुरका एक जना विश्लेषकले भने, "आदित्यनाथ शान्त र कूटनैतिक किसिमका व्यक्ति होइनन्। यदि उनले त्यस्तो सहयोग गरेको भए उनी आफ्नो काम दुनियाँलाई खुलेर बताउने थिए।"[२८२] नेपालको तराईमा धनसम्पत्ति भएका गोरखपुरमा बस्ने धेरै जमिनदारहरूलाई माओवादीको उदयबाट असर परेको छ। उनीहरूले मधेसी समूहहरूलाई समर्थन गर्न सक्छन्। सीमापारिका नगरहरूमा निस्कने माओवादी विरोधी ऱ्यालीको प्रभाव उतातिर परेको देखिन्छ र यसबाट भारतीय सञ्चारमाध्यमका माओवादी विरोधी विचार बढाउनमा सघाउ पुगेको हुन सक्छ।[२८३]

### ग) अन्य अन्तर्राष्ट्रिय पक्षहरू

अहिलेसम्म तराईमा अन्य अन्तर्राष्ट्रिय पक्षको संलग्नता न्यून रहेको छ। भारतलगायतका अन्य शक्तिकेन्द्रहरू यो मामिला यस्तै रहिरहोस् भन्ने चाहना राख्छन्, तर मधेसी नेताहरू भने विदेशीहरूको ध्यान आकृष्ट गर्न तथा बाहिरी मुलुकको सहयोग प्राप्त गर्न चाहिरहेका छन्। लामो समयदेखि विकासका ठूला एजेन्सीहरूको उपस्थिति हुँदाहुँदै पनि मधेसी आन्दोलनले काठमाडौंलगायत सारा दुनियाँलाई झस्काइदिएको छ। सन् १९९० देखि सामाजिक समावेशीकरणको

---

[२७२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, रा.स.स. समर्थक, रक्सौल तथा नयाँ दिल्ली, जून २००७।
[२७३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, राष्ट्रिय स्वयंसेवक सङ्घका कार्यकर्ता, रक्सौल, जून २००७।
[२७४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, राजीवप्रताप रुदी, भा.ज.पा.का राष्ट्रिय प्रवक्ता, नयाँ दिल्ली, ८ जून २००७ र रा.स.स.का उच्चस्थ नेता, नयाँ दिल्ली, ६ जून २००७।
[२७५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पत्रकारहरू रक्सौल तथा लखनउ, जून २००७। केही हिन्दूवादी कार्यकर्ताहरू मधेसी आन्दोलनमा सरिक भएका देखिन्छन्। केही स्थानीय पत्रकारहरू ती हिन्दूवादी कार्यकर्ताहरूले आर्थिक सहयोग पनि पुऱ्याइरहेको शङ्का गर्छन्।
[२७६] राजतन्त्रसँगको सम्बन्ध टुटेको छ भन्ने यसको अर्थ होइन। सीमावरपरका मठहरूसँग दरबारको सम्बन्ध ज्युँका त्युँ छ र त्यसको प्रतीकात्मक महत्त्व पनि छ। रा.स.स. निकट एक जना नेता सन् २००७ को सुरुतिर राजा ज्ञानेन्द्र र युवराज पारशलाई भेट्न काठमाडौं गएका थिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, रा.स.स.का उच्चस्थ नेता, नयाँ दिल्ली, ६ जून २००७।
[२७७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नागरिक समाजका कार्यकर्ता तथा रा.स.स.का भूतपूर्व सहयोगी।

[२७८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, गोरखपुर विद्यार्थी नेता, लखनउ, १४ जून २००७, हेर्नुहोस् Piyush Srivastava, "UP's new Naxals", *The Indian Express*, २९ अप्रिल २००७।
[२७९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पत्रकार, लखनउ, १४ जून २००७। सन् २००६ को डिसेम्बरमा गोरखपुरमा भएको विराट् हिन्दू सम्मेलनमा सिंह विश्व हिन्दू महासङ्घको अन्तर्राष्ट्रिय अध्यक्षमा पुनः निर्वाचित भएका थिए। सन् २००७ को मार्च–अप्रिलमा सम्पन्न राज्य निर्वाचनमा विजयी केही विधायकहरूसितको भेटघाट कार्यक्रममा सिंह मुख्य अतिथि थिए। त्यस भेटघाटको आयोजना आदित्यनाथले गरेका थिए।
[२८०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लखनउ, १४ जून २००७।
[२८१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, रक्सौल तथा लखनउ, जून २००७। सन् २००६ को डिसेम्बर २–३ मा रा.स.स.सँग निकट रहेको "सीमा जागरण मञ्च" ले पनि त्यस्तै एउटा बैठक रक्सौलमा आयोजना गरेको थियो। त्यसमा यादव र अन्य मधेसी नेताहरूले भाग लिएका थिए र रा.स.स. नेताहरूका अनुसार त्यस अवसरमा आन्दोलन थाल्ने सम्भावनाबारे छलफल भएको थियो।
[२८२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, गोरखपुर नागरिक समाजका कार्यकर्ता, लखनउ, १४ जून २००७।
[२८३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पत्रकार लखनउ, १४ जून, २००७। मधेसी विरोधी आतङ्क सृजना गर्न माओवादी जिम्मेवार छन् भन्ने भारतीय सीमाक्षेत्रमा व्याप्त धारणाको प्रतिवाद गर्न माओवादीले त्यस्तो कुनै कदम चालेका छैनन्।

क्षेत्रमा कार्यरत दातृसंस्थाहरूले पनि मधेसी सवालमा कमै ध्यान दिएका थिए, स्थानीय तहका कर्मचारीहरूमा मधेसीहरूको न्यून प्रतिनिधित्वले गर्दा तथ्याङ्कमा मधेसीहरूलाई कि त हचुवा तालले वर्गीकृत गरिएको पाइन्छ कि त यिनीहरूलाई पूरै बेवास्ता गरेको पाइन्छ।[२८४]

आफ्ना पीरमर्काहरू देखाएर दुनियाँलाई झक्झक्याउन सक्नु मधेसी आन्दोलनकारीहरूको ठूलो उपलब्धि मान्नुपर्छ। भारतबाहेक मधेसी मामिलामा गहिरो राजनैतिक चासो लिने अर्को देश संयुक्त राज्य अमेरिका हो। अमेरिकाले ज.त.मु.मो.का दुवै गुटहरूलाई आतङ्ककारीको सूचीमा राखेको छ,[२८५] तर उपेन्द्र यादवसँग सम्पर्क गर्नुका साथै उनीसित बहुप्रचारित भेटघाटहरू गरेर उनलाई एक हदसम्म वैधानिकता दिलाउने काम पनि गरेको छ। प्रवासमा रहेका तराईबासीहरूको कार्यक्रममा भाग लिन यादवलाई अमेरिकाको भिसा पनि प्रदान गरियो। अमेरिकाले फोरमलाई तराईमा माओवादी शक्तिको प्रतिरोध गर्न सक्ने एक प्रभावशाली तागतका रूपमा लिएको छ, त्यसैले फोरमलाई मलजल पनि गर्न चाहन्छ।[२८६] नेपालको विकासका धेरैजसो साझेदारहरू मधेसको अशान्तिले आफ्ना विकास कार्यक्रमहरूमा असर पारेकाले चिन्तित छन् र सुरक्षा स्थिति खस्किएर संविधानसभाको चुनावसमेत भाँडिन गई साम्प्रदायिक भिडन्तको स्थिति पो आउने हो कि भन्ने डर उनीहरूलाई छ। केही त कर्मचारी नियुक्तिमा पुनर्विचार गर्ने र आयोजनालाई बढीभन्दा बढी समावेशी बनाउने अभ्यासतर्फ लागिसकेका छन्।

संयुक्त राष्ट्रले सार्वजनिक साथसाथै कूटनैतिक तवरले आफ्नो भूमिका निर्वाह गर्न थालेको छ। मानवअधिकार उच्च आयुक्तको कार्यालयले सामाजिक समावेशीकरणको मुद्दालाई प्रमुख चासोका रूपमा अघि बढाएको छ। यो मधेसी कार्यकर्ताका लागि खुसीको कुरा भएको छ, तर केही विज्ञहरूको विचारमा यस किसिमको चासो समानुपातिक देखिंदैन।[२८७] नेपालस्थित संयुक्त राष्ट्र मिसन (अनमिन) ले चाहिं केही प्रमुख मधेसी नेताहरूसँग सम्पर्क स्थापित गरेर वार्ताको कुरा बढाउन खोजेको छ। अनमिनको क्षेत्राधिकार सीमित छ। महासचिव वान की मुनले समग्र शान्ति प्रक्रियाको आवश्यकतालाई दोहो-याउनुभएको छ, तर संयुक्त राष्ट्रका अधिकारीहरूको भनाइमा सरकारको अनुरोधमा मात्र उनीहरूले आफ्नो संलग्नतालाई बढाउन सक्छन्।[२८८] केही पर्यवेक्षक यस किसिमको संयम राखिएकोमा खुसी देखिन्छन् भने अन्य जानिफकारहरूचाहिं संयुक्त राष्ट्रले प्राविधिक सहयोग उपलब्ध गराउनुका साथै आफ्ना कार्यालयलाई वार्तालाई अघि बढाउने काममा उपयोग गर्नुपर्ने राय व्यक्त गर्छन्।[२८९]

[२८४] उदाहरणका लागि DFID/World Bank exclusion study "Unequal Citizens", माथि उल्लेखित, मधेसीलाई कुनै खास वर्गीकरणभित्र पारेको छैन।
[२८५] पूर्ण विवरणका लागि हेर्नुहोस् the 2006 country report on terrorism, released by the U.S. State Department's Office of the Coordinator for Counterterrorism in April 2007. The overview is at www.state.gov/s/ct/rls/crt/2006/82734.htm.
[२८६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विश्लेषणकर्ता, काठमाडौं, जून २००७।
[२८७] प्रदर्शन शान्तिपूर्ण होस् र अत्यधिक बलको प्रयोग नहोस् भन्ने कुराको आश्वासन प्राप्त गर्न मानवअधिकार उच्च आयुक्तको कार्यालयका घुम्ती टोलीहरूले प्रदर्शनकारी, प्रशासन र प्रहरीसँग आन्दोलन अवधिभर नियमित सम्पर्क राख्ने काम गरे। यसले वार्ताका लागि सम्पूर्ण दलहरूसँग भेट गऱ्यो। मानवअधिकार उच्च आयुक्तको प्रेस विज्ञप्ति, २८ जनवरी २००७। उक्त कार्यालयकी प्रतिनिधि लेना सुन्धले तराईको अवस्थाको अनुगम गर्न आफ्नो कार्यालयले उच्च प्राथमिकता दिएको उल्लेख गरेकी थिइन्। OHCHR प्रेस विज्ञप्ति, ११ फेब्रुअरी २००७। केहीले उक्त कार्यालयले समावेशी मुद्दालाई राष्ट्रिय स्तरमा मानवअधिकारको क्षमता वृद्धि गर्ने कुरा जस्ता मुख्य कामलाई ओझेलमा पार्न दिएको टिप्पणी गरेका छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मानवअधिकार कार्यकर्ता तथा विश्लेषणकर्ता, काठमाडौं, मे–जून २००७।
[२८८] भारत संयुक्त राष्ट्रको संलग्नता बढोस् भन्ने पक्षमा छैन। एक जना वरिष्ठ कूटनितिज्ञले भने, "बाहिरी हस्तक्षेपले द्वन्द्वलाई झन् चर्काउने काम मात्रै गर्छ। संयुक्त राष्ट्र र अन्य निकायहरूले वार्ताका लागि कुनै प्राविधिक सहयोग पनि नगरी यस विषयमा हातै नहाल्नु बेस हुन्छ।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, २० जून २००७।
[२८९] एक जना अन्तर्राष्ट्रिय विश्लेषकका अनुसार भारतले अवरोध पुऱ्याउन सक्ने कुरालाई बढी नै बढाइचढाइ गरिएको छ : "शान्ति प्रक्रियाका लागि भारत अनमिनलाई सहयोग नगरी रहन सक्तैन।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, २२ जून २००७।

## ७. सम्भावना

राजनैतिक अवस्था जटिल छ र घटनाक्रमले विभिन्न मोड लिन सक्ने सम्भावना छ। एकापसमा द्वन्द्व हुने अवस्था धेरै छन्। मधेसीहरू आफ्नो अधिकारका लागि राज्यसँग लडाइँ गरिरहेका छन्, राजनैतिक नेताहरू आफ्नो स्थान र समर्थनका लागि सङ्घर्षरत छन्, पहाडे र मधेसीबीचको तनाव बढेको छ। जातिगत विषयले नयाँ महत्त्व पाइरहेको छ। यी सङ्घर्षहरूमध्ये केहीको छिटै अन्त्य हुन सक्छ भने अन्य विषयहरू परिवर्तित परिदृश्यका दीर्घकालीन विशेषता रहन सक्नेछन्। मुख्य मुद्दाहरूमा सहमति हुने कुरा सैद्धान्तिक रूपले सम्भव भए पनि साम्प्रदायिक तनावलाई अझ उछालिएमा थप अस्थिरता उत्पन्न हुन सक्छ र अवस्था अझ खराब हुन सक्छ। राज्यको प्रशासन र सेवाप्रदायक भूमिका कमजोर भइसकेको छ, शान्तिसुरक्षा फितलो भएको छ, राज्यको उपस्थिति असाध्ये सीमित भएको छ। यो अवस्था सरकारले सकारात्मक कदम चाल्नका लागि राम्रो अवस्था होइन।

### क) साम्प्रदायिक खतराहरू ... तर वार्ताका लागि प्रेरणा

पहाडे र मधेसीका बीचमा साम्प्रदायिक हिंसा भड्कन सक्ने खतरा वास्तविक हो। सङ्घर्ष राज्यका विरुद्ध भइरहेको छ कि पहाडेका विरुद्धमा भन्ने कुरा मधेसी राजनीतिमा गज्याङमज्याङ भएको छ। सशस्त्र समूहहरूले पहाडे सरकारी कर्मचारी र व्यापारीहरूलाई जानाजान तारो बनाएका छन्। पहाडेहरू असुरक्षित भएका छन्, केही बसाइँ सर्न लागेका छन्।[२९०] चुरे भावर एकता समाज जस्ता पहाडे समूह र मधेसीप्रतिको तिनका पूर्वाग्रहले अझ ध्रुवीकरणको अवस्था सृजना भएको छ।[२९१] आफ्नो राजनीतिलाई अझ उग्रवादी बनाउनका लागि र समर्थन जुटाउन दुवै पक्षका केही अतिवादी समूहहरूको साम्प्रदायिक दङ्गा भड्काउने चाहना हुन सक्छ। तैपनि जातीय युद्ध पूर्णरूपमा चर्कने सम्भावना भने देखिंदैन। तराईका जिल्लामा पहाडेमाथि आक्रमण भएमा त्यसको असर अरू ठाउँमा बस्ने मधेसीहरूमा पर्न सक्छ। मधेसी आन्दोलनभित्रकै एउटा दह्रो धार अधिकारका लागि गरिएको सङ्घर्षलाई अन्तरजातीय कलहमा परिणत गर्न नहुने कुरामा सचेत छ। दुई समुदायबीच रहेको बलियो आर्थिक, व्यावसायिक र सामाजिक सम्बन्धले सन्तुलन कायम राख्ने भूमिका खेल्न सक्छ तथा मूलधारका राजनैतिक दल र भारतले समस्या समाधानका लागि आफ्नो प्रभावको उपयोग गर्न सक्छन्।

सम्झौताद्वारा यस अवस्थाको समाधान निकाल्न सकिन्छ तर यसका लागि बहुपक्षीय समूहलाई समेट्ने प्रक्रिया आवश्यक पर्छ र यस्तो समाधानले सबै पक्षलाई आफ्नो विजय भएको दाबी गर्ने अवस्थाको सृजना गर्न सक्नुपर्छ। दुवै पक्षसामु वार्तामा बस्नका लागि कारणहरू छन् — तराईमा आन्दोलन जारी रहेमा समग्र राजनैतिक प्रक्रिया नै अस्थिरतामा जाकिन्छ भन्ने कुरा सरकारलाई थाहा छ भने अर्कातिर मधेसी समूहरूले परिमाण निकाल्ने हो र वैधता प्राप्त गर्ने हो अनि आफूलाई राजनैतिक प्रक्रियाको हिस्सा बनाउने हो भने कुनै बिन्दुमा पुगेर वार्ता गर्नैपर्ने हुन्छ। विचारमा समझदारी आउन नसक्ने होइन, तर विश्वासको सिर्जना गर्नचाहिं गाह्रो हुन्छ।

एकातिर सरकारलाई कुनै हतारो देखिंदैन भने अर्कातिर मधेसी समूहहरू एकीकृत नभएकाले उनीहरूका लागि समूहपिच्छे समाधानका फरकफरक उपायहरू निकाल्नुपर्ने हुन्छ। जुलाईको सुरुतिर सरकारमाथि हिंसालाई वैधता नदिनका लागि आन्तरिक तथा बाह्य दबाब आयो। मधेसी मागहरूप्रति सरकारको आफ्नो अन्यमनस्कता पनि छँदै थियो। त्यसैले तराईको हिंसालाई तह लगाउन सरकारले सशस्त्र प्रहरी बलका साथै जनपद प्रहरी तैनाथ गर्ने घोषणा गऱ्यो।[२९२] घोषण गरेअनुरूप व्यवहार भइहालेको त छैन, तर राजनैतिक समस्याको समाधान ननिकालीकन सशस्त्र सुरक्षा बल प्रयोग भएमा यसले सङ्घर्षलाई अझ चर्काउँछ, मानवअधिकार हननका घटना बढाउँछ र मधेसी अतिवादीहरूलाई बल पुऱ्याउँछ, आम नागरिकमा आक्रोश बढाउँछ तथा वार्तालाई झनै कठिन बनाउँछ। फोरमका नेताहरूले यसलाई वार्ताबाट पछि हट्ने मौकाको रूपमा लिन सक्नेछन् र यसबाट उनीहरूलाई साङ्गठनिक सुधारका लागि समय मिल्नेछ अनि नयाँ आन्दोलनबाट आफ्नो शक्ति देखाउन सकिनेछ अथवा अर्को राजनैतिक उथलपुथलसम्म पर्खेर नयाँ गठबन्धन बनाउन सकिनेछ भन्ने लाग्न सक्छ। यसबाट ज.त.मु.मो.का गुटहरूलाई तत्कालका लागि क्षति पुग्न सक्छ, तर गम्भीर वार्ताको सम्भावना हराउँछ र सशस्त्र समूहहरूले दमनकारी राज्य विरुद्ध लडिरहेको छवि प्रस्तुत गर्ने मौका पाउनेछन्।

---

[२९०] धेरै मधेसीहरू विगतमा गरिएको शोषणको बदला पहाडेहरूले स्वाभाविक रूपमा बेहोर्नुपर्छ भन्छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मधेसी कार्यकर्ता, राजविराज, जनकपुर, वीरगन्ज, मे-जून २००७। "मधेस छाड्ने उर्दी" *समय* , १० मे २००७ पनि हेर्नुहोला। नेपाल सम्बन्धी एक जना वरिष्ठ विश्लेषकले नेपालमा "जातीय सफाया" सुरु भइसकेको बताएका छन्। David N. Gellner, "Caste, Ethnicity and Inequality in Nepal", *Economic and Political Weekly*, १९ मे २००७, at epw.org.in/epw/uploads/articles/10625.pdf. एक जना अनुभवी द्वन्द्व विश्लेषकले भनेका छन्, "श्रीलङ्कामा जातीय युद्ध सुरु हुँदाको बेला जस्तै स्थिति तराईमा भएकोमा मलाई उदेक लागेको छ। नेपालको हालत पनि श्रीलंकाको जस्तै होला भन्ने त होइन तर भविष्यमा यस्तो हुन सक्ने धेरै सम्भावना छ।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, ललितपुर, १८ जून २००७।

[२९१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पहाडे व्यापारी, वीरगन्ज, १ जून २००७। केही पहाडेहरू मधेसी आन्दोलनलाई तुरुन्तै दमन गर्नुपर्छ भन्ने पक्षमा छन्। उनीहरू मधेसीहरूले नेपालमा अधिकार माग्नुभन्दा पहिले भारतप्रतिको आफ्नो बफादारीलाई त्याग्नुपर्छ भन्छन् र उनीहरू मधेसीहरूलाई अधिकार दिएमा भारतीयहरूको ओइरो लाग्ने अर्थात् नेपालको सार्वभौमसत्तामा खलल पुऱ्याउने "सिक्किमीकरण" को प्रक्रिया सुरु हुने बताउँछन्। एक जना टिप्पणीकर्ताले चेतावनी दिएका छन्, "नागरिकताको नयाँ प्रावधानका कारण नेपालमा बस्दै आएका वा नेपालसँग सीमा जोडिएका भारतका विहार, उत्तर प्रदेश र पश्चिम बङ्गाल राज्यहरूबाट आएका लाखौंलाख विदेशीहरूलाई नेपाली नागरिकता प्रमाणपत्र दिने बाटो खोलिएको छ। आठ दलीय सरकार वा तथाकथित संसदसँग नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता र क्षेत्रीय अखण्डताको सुरक्षा गर्ने इच्छाशक्ति देखिंदैन।" Madan Regmi, "Ganapathy forgets Prachanda", *The Kathmandu Post*, २९ मे २००७।

[२९२] "AFP, police to deploy against terai violence", *The Kathmandu Post*, ३ जुलाई २००७।

सरकारले गम्भीरतापूर्वक सशस्त्र समूहहरूनेर पुगेर उनीहरूले राखेका न्यूनतम शर्त पूरा गर्ने हो भने मधेसको समस्या शान्तिसुरक्षाको समस्या हो भन्ने धारणालाई छाडेर अझै पनि समाधान पहिल्याउन सकिनेछ। सार्वजनिक रूपमा गरिने प्रयत्न र पर्दापछाडि गरिने कूटनीतिक उपायले गर्दा ज.त.मु.मो.का दुवै गुट अड्डी लिएर बसिरहन सक्नेछैनन् र उनीहरू वार्तामा आउन बाध्य हुनेछन्। वार्ताको संरचना कठिन हुन सक्छ — प्रत्येक समूहसँग वार्ता छुट्टाछुट्टै पनि हुन सक्छ अथवा गोलमेच वार्ता पनि हुन सक्छ। वार्ता धेरै हदसम्म बृहत्तर राजनैतिक अवस्थामा निर्भर गर्छ — मुलुक दृढतापूर्वक चुनावका लागि अगाडि बढेको अवस्थामा मधेसी नेताहरू आफूलाई चुनाव भर्डुँवाका रूपका देखाउन चाहँदैनन्। तर मुलुकमा अनिश्चितता कायम रहने हो र काठमाडौंमा आन्तरिक कलह रहिरहने हो भने उनीहरूलाई बढी आक्रामक हुन प्रोत्साहन मिल्नेछ। सशस्त्र समूहहरूको हिसाबकिताब पनि यस्तै हुनेछ, तर उनीहरूले कमजोर जनाधारबाट काम थाल्नुपर्नेछ र पहिले त आफूलाई वैधानिक शक्तिका रूपमा स्थापित गराउने काममै उनीहरू केन्द्रित रहनुपर्नेछ। त्यसका लागि उनीहरूले निर्वाचन प्रक्रियामा लागेका अन्य समूहलाई समर्थन गर्नुपर्ने हुन सक्छ।

## ख) एजेन्डा

सरकार र फोरमबीच १ जून २००७ मा जनकपुरमा प्रारम्भिक वार्ता भएको थियो।[२९३] फोरमले २६ बुँदे माग प्रस्तुत गऱ्यो।[२९४] सरकारले आन्दोलनका बेला मारिएकाहरूलाई शहीद घोषणा गर्ने र उनीहरूका परिवारलाई क्षतिपूर्ति दिने, घाइतेलाई राहत दिने, पिछडिएका समूहहरूलाई राज्य संयन्त्रहरूमा समावेश गर्ने, संसाधनहरू समानुपातिक रूपले वितरण गर्ने, राज्यको पुनर्संरचना गरी मुस्लिम तथा दलितका मागहरू सम्बोधन गर्ने कुरा स्वीकार गऱ्यो।[२९५] तर सरकारले समानुपातिक प्रतिनिधित्व, क्षेत्रीय स्वायत्तता र गृहमन्त्रीलाई हटाउनुपर्ने उनीहरूका मुख्य मागलाई भने स्वीकार गरेन।[२९६] फोरमले संयुक्त राष्ट्रको प्राविधिक सहयोगका लागि राखेको मागलाई पनि सरकारले अस्वीकार गऱ्यो। दुवै पक्षले वार्तालाई सकारात्मक भने तापनि पूरा गरिएका मागहरू व्यवहारमा लागू हुनेमा फोरमका नेताहरू व्यक्तिगत रूपमा आशङ्का गर्छन्। केन्द्रीय समितिका एक जना सदस्यले भनेका छन्, "उनीहरूले स्वीकार गरेका कुराहरू लागू गर्छन् भन्ने कुरामा हामीलाई शङ्का छ र उनीहरू गाँठी मुद्दालाई सम्बोधन गर्ने सुरमा भए जस्तो देखिंदैनन्।"[२९७]

वार्ता अझ अगाडि बढेमा त्यसका मुख्य एजेन्डाहरू यस प्रकार हुनेछन् :

**निर्वाचन मोडेल।** निर्वाचनमा न्यायसम्मत प्रतिनिधित्व मधेसी आन्दोलनको मूल मुद्दा हो। "पूर्ण समानुपातिक प्रतिनिधित्व" को माग वास्तवमा विभिन्न समूहका लागि निश्चित कोटाको माग गरिएको हो र यसले समर्थन पनि पाएको छ, तर पनि निर्वाचन क्षेत्रका आधारमा स्थानीय प्रतिनिधित्वप्रति पनि केही झुकाउ बाँकी नै छ।[२९८] सरकारले २००७ को जून महिनाको मध्यमा निर्वाचन ऐनमा संशोधन गऱ्यो, तर यसो गर्नुअघि आन्दोलन गर्ने समूहहरूसँग राय लिने काम गरेन। यस संशोधनले अहिलेसम्म शासनमा समावेश नभएका समूहहरूलाई समानुपातिक प्रतिनिधित्वको वर्गअन्तर्गत आरक्षण प्रदान गर्नुका साथै बढ्ता मत ल्याउने उम्मेदवार विजयी हुने प्रणालीमा पनि दलहरूलाई सबै समूहबाट प्रतिनिधित्व गराउन प्रतिबद्ध हुनुपर्ने प्रावधान राखेको छ।[२९९] सत्तासीन गठबन्धनको सबैभन्दा शक्तिशाली दल नेपाली काङ्ग्रेसले पूर्ण समानुपातिक प्रतिनिधित्व प्रणालीलाई अस्वीकार गरिसकेको छ। फोरमले यस ऐनको सार्वजनिक रूपमा विरोध गरिसकेको छ, तर आफू मात्र

[२९३] रामचन्द्र पौडेलले नेतृत्व गरेको सरकारी टोलीका सदस्यहरूमा मन्त्रीहरू ज्ञानेन्द्र कार्की र रामचन्द्र यादव थिए। फोरमको टोलीको नेतृत्व उपेन्द्र यादवले गरेका थिए। यसमा सीतानन्द राय, मोहम्मद नासिर सिद्धिकी र किशोर विश्वास सम्मिलित थिए।

[२९४] फोरमका मुख्य मागहरू यस प्रकार थिए : आन्दोलनका दौरानमा मारिएका सबैलाई शहीद घोषणा गर्ने र क्षतिपूर्ति दिने, आन्दोलनका क्रममा दर्ता गरिएका मुद्दाहरू फिर्ता लिने र गिरफ्तार गरिएकालाई रिहा गर्ने, वार्ताका लागि संयुक्त राष्ट्रको प्राविधिक सहयोग लिने, गृहमन्त्री सिटौलालाई पदबाट हटाउने, सहभागितात्मक प्रजातन्त्रको स्थापना, आत्मनिर्णयको अधिकारसहितको सङ्घीय व्यवस्था, स्वायत्त मधेसका लागि संवैधानिक व्यवस्था, मधेसका सरकारी कार्यालयहरूमा मधेसीहरूलाई नियुक्ति, राज्यका संस्थाहरू र सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यमका आधाजसो पदमा मधेसीको नियुक्ति, मधेसका प्राकृतिक स्रोतहरूमा मधेसीहरूको अधिकार हुने व्यवस्था, दलितका लागि सकारात्मक विभेद र कोटा दिनुपर्ने, छुवाछूत र भेदभाव विरुद्ध कडा कारबाही, मुसलमानहरूको धार्मिक तथा भाषिक अधिकारको सुरक्षा, मदरसा बोर्डको स्थापना, मुसलमानका पर्वहरूमा सार्वजनिक बिदाको घोषणा, मुसलमानहरूका लागि मुस्लिम कानुनको निर्माण, स्थानीय मातृभाषा, नेपाली वा हिन्दी र अङ्ग्रेजी भाषाको प्रयोग गर्न सकिने गरी सरकारी कार्यालय तथा शिक्षामा त्रिभाषिक नीति लागू गर्ने, मधेसीहरूलाई नागरिकताको प्रमाणपत्र लिन सजिलो बनाउने र गाउँमा नागरिकता वितरण टोली पठाउने, मधेसबाट उठेको ७५ प्रतिशत राजस्व मधेसमै खर्च गर्ने, माओवादीले कब्जा गरेको सम्पत्ति फिर्ता गर्ने, अन्तरिम विधायिका संसदको विघटन तथा कामचलाउ सरकारको गठन गर्दै संविधानसभाको निर्वाचनको मिति तुरुन्त घोषणा गर्ने, पूर्ण समानुपातिक प्रतिनिधित्वमा आधारित निर्वाचन पद्धति, निर्वाचन आयोगको पुनर्गठन, क्षेत्रीय तथा जातिगत आधारमा बनेका पार्टीमाथिको प्रतिबन्ध फुकुवा। वार्तामा फोरमले प्रजातान्त्रिक गणतन्त्रप्रति आफ्नो प्रतिबद्धतासमेत जाहेर गऱ्यो। सरकारी वार्ताटोलीलाई फोरमको पत्र, १ जून २००७।

[२९५] Sanjaya Dhakal, "Hard Negotiations", *Spotlight*, ८ जून २००७।

[२९६] "MFJ presents 26 point demands", www.nepalnews.com, १ जून २००७।

[२९७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, २२ जून २००७।

[२९८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मधेसी राजनीतिक कार्यकर्ता, काठमाडौं र अन्य जिल्लाहरू, मे-जून २००७।

[२९९] "House approves CA bill", www.nepalnews.com, १४ जून २००७। जम्मा ४९६ ओटा सिटमध्ये २४० ओटा सिट समानुपातिक प्रतिनिधित्वका लागि छुट्याइएको छ। यसमध्ये १५.६ प्रतिशत सिट मधेसी महिला र पुरुषका लागि, ६.५ प्रतिशत दलित महिला र पुरुषका लागि, १८.९ प्रतिशत जनजाति पुरुष र महिलाका लागि, २ प्रतिशत पिछडिएका क्षेत्रका पुरुष र महिलाका लागि र १५.१ प्रतिशत 'अन्य' का लागि छुट्याइएको छ। दलहरूले २४० सिटका लागि हुने प्रत्यक्ष निर्वाचनमा पनि पिछडिएका समूहका उम्मेदवारहरू उठाउने कुराको प्रतिबद्धता व्यक्त गरेका छन्। १७ जना प्रतिनिधिहरू मनोनित हुनेछन्।

एक्लो विरोधी देखिन नचाहने हुनाले उसले निर्वाचनमा आउन स्वीकार गर्न सक्छ।[३००]

संविधानसभाको निर्वाचन नोभेम्बर २२ मा तोकेर मन्त्रिपरिषद्ले समावेशी शासनसँग सम्बन्धित सबै मुद्दालाई सम्बोधन गर्ने वाचा गर्नुका साथै आन्दोलित समूहहरूलाई स्वीकार्य हुने मिश्रित निर्वाचन प्रणाली स्वीकार गरेको छ। मुख्य दलभित्रका मधेसी कार्यकर्ताहरूले यस घोषणालाई रोक्न नखोजेकाले कुरा मिल्न सक्ने सङ्केत देखिएको छ। यसो हो भने बाँकी रहेका विषयहरूमा निर्वाचन क्षेत्र निष्पक्ष रूपमा निर्धारण गर्नु हुनेछ जो मार्च २००७ मा गठन गरिएको निर्वाचन क्षेत्र निर्धारण आयोगले गर्न सकेको थिएन। संविधानसभाको सिट सङ्ख्या ४९७ बनाउन र तराईमा २८ ओटा सिट थप्नका लागि उक्त आयोगले दिएको सुझाउलाई मधेसीहरूले पहाडे उम्मेदवार बढाउन गरिएको खेल भनी अस्वीकार गरे। सरकारले निर्वाचन क्षेत्र निर्धारण आयोगलाई नयाँ योजनाको मस्यौदा तयार गर्न २१ दिनको म्याद थपेको छ।[३०१] यसलाई स्वीकार्य बनाउनका लागि सम्पूर्ण मधेसी सांसदहरूका सरोकारलाई समेट्ने र मधेसी उम्मेदवार उठाउन दिइएको वाचा पूरा गर्ने ठूलो चुनौती छ। एक जना मधेसी विश्लेषक भन्छन्, "जनता पूर्णरूपले सन्तुष्ट नभए पनि उनीहरूले यस प्रणालीलाई स्वीकार गर्नेछन्। हामीहरूले शून्यभन्दा तलबाट थालनी गरेर अहिले तीस प्रतिशतमा पुगेका छौं। एकैचोटि अग्लो फड्को मार्न खोज्यो भने लड्ने खतरा हुन्छ।"[३०२]

**सङ्घीयता, स्वायत्तता र आत्मनिर्णय।** सङ्घीयताका विषयमा अन्तिम फैसला संविधानसभाले गर्ने भए तापनि सरकारले सङ्घीय व्यवस्था लागू गर्ने मनसाय देखाइसकेको छ। जनजातिका प्रतिनिधिलगायत धेरै समूहहरूले सङ्घीयताको माग गरेका छन्, तर उनीहरूले सङ्घीयतालाई फरकफरक किसिमले बुझेका छन्। मधेसीहरूले कडा रूपमा उठाएका "आत्मनिर्णय" को माग पहाडे समूहहरू वा तराईका जनजातिलाई मन पर्ने खालको छैन।[३०३] वित्तीय मामिलाका कुराहरू जस्तै, स्थानीय राजस्वको भागबन्डा र विकास बजेटको बाँडफाँड कसरी गर्ने वा कुन हदसम्मको शक्ति हस्तान्तरण हुने भन्ने विषयमा ज्यादै थोरै बहस भएको छ।

मधेसीहरूले छुट्टै "मधेस सरकार" का लागि उठाएको आवाज उनीहरूको जोडदार माग हो र यसले राजनैतिक नाराका रूपमा समर्थन पाउँदै गएको छ, तर काठमाडौंले यसलाई स्वीकार नगर्ने सम्भावना धेरै छ। यस मागमा घटबढ हुन सक्दछ, तर सङ्घीय एकाइको निर्माण गर्दा पहाडको स्वतः बढी प्रभाव हुनेगरी पञ्चायतकालमा बनाइएका विकास क्षेत्रहरूझैं उत्तर-दक्षिणका इलाकालाई जोडेर बनाइनुहुँदैन भन्ने कुरामा सबै दलभित्रका मधेसीहरूमा सहमति रहेको छ। सरकारलाई यो माग अस्वीकार गर्न ज्यादै गाह्रो पर्ने छ। मधेसीहरू (मूलधारका राजनीतिक दल र सद्भावना पार्टीका मानिससमेत) बीच हुने कुराकानीमा अलग राज्य बनाउने कुरा बरोबर सुनिने गर्छ। फोरम र ज.त.मु.मो. (ज्वालासिंह) लगायत धेरै मधेसी समूहले पटनामा मे २००७ मा बैठक गरेको बताइन्छ, त्यस बैठकले मधेसका ख्यातिप्राप्त गणतन्त्रवादी नेता रामराजाप्रसाद सिंहलाई पूर्ण स्वतन्त्रताका लागि लडिने आन्दोलनको नेतृत्व गरिदिनका लागि अनुरोध गरेको थियो। सिंह आफूले उक्त प्रस्ताव अस्वीकार गरेको कुरा बताउँछन्।[३०४] यसबाट मधेसीहरूले साझा मोर्चा बनाउने प्रयास गरेको र जनभावनालाई कट्टर बनाउँदै लान खोजेको देखिन्छ। तर यस मागलाई थोरैले मात्र उनीहरूको मनोकाङ्क्षाभन्दा अर्थोकका रूपमा हेरेका छन् वा प्रारम्भिक चरणमा हुने मोलतोलको अभिव्यक्तिभन्दा बढी मानेका छैनन्। काठमाडौंसित गहिरो आर्थिक स्वार्थ गाँसिएका मधेसीहरूले यस मागको विरोध गर्नेछन्। यो माग भारतलाई पनि स्वीकार्य छैन। यो साम्प्रदायिक हिंसाको खुराक मात्र बन्न सक्छ।

सरकार र धेरै विश्लेषकहरू सङ्घीय संरचनाको निर्धारण गर्ने कुरा संविधानसभालाई छाडिदिनुपर्छ भनिरहेका छन्, तर मधेसीहरू यससम्बन्धी झिनामसिना कुरा पछिका लागि थाँती राखे पनि सङ्घीय संरचनाका आधारभूत सिद्धान्तहरूको ग्यारेन्टी हुनुपर्छ भन्ने माग गरिरहेका छन्।[३०५] सङ्घीयता एउटा जटिल मुद्दा हो। यसको जिम्मा निर्वाचित सभालाई दिनु नै उचित हुन्छ। अहिलेलाई आफ्नो मनसाय प्रस्ट पार्न सरकारले भविष्यमा छलफल गर्नका लागि सूचना र तथ्याङ्कहरूको सङ्कलन गराउन एउटा पूर्ण प्राविधिक आयोग गठन गर्ने कुरामा विचार गर्न सक्छ। यस विषयमा गृहकार्य गर्नका लागि पार्टीहरूले पनि आआफ्ना सङ्गठनहरूमा आन्तरिक समितिहरू गठन गर्न सक्नेछन्।

**आन्दोलनको परिणाम।** जनवरी-फेब्रुअरी २००७ को आन्दोलनसँग सम्बन्धित मागहरू मनोवैज्ञानिक हिसाबले महत्त्वपूर्ण छन् र तिनलाई सम्बोधन गर्ने काम सापेक्षिक रूपमा त्यति पीडादायी छैन। मृतक मधेसी प्रदर्शनकारीहरूलाई शहीदको सम्मान दिने, मृतकका परिवार

[३००] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, किशोर विश्वास, फोरम नेता, काठमाडौं, २९ जून २००७। फोरमले कानुन पारदर्शी नभएको कुरा उठाएको छ। मधेसीहरूलाई निर्वाचनमा उम्मेदवार बनाउन कानुनी रूपमा बाध्यात्मक नभएकाले दलहरूले मधेसीहरूलाई प्रतिस्पर्धामा उठाउने छैनन्। कानुन बन्नुभन्दा अगावै फोरमसँग परामर्श गर्नुपर्थ्यो। केही मधेसी राजनीतिज्ञहरूले के तर्क गरेका छन् भने यस प्रणालीअन्तर्गत मधेसीहरू हार्छन् किनभने अन्य मधेसी समूहलाई त्यही अनुपातमा सिट छोड्नुपर्छ र मधेसीहरू आफूले जितेका सिटमा मधेसीलाई मात्र बाँड्न सक्दैनन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेकाको असुन्तुष्ट कार्यकर्ता, जनकपुर, जुलाई २००७।

[३०१] "CA poll on 22 November", *The Kathmandu Post*, २५ जून २००७।

[३०२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जून २००७।

[३०३] नेपाल आदिवासी जनजाति महासङ्घका सभापति पासाङ सेर्पाका शब्दमा "मधेस आन्दोलनका हाम्रा साथीहरूले 'एक मधेस एक प्रान्त' को माग गरिरहेका छन् तर हामी यसमा सहमत छैनौं। मधेसका विभिन्न जनजातिहरूको विभिन्न पहिचान छ ...(मधेसी कार्यकर्ता) को आत्मनिर्णयको व्याख्या र हाम्रो व्याख्यामा पनि फरक छ।" सेर्पाले के कुरामा पनि जोड दिए भने जनजातिहरू मधेसका धेरै समूहहरू जस्तो हिंसात्मक होइन शान्तिपूर्ण आन्दोलनप्रति प्रतिबद्ध छन्। *जनआस्था*, २० जून २००७।

[३०४] तिलक पाठक, "पटना बैठकको अन्तरकथा", *नेपाल*, १ जुलाई २००७।

[३०५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, उपेन्द्र यादव, २८ जून २००७। उनले भारतमा जवाहरलाल नेहरूले संविधानसभाको छलफललाई निर्देशित गर्ने आधारभूत सिद्धान्तबारे प्रस्तुत गरेको प्रस्तावको उदाहरण दिए।

तथा घाइतेहरूलाई क्षतिपूर्ति दिने र छानबिन आयोगको गठन गर्ने जस्ता काममा कुनै राजनैतिक मूल्य चुकाउनुपर्दैन। यी प्रायः सबै मागलाई सरकारले सैद्धान्तिक रूपले स्वीकार गरिसकेको छ र अर्को चरणको वार्ता हुनुअगावै सरकारले स्वीकारेका यी कुराहरूलाई लागू गर्न सकेमा त्यसले सरकारको विश्वसनीयता बढाउनेछ। पहिले कठोर पूर्वशर्तका रूपमा उठाइएको गृहमन्त्रीको राजीनामाको प्रश्न अहिले प्राथमिकताको सूचीमा तल परेको भए पनि बिर्सिइएको भने छैन। सरकारको एकै जना सदस्यले नै भए पनि नैतिक जिम्मेवारी लिनुपर्छ भन्ने विचार बलियो रूपमा रहेको छ। प्रधानमन्त्री कोइराला आफ्ना एक जना विश्वासपात्रलाई गुमाउन त्यति इच्छुक छैनन् र माओवादीहरू पनि शान्ति सम्झौताका एक मुख्य सदस्य रहेका सिटौलालाई समर्थन गरिरहेका छन। छानबिन आयोगको आलोचनात्मक निर्णय उनलाई मन्त्रिपरिषद्बाट हट्न दिने अवसर हुन सक्छ।

फोरम र ज.त.मु.मो.का नेताहरू विरुद्ध लागेको आपराधिक मुद्दालाई फिर्ता लिनुचाहिं कठिन काम हो, खासगरी हत्या र हिंसा जारी रहेको अवस्थामा। सरकारमा रहेका केही मानिसहरू अझै पनि उनीहरूलाई अपराधीका रूपमा हेर्ने गर्छन् र वार्ताका लागि उनीहरू विरुद्धका मुद्दा फिर्ता लिन अनिच्छुक रहेका छन्। प्रोत्साहन र दण्डको नीतिले राजनीतिक प्रक्रियामा आउन चाहनेहरूलाई क्षमादान दिन सक्छ।

**सकारात्मक कार्य।** सरकारले सैद्धान्तिक रूपमा मधेसीहरूलाई राज्य संयन्त्रहरूमा समावेश गर्ने प्रतिबद्धता जाहेर गरेको छ तर एक कार्यकर्ता भन्छन्, "हामीले यस्ता वाचाहरू धेरै पटक सुनिसकेका छौं। हामी त काम भएको हेर्न चाहन्छौं"।[३०६] राष्ट्रिय मानवअधिकार आयोग र राष्ट्रिय योजना आयोग जस्ता संस्थाहरूमा एकतिहाइ मधेसी नियुक्त गरेर, प्रशासन र पुलिसमा उनीहरूलाई नियुक्त गर्न विशेष प्रावधान तयार पारेर, तराईमा केही प्रतिशत स्थानीय दरबन्दीहरू उनीहरूका लागि सुरक्षित राखेर, राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्नका लागि तालिमको व्यवस्था गरेर तथा सक्षम मधेसी कर्मचारीहरूलाई राष्ट्रिय स्तरका तथा तराईका सहरका महत्त्वपूर्ण तहमा नियुक्त गरेर सरकारप्रतिको यो अविश्वासको खाडल पुर्न सकिन्छ। यस्ता कदमहरू महिला र दलित तथा मुसलमान जस्ता पिछडिएका समुदायहरूका हकमा पनि चालिनु जरुरी छ। सडक विस्तार र सिंचाइ जस्ता पूर्वाधार विकासका कार्यक्रमहरू त्यस दिशातर्फका अन्य निर्णय हुन सक्छन्। राजनैतिक सरोकारका विषयहरूलाई सम्बोधन नगरी जनतालाई आर्थिक प्याकेज दिएर किन्ने काम गर्नुहुँदैन, तर यस्ता कदमहरू एकसाथ चालिएमा मधेसीका मागलाई सम्बोधन गर्न सकिनेछ। यसबाट देखिनेगरी नै पहाडेहरूको प्रभुत्व हट्नेछ र अहिलेसम्मै आन्दोलनरत समूहहरूसँग वार्ता गर्ने वातावरण बनाउन सकिन्छ।

## ग) काठमाडौंको सोचाइ परिवर्तन

तराईको समस्यालाई अरू कुराबाट अलग्याएर हेर्न सकिंदैन। मधेस यसको वरपरका क्षेत्रबाट प्रभावित नहुने कुनै छुट्टै भौगोलिक क्षेत्र होइन। न त यसको राजनीति क्षेत्रीयतामै सीमित हो। मधेसीहरूका मागहरूबारे गौर गर्नका लागि सबैभन्दा पहिला काठमाडौंको धारणा र नीतिमा परिवर्तन आउन जरुरी छ। मधेसका मुद्दाहरूको हल खोज्दा राष्ट्रिय परिप्रेक्ष्यमा खोजिनुपर्छ। तराईमा जुन कारणहरूले गर्दा धेरैजसो कठिनाइहरू उत्पन्न भएका छन् तिनै कारणले पहाडलाई पनि अस्थिर बनाउन सक्दछन्। माग पूरा गर्न बारम्बार प्रतिबद्धता जाहेर गरे पनि (गिरिजाप्रसाद कोइरालाले २२ नोभेम्बर २००७ मा चुनाव हुने घोषणा गर्दाखेरि व्यक्त प्रतिबद्धतासमेत)[३०७] नेताहरू यसपालि भने गम्भीर भएका छन् भनेर आन्दोलनकारीहरूले पत्याउने खालका त्यस्तो कुनै सङ्केत देखिएको छैन।

आधारभूत कुरामा सहमति भए पनि तिनलाई क्रममा राख्ने कुरा जटिल छ। व्यवस्थापन राम्रो गरेमा बिगार गर्न खोज्नेहरूलाई अप्ठ्यारो पर्छ। अहिले देखिएको कानुनविहीनताको अवस्था धेरै हदसम्म राजनीतिक अस्थिरताले उत्पन्न गराएको हो। चुनावको कार्यक्रम, अघि बढ्ने गतिशीलता र दृढ अन्तर्राष्ट्रिय समर्थनले अहिलेको परिस्थितिलाई पर्लक्कै पल्टाउन सक्छ। यसले साना गुटहरूलाई प्रक्रिया बिथोल्न गाह्रो बनाउँछ र उनीहरू नाकका चालले ठाउँमा आउनेछन्। फोरमले अरू पार्टीहरूसँगै चुनाव लडेमा ज.त.मु.मो.का गुटहरूले आफनो समर्थनका बदलामा बलिया नीतिगत अडान र पुनःस्थापनाको ग्यारेन्टीको बदलामा आफ्नो समर्थन दिन सक्नेछन्। यस प्रकारले अहिलेको तनावलाई साम्य पार्ने जिम्मेवारी राष्ट्रिय नेताहरूमा छ।

आठै दलले एक भएरै चुनावमा होमिने सङ्कल्प प्रदर्शन गरेमा त्यो आन्दोलनकारीलाई वार्ताको टेबुलमा ल्याउने सबैभन्दा राम्रो उपाय हुन सक्छ। तर चुनावी तयारीको साथसाथै आन्दोलनकारीहरूलाई वार्तामा ल्याउने गम्भीर तयारी पनि हुनुपर्छ। सुरुदेखि नै विरोध बेहोर्नुपरेमा संविधानसभाको विश्वसनीयता घट्नेछ, सबै पक्षको समर्थन पाउन सक्नेछैन र विभिन्न राजनीति शक्तिहरूलाई यसका निर्णयहरूप्रति औंला ठड्याउन प्रोत्साहित गर्नेछ।

---

[३०६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, राजीव झा, जनकपुर, २९ मे २००७।

[३०७] "Dissenting groups' demands will be fulfilled before polls, assures PM", ekantipur.com, २५ जून २००७।

## ८. निष्कर्ष

निर्वाचनका लागि गरिएका सम्झौताले सम्पूर्ण राजनैतिक हिंसाको अन्त्य गर्छ भन्ने ग्यारेन्टी छैन। सशस्त्र समूहहरूको दृढ उपस्थिति, माओवादीहरूको सडक आन्दोलनमा उत्रने तथा सैन्यशक्ति पुनः प्राप्त गर्ने दुईमुखे व्यवहार र फोरमद्वारा बेलाबखत गरिने हिंसात्मक कार्य र यसका प्रतिद्वन्द्वीहरूले जनाउने प्रतिक्रिया आदि सबै शान्तिका लागि खतरा हुन्। नयाँ उत्पन्न हुने गठबन्धनले बिस्तारै स्थिर आकार ग्रहण गर्ला, विशेष गरेर माओवादी र मधेसी कार्यकर्ताको शत्रुतापूर्ण सम्बन्धले अशान्ति हुन सक्ने कुराको सङ्केत गर्छ। जनवरी-फेब्रुअरीको जस्तो दह्रो आन्दोलन फेरि चलाउनु कुनै पनि समूहलाई गाह्रो पर्ला। तर स्थानीय स्तरमा अनेक बखेडा सजिलै उत्पन्न गर्न सकिन्छ र मतदाताहरूलाई तर्साउने तथा चुनावलाई बिथोल्ने उपाय पनि गर्न सकिन्छ। एकदमै शान्तिपूर्ण वातावरणमा आदर्शमय चुनाव हुने सम्भावना नभए पनि काठमाडौंले एक ढिको भएर बुद्धिमतापूर्ण सन्तुलित र दृढनिश्चयी व्यवहार गरेमा गतिलो नतिजा प्राप्त गर्न सकिन्छ।

अन्तर्राष्ट्रिय जगत्को पनि भूमिका छ र उसले त्यो भूमिका निर्वाह गर्ने छाँट पनि देखाएको छ। भारतले चुनाव सफल बनाउनका लागि सबै दलहरूमाथि दबाब दिन सक्छ। काठमाडौंलाई आफ्नो वचन पूरा गराउनका लागि दबाब दिनुका अलावा कडा सुरक्षा उपाय अपनाएर (सीमापारि शरण लिइरहेका सशस्त्र समूहहरूलाई ठेगानमा ल्याएर तथा नेपाल सरकारको निगरानी क्षमतालाई बलियो बनाएर), उनीहरूलाई नैतिक समर्थन नदिने धम्की दिएर, आन्दोलनकारी-हरूलाई दिल्लीबाहिर लेखेटर तथा आर्थिक सहयोग जुटाउनेहरूलाई निचोरेर सहयोग पुर्‍याउन सक्छ। अरू सबै बाह्य सहयोगीहरूले शान्ति प्रयासलाई सघाएर (बृहत् शान्ति सम्झौताको परिपालना लगायत) एकपक्षीय सिद्धान्तको राजनीतिमा नलागी प्रक्रियागत सम्मान गरेर तथा अघि बढेका हरेक कदमलाई सार्वजनिक रूपले समर्थन गरेर नेपाललाई टेवा दिन सक्छन्। असुरक्षाका कारण चुनाव हुन सक्दैन भन्ने चेतावनीले खतरा निम्त्याउन सक्छ। नेपालका मित्रहरूले सम्भावित खतराबारे चासो देखाउनु उचित होला, तर त्यसो गर्दा समग्र शान्ति प्रक्रियालाई भत्काउन चाहनेहरूको गोटी नहुनका लागि सावधान हुन आवश्यक छ।


समस्यालाई तत्कालै समाधान गर्नु वा कुनै आदर्श समाधान निकाल्नु सम्भव छैन। प्रतिनिधित्वबारे उठेको मागको समाधान गर्नु र राष्ट्रको पुनर्निर्माण गर्नु गाह्रो काम हो। यी विषय चुनावपछि पनि धेरै लामो समयसम्म तन्किरहन सक्नेछन्। जातजाति र क्षेत्रगत आधारमा गरिने जनपरिचालन राजनीतिक परिदृश्यको दीर्घकालीन विशेषता रहनेछन्। पहिचानमा आधारित मागहरूलाई शान्तिपूर्ण तरिकाले पूरा गर्ने साधन लचिलो संवैधानिक संरचना र दह्रो चुनावी प्रतिस्पर्धा हुन सक्छन् भन्ने कुरा भारतको उदाहरणले देखाएको छ। नेपालको समस्या भारतको जस्तो छैन र नेपालमा पनि भारतकै जस्तो राजनीतिक संरचना हुनुपर्छ भन्ने छैन। तर भारतमा भन्दा अझ राम्रो गर्नलाई राज्यलाई अझ बढी समावेशी बनाउने बाटोमा लाग्नैपर्छ।

संविधानसभाको चुनाव भइहालेको खण्डमा पनि संविधानसभाले जन्माउने बहस र नयाँ हुने राजनीतिक गठबन्धनहरूले दीर्घकालीन समाधानतर्फको प्रगतिलाई असर पार्न सक्छ।

धेरै मधेसीहरू कुनै न कुनै बेलामा फेरि आन्दोलन गर्नुपर्छ भन्ने सोचाइ राख्छन्। उनीहरूको त्यो सोचाइ सही हुन पनि सक्छ : सन् १९५० को क्रान्तिदेखि सन् १९९० को जनआन्दोलनसम्मको नेपालको राजनीतिक इतिहासले के देखाएको छ भने मूलभूत परिवर्तनको सामु संस्थागत र राजनीतिक अड्चन आउँछन् र एकै पटकमा परिवर्तन ल्याउन कहिल्यै सम्भव भएको छैन। अधीर कार्यकर्ताहरूका लागि यो निराशाजनक अवस्था हो, तर तुरुन्तै अराजकताको स्थिति आइहाल्नेभन्दा त्यस्तो उकुसमुकुसले क्रमिक रूपमा बिस्तारै निकास पाउँदै जाने (कहिलेकाहीं हिंसात्मक नै भए पनि) सम्भावना नै बढी छ। परिवर्तनको प्रक्रियालाई व्यवस्थित पार्नलाई चाहिने संयम, विवेक र फराकिलो दृष्टि प्राप्त गर्न राजनीतिक नेताहरूले झनै ठूलो परिश्रम गर्नुपर्नेछ।

**काठमाडौं/ब्रसेल्स, ९ जुलाई २००७**

# अनुसूची क
# नेपालको नक्सा




Map No. 4304 UNITED NATIONS
January 2007 (Colour)

Department of Peacekeeping Operations
Cartographic Section

# अनुसूची ख
# सङ्क्षेपीकृत नामहरू

| | |
|---|---|
| अनमिन | संयुक्त राष्ट्र मिसन |
| एमाले | नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) |
| क्रा.म.मो. | क्रान्तिकारी मधेसी मोर्चा |
| चु.भा.ए.स. | चुरे भावर एकता समाज |
| ज.त.मु.मो. | जनतान्त्रिक तराई मुक्ति मोर्चा (दुई गुट : ज्वालासिंह र गोइत) |
| नेका | नेपाली काङ्ग्रेस |
| नेका(प्र.) | नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) |
| फोरम | मधेसी जनअधिकार फोरम |
| भा.ज.पा. | भारतीय जनता पार्टी |
| म.रा.मु.मो. | मधेसी राष्ट्रिय मुक्ति मोर्चा (माओवादी मोर्चा) |
| माओवादी | नेपाल कम्युनिस्ट पार्टी (माओवादी) |
| रा.स.स. | राष्ट्रिय स्वयंसेवक सङ्घ |
| सद्भावना पार्टी | नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) |

# अनुसूची ग
# मधेसका मुख्य घटनाहरू

| | |
|---|---|
| सन् १९५१ | वेदानन्द झाको नेतृत्वमा नेपाल तराई काङ्ग्रेसको स्थापना। |
| १९५२ | पहिलो नागरिकता ऐनको सुरुआत। |
| १९५७ | नेपाली भाषालाई पठनपाठनको माध्यम बनाएपछि तराईमा विरोध। |
| १९५९ | प्रथम प्रजातान्त्रिक निर्वाचनमा नेपाली काङ्ग्रेसको विजय। तराई काङ्ग्रेसले एक सिट पनि जितेन। |
| १९६४ | पञ्चायती संविधानको आधारमा सन् १९६२ मा बनाइएको नागरिकता ऐनले मधेसीहरूलाई नागरिकता प्राप्त गर्न गाह्रो बनायो। |
| १९७९ | राजा वीरेन्द्रबाट पञ्चायती व्यवस्थाबारे जनमत सङ्ग्रहको आयोजना। तराईका जिल्लाहरुमा बहुदलीय व्यवस्थाको पक्षमा व्यापक समर्थन। |
| १९८३ | मधेसी मुद्दालाई उठाउन गजेन्द्रनारायण सिंहको अध्यक्षतामा नेपाल सद्भावना परिषद्को गठन। |
| १९९० | जनआन्दोलनद्वारा पञ्चायती व्यवस्थाको अन्त्य। नयाँ संविधान जारी। नेपाल सद्भावना परिषद् निर्वाचन लड्न दलका रूपमा दर्ता। तापनि परिषद्द्वारा संविधानसभाको माग कायम। |
| १९९४ | नागरिकताबारे सरकारद्वारा धनपति आयोग गठन। |
| १९९६ | माओवादीहरूको विद्रोह प्रारम्भ। |
| १९९७ | सबै दलमा संलग्न बौद्धिकहरूको साझा मञ्चका रूपमा मधेसी जनअधिकार फोरम (म.ज.फो.) को विराटनगरमा स्थापना। |
| २००० | माओवादीद्वारा जयकृष्ण गोइतको नेतृत्वमा सिलीगुडीमा मधेसी राष्ट्रिय मुक्ति मोर्चा (म.रा.मु.मो.) को गठन। |
| २००४ | मातृका यादव म.रा.मु.मो.को प्रमुखमा मनोनित। गोइतद्वारा त्यसबाट अलग्गिएर जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज.त.मु.मो.) को गठन। |

**सन् २००६**

| | |
|---|---|
| २४ अप्रिल | १९ दिनसम्म चलेको जनआन्दोलनपछि राजाद्वारा संसद पुनःस्थापनाको घोषणा। |
| १८ मे | संसदको घोषणाद्वारा राजाका अधिकार कटौती। नेपाल धर्मनिरपेक्ष राज्य भएको घोषणा। हिन्दू सङ्गठनहरूद्वारा (विशेषगरी तराईमा) विरोध प्रदर्शन। |
| १७ जुलाई | मातृका यादवद्वारा ज.त.मु.मो. विरुद्ध युद्धको घोषणा। |
| अगस्त-अक्टोबर | ज.त.मु.मो.द्वारा ज्वाला सिंह निष्कासित। सिंहद्वारा आफ्नै समूहको गठन। ज.त.मु.मो. (दुवै गुट) द्वारा आयोजना गरिएका बन्द-हडतालले तराईको सामान्य जनजीवन प्रभावित। माओवादी र ज.त.मु.मो. गुटहरूबीच आपसी भिडन्तहरू। |
| २३ सेप्टेम्बर | ज.त.मु.मो. (गोइत) कार्यकर्ताहरूद्वारा रा.प्र.पा. सांसद कृष्णचरण श्रेष्ठको गोली हानी हत्या। |
| २२ अक्टोबर | ज.त.मु.मो. (गोइत) द्वारा सरकारसँग वार्ता गर्ने चाहना व्यक्त। सरकारले सैद्धान्तिक सहमति (२६ अक्टोबर) जनाए पनि सम्झौता निम्ति कुनै कदम नचालेको। |
| २६ नोभेम्बर | नागरिकता ऐन संशोधन गरी मधेसीलाई नागरिकताको प्रमाणपत्र प्राप्त गर्न र तत्सम्बन्धी अधिकार उपभोग गर्न सहज बनाइयो। |

| | |
|---|---|
| १६ डिसेम्बर | नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले अन्तरिम संविधानका निर्वाचन पद्धतिसम्बन्धी प्रावधानहरू तथा सङ्घीयताबारे संविधानको मौनताप्रति असहमति जनायो। (ज.त.मु.मो.) ज्वाला सिंह गुटले मधेसीबाहेकका ड्राइभरलाई तराईका सडकमा सवारी चलाउन पन्ध्र दिनका लागि रोक लगायो। |
| २६ डिसेम्बर | ने.स.पा. (आनन्दीदेवी) को नेपालगन्जको विरोध कार्यक्रम हिंसात्मक बन्न पुग्यो। पहाडे-मधेसीबीचको भिडन्तमा साम्प्रदायिक रङ। प्रहरीमाथि मधेसी विरोधी भएको दोष लाग्यो। सरकारले त्यसको छानबिनका लागि आयोग गठन गर्‍यो (२७ डिसेम्बर)। |
| ३० डिसेम्बर | प्रधानमन्त्री कोइरालाबाट वार्ताद्वारा तराईका समस्या समाधान गर्ने इच्छा प्रकट। राष्ट्रसङ्घका महासचिवका विशेष प्रतिनिधि इयान मार्टिनद्वारा पूर्वी तराईका हिंसात्मक गतिविधिमा सरोकार रहेको अभिव्यक्ति प्रकट। |

**सन् २००७**

| | |
|---|---|
| ६ जनवरी | ज.त.मु.मो. (ज्वालासिंह) द्वारा राष्ट्रसङ्घका प्रतिनिधिको मध्यस्थतामा वार्ता गर्न तत्पर भएको विचार व्यक्त। |
| १२ जनवरी | ज.त.मु.मो. (गोइत) समूहद्वारा तीनदिने तराई बन्दको आह्वान। |
| १६ जनवरी | मधेस जनअधिकार फोरमद्वारा अन्तरिम संविधान जारी गरिएको विरोधमा तराईमा आम हडतालको घोषणा। संविधान जलाउँदा मोर्चाका नेताहरू काठमाडौंमा गिरफ्तार। |
| १९ जनवरी | माओवादी र म.ज.फो.का कार्यकताबीच लहानमा भिडन्त। विद्यार्थी सुरेशकुमार महतोको हत्या। |
| २० जनवरी | माओवादी कार्यकर्ताद्वारा महतोको लास कब्जा गरी सदगत। लहानमा कर्फ्यु जारी। |
| २१ जनवरी-७ फेब्रुअरी | सरकार र माओवादी विरुद्ध पूर्वी तराईमा आन्दोलन तीव्र। आन्दोलनप्रति जनसमर्थनमा वृद्धि, कर्फ्यु उल्लङ्घन, आन्दोलनकारी र प्रहरीबीच भिडन्त। सरकारी कार्यालयहरूमा आक्रमण। लगभग ४० व्यक्तिको मृत्यु। माओवादीद्वारा सामन्ती तत्त्व र दरबारियाहरूले विरोध चर्काउन र वार्ता अस्वीकार गर्न लगाएको दोषारोपण। |
| २९ जनवरी | नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का मन्त्री हृदयेश त्रिपाठीद्वारा सरकारबाट राजीनामा। सरकारद्वारा पूर्व राजावादी मन्त्रीहरूलाई हिंसा भड्काएको आरोपमा गिरफ्तार। |
| ३१ जनवरी | प्रधानमन्त्री कोइरालाद्वारा नेपाल टेलिभिजनबाट सम्बोधन। वार्ताका निम्ति प्रधानमन्त्रीको आग्रह। प्रदर्शनकारीद्वारा अस्वीकार। |
| २ फेब्रुअरी | सरकारद्वारा महन्त ठाकुरको संयोजकत्वमा आन्दोलनकारी पक्षहरूसँग वार्ता गर्न समिति गठन। |
| ७ फेब्रुअरी | प्रधानमन्त्री कोइरालाद्वारा दोस्रो पटक सम्बोधन। देशमा सङ्घीयता सुरु गर्न सरकार सहमत। संविधानसभाका आधा सिट मधेसलाई दिन राजी। |
| ८ फेब्रुअरी | मधेसी जनअधिकार फोरमद्वारा सजगतापूर्वक प्रधानमन्त्रीको घोषणाको स्वागत। दस दिनका लागि विरोध कार्यक्रम स्थगित र वार्ताका लागि निम्न पूर्वशर्तहरू प्रस्तुत — गृहमन्त्रीको राजीनामा, आन्दोलनमा मारिएकाहरूलाई शहीद घोषणा र आन्दोलनमा भएका अत्याचारको जाँचबुझ गर्न मधेसीले नेतृत्व गरेका स्वतन्त्र आयोगको गठन। |
| ११ फेब्रुअरी | मधेसी सांसदहरूद्वारा अन्तरिम संविधानको अविलम्ब संशोधनको माग। |
| १३ फेब्रुअरी | ज.त.मु.मो. (ज्वाला सिंह) अविलम्ब हिंसा रोकी वार्ता गर्न तयार। ज.त.मु.मो. (जयकृष्ण गोइत) द्वारा वार्ता प्रस्ताव अस्वीकार (१४ फरवरी) |
| १५ फेब्रुअरी | गृहमन्त्री सिटौलाद्वारा तराई अशान्तिमा भएका गल्तीहरूका निम्ति माफी। राजीनामा गर्न अस्वीकार। |
| १९ फेब्रुअरी | सरकार वार्ताको वातावरण बनाउन असफल भएको आरोप लगाउँदै म.ज. फोरमद्वारा आन्दोलन पुनः चालु ज.त.मु.मो. (गोइत) द्वारा तीन दिन तराई बन्दको आह्वान (२१ फेब्रुअरी) |
| २२ फेब्रुअरी | ठाकुर आयोगद्वारा ज.त.मु.मो.माथि लागेका सम्पूर्ण आरोपहरू फिर्ता लिएर वार्ताको वातावरण बनाउन आग्रह। |
| १ मार्च | मधेसी टाइगरद्वारा ससरीमा ११ जनाको अपहरण। |
| ४ मार्च | सरकारमाथि वार्ता गर्न नचाहेको आरोप लगाउँदै ज.त.मु.मो. (ज्वाला सिंह) द्वारा सशस्त्र सङ्घर्ष पुनः सुरु। |

| | |
|---|---|
| ९ मार्च | विधायिकाद्वारा अन्तरिम संविधान संशोधन गरी निर्वाचन क्षेत्रको पुनरावलोकन र सङ्ख्यात्मकतालाई ग्यारेन्टी गर्न निर्वाचन क्षेत्र निर्धारण अयोगको गठन। |
| २१ मार्च | मधेसी जनअधिकार फोरम र माओवादीबीच गौरमा मुठभेड। २७ माओवादीको मृत्यु र दर्जनौं घाइते। कर्फ्यु जारी। सरकारद्वारा १५ दिनभित्र जाँचबुझ गरी प्रतिवेदन पेस गर्न समिति गठन (२३ मार्च)। रौतहट, सिरहा, झापा र मोरङमा मधेसी जनअधिकार फोरमको प्रदर्शनमाथि प्रतिबन्ध (२४ मार्च) |
| ११ अप्रिल | शान्ति तथा पुनर्निर्माण मन्त्री रामचन्द्र पौडेलद्वारा मधेसी फोरम र जनतान्त्रिक तराई मुक्ति मोर्चालाई वार्ताका निम्ति आह्वान। |
| १८ अप्रिल | मधेसी सांसदहरूद्वारा निर्वाचन क्षेत्र निर्धारण आयोगको सुझाउ अस्वीकार। ताजा जनगणनाको माग गर्दै अन्तरिम संसदको कारबाहीमाथि एक महिनासम्म अवरोध। |
| २० अप्रिल | मानवअधिकारसम्बन्धी संयुक्त राष्ट्रको उच्च आयोगको कार्यालयको अनुसन्धानमा स्थानीय सरकारी निकाय, मधेसी जनअधिकार फोरम र माओवादीलाई गौर आमहत्यामा जिम्मेवार भएको ठहर। |
| २६ अप्रिल | मधेसी जनअधिकार फोरमद्वारा निर्वाचन आयोगमा राजनीतिक दलका रूपमा दर्ता गरी पाउन दर्खास्त। |
| १० मे | रामचन्द्र पौडेलद्वारा मधेसी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवसँग वीरगन्जमा भेटघाट। |
| १३ मे | जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) द्वारा ज.त.मु.मो. (ज्वाला सिंह) का रौतहट सभापतिको हत्या। प्रतिशोधमा ज.त.मु.मो. (ज्वाला सिंह) गुटद्वारा ज.त.मु.मो. गोइत गुटका दुई कार्यकर्ताको हत्या। |
| २५ मे | मन्त्रिपरिषद्द्वारा मधेस विद्रोहमा भएका हत्याबारे छानबिन गर्न जाँचबुझ आयोग गठन। |
| १ जून | सरकार-मधेसी जनअधिकार फोरमबीच जनकपुरमा वार्ता। फोरमद्वारा २६ माग प्रस्तुत। |
| ८ जून | सद्भावना पार्टीको अलग्गिएको समूह नेसपा (आनन्दीदेवी) मा विलय। |
| १३ जून | रूपन्देहीमा मधेसी जनअधिकार फोरमसँगको भिडन्तमा दुई माओवादीको हत्या। |
| २२ जून | मातृका यादव र प्रभुबीचको मतभिन्नतापछि मधेसी राष्ट्रिय मुक्ति मोर्चाको केन्द्रीय समिति भङ्ग। रामकुमारी यादव नयाँ तदर्थ समितिको संयोजकमा मनोनित। प्रचण्डद्वारा पूर्वी तराईको जिम्मेवरी ग्रहण। |
| २४ जून | सरकारद्वारा मङ्सिर ९ गते संविधानसभाको निर्वाचन हुने घोषणा। पुरानो प्रतिवेदन पुनरावलोकन गर्नलाई निर्वाचन क्षेत्र निर्धारण आयोगको म्याद २१ दिन थप। |

# अनुसूची घ
# इन्टरन्यासनल क्राइसिस ग्रुपको परिचय

इन्टरन्यासनल क्राइसिस ग्रुप (क्राइसिस ग्रुप) स्वतन्त्र, गैरनाफामुखी गैरसरकारी संस्था हो। पाँचओटै महादेशमा यसका झन्डै १२० कर्मचारीहरू कार्यरत छन् । यस संस्थाले स्थलगत अनुसन्धानमा आधारित विश्लेषण तथा उच्चस्तरमा पैरवी गरेर द्वन्द्व रोक्ने र द्वन्द्व समाधान गर्ने प्रयास गर्दछ।

क्राइसिस ग्रुपको काम गर्ने मुख्य आधार स्थलगत अनुसन्धान हो। आकस्मिक रूपले हिंसा भड्कन सक्ने, द्वन्द्व चर्कन सक्ने वा द्वन्द्वको पुनरावृति हुन सक्ने खतरा भएका देशभित्रै अथवा यस्ता देशका नजिकका छिमेकी मुलुकहरूमा रहेर क्राइसिस ग्रुपका राजनीतिक विश्लेषकहरूको समूहले काम गर्दछ। स्थलगत अनुसन्धानबाट प्राप्त सूचना र मूल्याङ्कनका आधारमा क्राइसिस ग्रुपले प्रमुख अन्तर्राष्ट्रिय निर्णयकर्ताहरूसमक्ष पेस गर्न व्यावहारिक सुझाउसहितको विश्लेषणात्मक प्रतिवेदन तयार पार्छ । क्राइसिस ग्रुपले १२ पृष्ठको *क्राइसिस वाच* नामको मासिक बुलेटिन पनि प्रकाशन गर्छ । यस बुलेटिनले संसारभरिका द्वन्द्व चलिरहेका र द्वन्द्व हुन सक्ने ठाउँहरूमा के भइरहेछ त्यसबारे ताजा जानकारी गराउँछ।

क्राइसिस ग्रुपले तयार पारेको प्रतिवेदन र सूचना इमेलमार्फत सम्बन्धित सबैलाई वितरण गरिन्छ । अनि मुद्रित रूपमा परराष्ट्र मन्त्रालयका अधिकारीहरू तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूलाई पठाउने गरिन्छ। त्यसबाहेक ती सामग्री क्राइसिस ग्रुपको वेबसाइट www.crisisgroup.org मा पनि उपलब्ध गराइन्छ। क्राइसिस ग्रुपले आफ्ना विश्लेषणहरूतर्फ ध्यान आकर्षण गराउन र आफ्ना सुझाउहरूप्रति समर्थन जुटाउन सरकार र सरकारलाई प्रभाव पार्न सक्ने व्यक्ति, सङ्घसंस्था तथा सञ्चार जगत्सँग मिलेर काम गर्छ।

सञ्चार जगत्, राजनीति, कूटनीति र व्यापारिक क्षेत्रका प्रतिष्ठित व्यक्तिहरू रहेको क्राइसिस ग्रुपको बोर्डले क्राइसिस ग्रुपको सुझाउ र प्रतिवेदनलाई संसारभरिकै उच्च तहका नीतिनिर्माताहरूसमक्ष पुऱ्याउन प्रत्यक्ष सहयोग गर्छ। क्राइसिस ग्रुपको सहअध्यक्षमा श्री युरोपेली सङ्घका परराष्ट्र मामिलाका पूर्व आयुक्त क्रिष्टोफर प्याटन र पूर्व अमेरिकी राजदुत टमस पिकरिङ हुनुहुन्छ। सन् २००० को जनवरीदेखि क्राइसिस ग्रुपको अध्यक्ष तथा कार्यकारी प्रमुखमा अस्ट्रेलियाका पूर्व विदेशमन्त्री गारेथ एभान्स रहनुभएको छ।

क्राइसिस ग्रुपको अन्तर्राष्ट्रिय मुख्यालय ब्रसेल्समा छ। आफ्ना पैरवीसम्बन्धी कामहरूलाई अघि बढाउन यसका कार्यालयहरू वासिङ्टन डीसी (जहाँ यसको दर्ता भएको छ), न्युयोर्क, लन्डन र मस्कोमा स्थापित गरिएका छन्। स्थलगत अनुसन्धानका लागि यस संस्थाका १४ ओटा कार्यालयहरू अम्मान, विस्केक, बोगोटा, कायरो, डाकार, दुसान्वे, इस्लामावाद, जर्कार्ता, काबुल, काठमाडौं, नैरोबी, प्रिस्टिना, सोल र तिबलिसी रहेका छन् र चारओटा महादेशका ५० भन्दा बढी सङ्कटग्रस्त देश र क्षेत्रमा यसका विश्लेषकहरू हाल कार्यरत छन्। यीमध्ये अफ्रिकामा अङ्गोला, बुरुन्डी, कोट डे आइभर, प्रजातान्त्रिक गणतन्त्र कंगो, इरिट्रिया, इथियोपिया, गिनी, लाइबेरिया, रुवान्डा, साहेल क्षेत्र, सियरा लिओन, सोमालिया, सुडान, युगान्डा र जिम्बाबेमा, तथा एसियामा अफगानिस्तान, इन्डोनेसिया, कश्मीर, कजाखस्तान, कीर्गिजिस्थान, म्यानम (बर्मा), नेपाल, उत्तर कोरिया, पाकिस्तान, श्रीलङ्का, ताजिकिस्तान, तुर्कमेनिस्तान र उज्वेकिस्तान तथा युरोपमा अल्बेनिया, अरमेनिया, अजरवैजान, बोस्निया हर्जगोभिना, जर्जिया, कोसोभो, मोल्दोभा, भाल्डोमा, मन्टेनेग्रो र सर्बिया तथा पश्चिम एसियामा उत्तर अफ्रिकादेखि इरानसम्मको सम्पूर्ण क्षेत्र अनि ल्याटिन अमेरिकामा कोलम्बिया एन्डियन क्षेत्र र हाइटीमा पर्दछन्।

क्राइसिस ग्रुपले सरकार, परोपकारी गुठी र सङ्घसंस्था र व्यक्तिगत चन्दादाताहरूबाट आफ्नो कोषमा रकम जुटाँउछ । हाल विभिन्न देशका निम्न सरकारी निकाय एवं संस्थाहरूले रकम उपलब्ध गराउँछन्: अस्ट्रेलियाको अन्तर्राष्ट्रिय विकास एजेन्सी (एएआईडी), अस्ट्रियाको परराष्ट्र मन्त्रालय, बेल्जियमको परराष्ट्र मन्त्रालय, क्यानेडेली वैदेशिक व्यापार तथा विदेश मामिला विभाग, क्यानेडेली अन्तर्राष्ट्रिय विकास एजेन्सी, क्यानाडेली अन्तर्राष्ट्रिय विकास अनुसन्धान केन्द्र, चेक परराष्ट्र मन्त्रालय, हल्यान्डको परराष्ट्र मन्त्रालय, फिनल्यान्डको परराष्ट्र मन्त्रालय, फ्रान्सेली परराष्ट्र मन्त्रालय, जर्मन विदेश विभाग, आयरल्यान्डको वैदेशिक मामिला विभाग, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) लिक्टेनस्टाइनको परराष्ट्र मन्त्रालय, लक्जेम्बर्गको परराष्ट्र मन्त्रालय, न्युजिल्यान्ड अन्तर्राष्ट्रिय विकास एजेन्सी, शाही डेनिस परराष्ट्र मन्त्रालय, शाही नर्वेली परराष्ट्र मन्त्रालय, स्वीडेनको परराष्ट्र मन्त्रालय, स्वीस सङ्घीय परराष्ट्र विभाग, टर्कीको परराष्ट्र मन्त्रालय, संयुक्त अधिराज्यको विदेश तथा कमनवेल्थ विभाग, बेलायती अन्तर्राष्ट्रिय विकास विभाग र अमेरिकी सहयोग संस्था (युएसएड) छन्।

गुठी र निजी क्षेत्रका दाताहरूमा Carnegie Corporation of New York, Carso Foundation, Compton Foundation, Ford Foundation, Fundación DARA Internacional, Iara Lee and George Gund III Foundation, William & Flora Hewlett Foundation, Hunt Alternatives Fund, Kimsey Foundation, Korea Foundation, John D. & Catherine T. MacArthur Foundation, Charles Stewart Mott Foundation, Open Society Institute, Pierre and Pamela Omidyar Fund, Victor Pinchuk Foundation, Ploughshares Fund, Provictimis Foundation, Radcliffe Foundation, Sigrid Rausing Trust, Rockefeller Philanthropy Advisors and Viva Trust छन्।

# अनुसूची ङ
# क्राइसिस ग्रुपले सन् २००४ देखि तयार पारेका एसियासम्बन्धी प्रतिवेदन र जानकारीहरू

## CENTRAL ASIA

***The Failure of Reform in Uzbekistan: Ways Forward for the International Community***, Asia Report N°76, 11 March 2004 (also available in Russian)

***Tajikistan's Politics: Confrontation or Consolidation?***, Asia Briefing Nº33, 19 May 2004

***Political Transition in Kyrgyzstan: Problems and Prospects***, Asia Report N°81, 11 August 2004

***Repression and Regression in Turkmenistan: A New International Strategy***, Asia Report N°85, 4 November 2004 (also available in Russian)

***The Curse of Cotton: Central Asia's Destructive Monoculture***, Asia Report N°93, 28 February 2005 (also available in Russian)

***Kyrgyzstan: After the Revolution***, Asia Report N°97, 4 May 2005 (also available in Russian)

***Uzbekistan: The Andijon Uprising***, Asia Briefing N°38, 25 May 2005 (also available in Russian)

***Kyrgyzstan: A Faltering State***, Asia Report N°109, 16 December 2005 (also available in Russian)

***Uzbekistan: In for the Long Haul***, Asia Briefing N°45, 16 February 2006

***Central Asia: What Role for the European Union?***, Asia Report N°113, 10 April 2006

***Kyrgyzstan's Prison System Nightmare***, Asia Report N°118, 16 August 2006 (also available in Russian)

***Uzbekistan: Europe's Sanctions Matter,*** Asia Briefing N°54, 6 November 2006

***Kyrgyzstan on the Edge,*** Asia Briefing N°55, 9 November 2006

***Turkmenistan after Niyazov***, Asia Briefing N°60, 12 February 2007

## NORTH EAST ASIA

***Taiwan Strait IV: How an Ultimate Political Settlement Might Look***, Asia Report N°75, 26 February 2004

***North Korea: Where Next for the Nuclear Talks?***, Asia Report N°87, 15 November 2004 (also available in Korean and in Russian)

***Korea Backgrounder: How the South Views its Brother from Another Planet***, Asia Report N°89, 14 December 2004 (also available in Korean and in Russian)

***North Korea: Can the Iron Fist Accept the Invisible Hand?***, Asia Report N°96, 25 April 2005 (also available in Korean and in Russian)

***Japan and North Korea: Bones of Contention***, Asia Report Nº100, 27 June 2005 (also available in Korean)

***China and Taiwan: Uneasy Détente***, Asia Briefing N°42, 21 September 2005

***North East Asia's Undercurrents of Conflict***, Asia Report N°108, 15 December 2005 (also available in Korean)

***China and North Korea: Comrades Forever?***, Asia Report N°112, 1 February 2006 (also available in Korean)

***After North Korea's Missile Launch: Are the Nuclear Talks Dead?***, Asia Briefing N°52, 9 August 2006 (also available in Korean and in Russian)

***Perilous Journeys: The Plight of North Koreans in China and Beyond***, Asia Report N°122, 26 October 2006 (also available in Russian)

***North Korea's Nuclear Test: The Fallout***, Crisis Group Asia Briefing N°56, 13 November 2006

## SOUTH ASIA

***Unfulfilled Promises: Pakistan's Failure to Tackle Extremism***, Asia Report N°73, 16 January 2004

***Nepal: Dangerous Plans for Village Militias***, Asia Briefing Nº30, 17 February 2004 (also available in Nepali)

***Devolution in Pakistan: Reform or Regression?***, Asia Report N°77, 22 March 2004

***Elections and Security in Afghanistan***, Asia Briefing Nº31, 30 March 2004

***India/Pakistan Relations and Kashmir: Steps toward Peace***, Asia Report Nº79, 24 June 2004

***Pakistan: Reforming the Education Sector***, Asia Report N°84, 7 October 2004

***Building Judicial Independence in Pakistan***, Asia Report N°86, 10 November 2004

***Afghanistan: From Presidential to Parliamentary Elections***, Asia Report N°88, 23 November 2004

***Nepal's Royal Coup: Making a Bad Situation Worse***, Asia Report N°91, 9 February 2005

***Afghanistan: Getting Disarmament Back on Track***, Asia Briefing N°35, 23 February 2005

***Nepal: Responding to the Royal Coup***, Asia Briefing N°35, 24 February 2005

***Nepal: Dealing with a Human Rights Crisis***, Asia Report N°94, 24 March 2005

***The State of Sectarianism in Pakistan***, Asia Report N°95, 18 April 2005

***Political Parties in Afghanistan***, Asia Briefing N°39, 2 June 2005

***Towards a Lasting Peace in Nepal: The Constitutional Issues***, Asia Report N°99, 15 June 2005

***Afghanistan Elections: Endgame or New Beginning?***, Asia Report N°101, 21 July 2005

***Nepal: Beyond Royal Rule***, Asia Briefing N°41, 15 September 2005

***Authoritarianism and Political Party Reform in Pakistan***¸ Asia Report N°102, 28 September 2005

***Nepal's Maoists: Their Aims, Structure and Strategy***, Asia Report N°104, 27 October 2005

***Pakistan's Local Polls: Shoring Up Military Rule***, Asia Briefing N°43, 22 November 2005

***Nepal's New Alliance: The Mainstream Parties and the Maoists***, Asia Report 106, 28 November 2005

***Rebuilding the Afghan State: The European Union's Role***, Asia Report N°107, 30 November 2005

***Nepal: Electing Chaos***, Asia Report N°111, 31 January 2006

***Pakistan: Political Impact of the Earthquake***, Asia Briefing N°46, 15 March 2006

***Nepal's Crisis: Mobilising International Influence***, Asia Briefing N°49, 19 April 2006

***Nepal: From People Power to Peace?***, Asia Report N°115, 10 May 2006

***Afghanistan's New Legislature: Making Democracy Work***, Asia Report N°116, 15 May 2006

***India, Pakistan and Kashmir: Stabilising a Cold Peace***, Asia Briefing N°51, 15 June 2006

***Pakistan: the Worsening Conflict in Balochistan***, Asia Report N°119, 14 September 2006

***Bangladesh Today***, Asia Report N°121, 23 October 2006

***Countering Afghanistan's Insurgency: No Quick Fixes***, Asia Report N°123, 2 November 2006

***Sri Lanka: The Failure of the Peace Process***, Asia Report N°124, 28 November 2006

***Pakistan's Tribal Areas: Appeasing the Militants***, Asia Report N°125, 11 December 2006

***Nepal's Peace Agreement: Making it Work***, Asia Report Nº126, 15 December 2006

***Afghanistan's Endangered Compact***, Asia Briefing Nº59, 29 January 2007

## SOUTH EAST ASIA

***Indonesia Backgrounder: Jihad in Central Sulawesi***, Asia Report N°74, 3 February 2004

***Myanmar: Sanctions, Engagement or Another Way Forward?***, Asia Report N°78, 26 April 2004

***Indonesia: Violence Erupts Again in Ambon***, Asia Briefing N°32, 17 May 2004

***Southern Philippines Backgrounder: Terrorism and the Peace Process***, Asia Report N°80, 13 July 2004 (also available in Indonesian)

***Myanmar: Aid to the Border Areas***, Asia Report N°82, 9 September 2004

***Indonesia Backgrounder: Why Salafism and Terrorism Mostly Don't Mix***, Asia Report N°83, 13 September 2004

***Burma/Myanmar: Update on HIV/AIDS policy***, Asia Briefing Nº34, 16 December 2004

***Indonesia: Rethinking Internal Security Strategy***, Asia Report N°90, 20 December 2004

***Recycling Militants in Indonesia: Darul Islam and the Australian Embassy Bombing***, Asia Report N°92, 22 February 2005 (also available in Indonesian)

***Decentralisation and Conflict in Indonesia: The Mamasa Case***, Asia Briefing N°37, 3 May 2005

***Southern Thailand: Insurgency, Not Jihad***, Asia Report N°98, 18 May 2005 (also available in Thai)

***Aceh: A New Chance for Peace***, Asia Briefing N°40, 15 August 2005

***Weakening Indonesia's Mujahidin Networks: Lessons from Maluku and Poso***, Asia Report N°103, 13 October 2005 (also available in Indonesian)

***Thailand's Emergency Decree: No Solution***, Asia Report N°105, 18 November 2005 (also available in Thai)

***Aceh: So far, So Good***, Asia Update Briefing N°44, 13 December 2005 (also available in Indonesian)

***Philippines Terrorism: The Role of Militant Islamic Converts***, Asia Report Nº110, 19 December 2005

***Papua: The Dangers of Shutting Down Dialogue,*** Asia Briefing N°47, 23 March 2006 (also available in Indonesian)

***Aceh: Now for the Hard Part***, Asia Briefing N°48, 29 March 2006

***Managing Tensions on the Timor-Leste/Indonesia Border***, Asia Briefing N°50, 4 May 2006

***Terrorism in Indonesia: Noordin's Networks***, Asia Report N°114, 5 May 2006 (also available in Indonesian)

***Islamic Law and Criminal Justice in Aceh***, Asia Report N°117, 31 July 2006 (also available in Indonesian)

***Papua: Answers to Frequently Asked Questions***, Asia Briefing N°53, 5 September 2006

***Resolving Timor-Leste's Crisis***, Asia Report N°120, 10 October 2006

***Aceh's Local Elections: The Role of the Free Aceh Movement (GAM)***, Asia Briefing N°57, 29 November 2006

***Myanmar: New Threats to Humanitarian Aid***, Asia Briefing N°58, 8 December 2006

***Jihadism in Indonesia: Poso on the Edge***, Asia Report N°127, 24 January 2007

## OTHER REPORTS AND BRIEFINGS

For Crisis Group reports and briefing papers on:

- Asia
- Africa
- Europe
- Latin America and Caribbean
- Middle East and North Africa
- Thematic Issues
- *CrisisWatch*

please visit our website www.crisisgroup.org

# अनुसूची च
# इन्टरन्यासनल क्राइसिस ग्रुपका कार्यकारी बोर्डका सदस्यहरू

***Co-Chairs***

**Christopher Patten**
*Former European Commissioner for External Relations, Governor of Hong Kong and UK Cabinet Minister; Chancellor of Oxford University*

**Thomas Pickering**
*Former U.S. Ambassador to the UN, Russia, India, Israel, Jordan, El Salvador and Nigeria*

***President & CEO***

**Gareth Evans**
*Former Foreign Minister of Australia*

***Executive Committee***

**Cheryl Carolus**
*Former South African High Commissioner to the UK and Secretary General of the ANC*

**Maria Livanos Cattaui***
*Member of the Board of Directors, Petroplus Holding AG, Switzerland; former Secretary-General, International Chamber of Commerce*

**Yoichi Funabashi**
*Chief Diplomatic Correspondent & Columnist, The Asahi Shimbun, Japan*

**Frank Giustra**
*Chairman, Endeavour Financial, Canada*

**Stephen Solarz**
*Former U.S. Congressman*

**George Soros**
*Chairman, Open Society Institute*

**Pär Stenbäck**
*Former Foreign Minister of Finland*

**Vice-Chair*

**Morton Abramowitz**
*Former U.S. Assistant Secretary of State and Ambassador to Turkey*

**Adnan Abu-Odeh**
*Former Political Adviser to King Abdullah II and to King Hussein and Jordan Permanent Representative to the UN*

**Kenneth Adelman**
*Former U.S. Ambassador and Director of the Arms Control and Disarmament Agency*

**Ersin Arioglu**
*Member of Parliament, Turkey; Chairman Emeritus, Yapi Merkezi Group*

**Shlomo Ben-Ami**
*Former Foreign Minister of Israel*

**Lakhdar Brahimi**
*Former Special Adviser to the UN Secretary-General and Algerian Foreign Minister*

**Zbigniew Brzezinski**
*Former U.S. National Security Advisor to the President*

**Kim Campbell**
*Former Prime Minister of Canada; Secretary General, Club of Madrid*

**Naresh Chandra**
*Former Indian Cabinet Secretary and Ambassador of India to the U.S.*

**Joaquim Alberto Chissano**
*Former President of Mozambique*

**Victor Chu**
*Chairman, First Eastern Investment Group, Hong Kong*

**Wesley Clark**
*Former NATO Supreme Allied Commander, Europe*

**Pat Cox**
*Former President of European Parliament*

**Uffe Ellemann-Jensen**
*Former Foreign Minister of Denmark*

**Mark Eyskens**
*Former Prime Minister of Belgium*

**Joschka Fischer**
*Former Foreign Minister of Germany*

**Leslie H. Gelb**
*President Emeritus of Council on Foreign Relations, U.S.*

**Carla Hills**
*Former Secretary of Housing and U.S. Trade Representative*

**Lena Hjelm-Wallén**
*Former Deputy Prime Minister and Foreign Affairs Minister, Sweden*

**Swanee Hunt**
*Chair of Inclusive Security: Women Waging Peace; former U.S. Ambassador to Austria*

**Anwar Ibrahim**
*Former Deputy Prime Minister of Malaysia*

**Asma Jahangir**
*UN Special Rapporteur on the Freedom of Religion or Belief; Chairperson, Human Rights Commission of Pakistan*

**Nancy Kassebaum Baker**
*Former U.S. Senator*

**James V. Kimsey**
*Founder and Chairman Emeritus of America Online, Inc. (AOL)*

**Wim Kok**
*Former Prime Minister of Netherlands*

**Ricardo Lagos**
*Former President of Chile*

**Joanne Leedom-Ackerman**
*Novelist and journalist, U.S.*

**Ayo Obe**
*Chair of Steering Committee of World Movement for Democracy, Nigeria*

**Christine Ockrent**
*Journalist and author, France*

**Victor Pinchuk**
*Founder of Interpipe Scientific and Industrial Production Group*

**Samantha Power**
*Author and Professor, Kennedy School of Government, Harvard*

**Fidel V. Ramos**
*Former President of Philippines*

**Ghassan Salamé**
*Former Minister, Lebanon; Professor of International Relations, Paris*

**Douglas Schoen**
*Founding Partner of Penn, Schoen & Berland Associates, U.S.*

**Thorvald Stoltenberg**
*Former Foreign Minister of Norway*

**Ernesto Zedillo**
*Former President of Mexico; Director, Yale Center for the Study of Globalization*

## INTERNATIONAL ADVISORY COUNCIL

*Crisis Group's International Advisory Council comprises major individual and corporate donors who contribute their advice and experience to Crisis Group on a regular basis.*

Rita E. Hauser (Chair)

Elliott F. Kulick (Deputy Chair)

Marc Abramowitz
Anglo American PLC
APCO Worldwide Inc.
Ed Bachrach
Patrick E. Benzie
Stanley M. Bergman and Edward J. Bergman
BHP Billiton
Harry Bookey and Pamela Bass-Bookey
Carso Foundation
John Chapman Chester
Chevron
Citigroup
Companhia Vale do Rio Doce
Richard H. Cooper
Credit Suisse
John Ehara
Equinox Partners
Konrad Fischer
Alan Griffiths
Charlotte and Fred Hubbell
Iara Lee & George Gund III Foundation
Khaled Juffali
George Kellner
Shiv Vikram Khemka
Scott J. Lawlor
George Loening
McKinsey & Company
Najib A. Mikati
Donald Pels
PT Newmont Pacific Nusantara (Mr. Robert Humberson)
Michael L. Riordan
Tilleke & Gibbins
Baron Guy Ullens de Schooten
VIVATrust
Stanley Weiss
Westfield Group
Woodside Energy Ltd
Don Xia
Yapi Merkezi Construction and Industry Inc.
Yasuyo Yamazaki
Shinji Yazaki
Sunny Yoon

## SENIOR ADVISERS

*Crisis Group's Senior Advisers are former Board Members (not presently holding national government executive office) who maintain an association with Crisis Group, and whose advice and support are called on from time to time.*

Martti Ahtisaari *(Chairman Emeritus)*
Diego Arria
Paddy Ashdown
Zainab Bangura
Christoph Bertram
Jorge Castañeda
Alain Destexhe
Marika Fahlen
Stanley Fischer
Malcolm Fraser
Bronislaw Geremek
I.K. Gujral
Max Jakobson
Todung Mulya Lubis
Allan J. MacEachen
Barbara McDougall
Matthew McHugh
George J. Mitchell *(Chairman Emeritus)*
Surin Pitsuwan
Cyril Ramaphosa
George Robertson
Michel Rocard
Volker Ruehe
Mohamed Sahnoun
Salim A. Salim
William Taylor
Leo Tindemans
Ed van Thijn
Shirley Williams
Grigory Yavlinski
Uta Zap